नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार, भदौ १६, २०७५ | Saturday, September 1, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलागा ६ | वर्ष २४, अंक २३४ | पृष्ठ १२ | मूल्य रू १०/–

२ { बलिउडमा छोरा र भतिजावाद
५ { रक्षामन्त्री पोखरेल लेबनान र पोल्यान्ड जाँदै
७ { नाममात्रको ५० शय्याको अस्पताल
९ { भारतीय जंगलमा एक नेपालीको मृत्यु, २ बेपत्ता

# १८ बुँदे घोषणापत्र जारी गर्दै बिमस्टेक सम्मेलन सम्पन्न

## ऊर्जा सञ्जाल विस्तारको बाटो खुल्यो, कनेक्टिभिटीमा जोड

टीका बन्धन, काठमाडौं



वर्षौंदेखि चर्चामा रहेको क्षेत्रीय ऊर्जा सहकार्यलाई परिणामुखी बनाउन 'बिमस्टेक ग्रीड इन्टरकनेक्सन' सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्दै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक)को चौथो शिखर सम्मेलन सम्पन्न भएको छ।

ग्रीड सम्झौतासँगै नेपालमा उत्पादित विद्युत् अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्नका लागि बाटो खुला भएको छ। बंगलादेश र भारतसँग यसअघि नै विद्युत् खरिद सम्झौता भइसकेकाले अन्य मुलुकसँग पनि त्यस्तो सम्झौता गर्ने आधार चौथो सम्मेलनले तय गरेको छ। क्षेत्रीय एजेन्डा अन्य विषयमा प्रतिबद्धता जनाउँदै १८ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै चौथो सम्मेलन शुक्रबार समापन भएको छ। बिमस्टेक ऊर्जा केन्द्रलाई शीघ्र सञ्चालन गर्ने, बिमस्टेक कोष खडा गर्ने, बडापत्र, सचिवालयको संस्थागत सुदृढीकरण, कनेन्टिभिटीजस्ता पक्षलाई सम्मेलनले जोड दिएको छ। कोषका लागि आवश्यक पर्ने बजेटको विस्तृत र अनिवार्य मापदण्ड तय नभएकाले स्वयंसेवीरूपमा सदस्य राष्ट्रहरूले बजेट उपलब्ध गराउन सक्ने बताइएको छ। श्रीलंकामा आयोजना हुने पाँचौं सम्मेलनअगावै स्थायी कार्यसमितिले बडापत्रको मस्यौदा तयार गर्नेछ भने सो सम्मेलनले बडापत्र अनुमोदन गर्नेछ।

यातायात र सम्पर्क विस्तारसम्बन्धी गुरुयोजनालाई शीघ्र अनुमोदन गर्न सदस्य राष्ट्र सहमत भएका छन्। यातायात सम्पर्क विस्तार गर्न कार्यदल गठन हुने भएको छ। सडक, जल, रेलमार्ग, हवाई मार्गको विस्तृत खाका तयार गर्न छिट्टै कार्यदल गठन हुने परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले जानकारी दिनुभयो। व्यापार र लगानीबाटै क्षेत्रीय सहकार्यले प्रगति हासिल गर्नेबारेमा सहमत रहेका बिमस्टेक राष्ट्रबीचको स्वतन्त्र व्यापारसम्बन्धी सम्झौतालाई जतिसक्दो छिटो टुङ्ग्याउन प्रतिबद्धता जनाएका छन्।

संयुक्त राष्ट्रसंघको ढाँचामा सचिवालय सञ्चालनसँगै अन्य गतिविधि पारदर्शी बनाउन सबै सदस्य राष्ट्र सहमत भएका र अन्य क्षेत्रीय निकायसँग समन्वय र हातेमालो गर्दै बिमस्टेकका गतिविधि अघि बढ्ने मन्त्री ज्ञवालीले बताउनुभयो।

बिमस्टेकमा नेपालसहित बंगलादेश, भुटान, भारत, म्यानमार, श्रीलंका र थाइल्यान्ड सदस्य रहेका छन्। बिमस्टेकका विभिन्न १४ प्राथमिकता क्षेत्रलाई पुनः संरचना गर्न, एक आपसमा मिल्दो जुल्दा विषयलाई गाभ्दै प्राथमिकता क्षेत्र घटाउनेबारेमा काठमाडौं सम्मेलनमा छलफल भएको थियो। त्यसैगरी स्वतन्त्र व्यापार सम्झौताको टुङ्गो आगामी महिना बंगलादेशमा बस्ने बैठकले टुङ्गो लगाउने बताइएको छ।

सम्पर्क तथा सम्बन्ध विस्तार, व्यापार र लगानी, प्रतिआतंवाद तथा अन्तर्राष्ट्रिय अपराध नियन्त्रण, विपद् व्यवस्थापन, जलवायु परिवर्तन, प्रविधि, कृषि, मत्स्यपालन, जनस्वास्थ्यजस्ता विषयलाई परिणाममुखी बनाउन सम्मेलन केन्द्रित भएको छ।

यी विषय विगतदेखि नै बिमस्टेकका प्राथमिकता क्षेत्रमा रहेकाले नयाँ भने होइनन्। प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरले निम्त्याउने प्राकृतिक विपत्तिको सामना गर्न विज्ञ समूहले कार्ययोजना तयार गर्नेछ। सदस्य राष्ट्रको प्रवेशाज्ञालाई सरल बनाउन विज्ञ समूह गठन गर्ने र यस विषयको अन्तिम रूपरेखा तयार गर्न सम्मेलन सकारात्मक बनेको छ।

गरिबी यस क्षेत्रको ठूलो चुनौतीका रूपमा रहेको औंल्याएको सम्मेलनले सन् २०३० भित्र यसक्षेत्रबाट गरिबी अन्त्य गर्ने प्रतिबद्धता जनाउँदै एड्स, औलो, डेङ्गु क्षयरोग, भाइरल इन्फ्युएन्जाजस्ता स्वास्थ्य चुनौती चिर्न आवश्यक भएको ठहर गरेको छ। त्यसैगरी सम्मेलनले सदस्य राष्ट्रका सांसद, विश्वविद्यालय, प्राज्ञ, अनुसन्धान प्रतिष्ठान, सांस्कृतिक संगठन र मञ्च गठनमा सहमत जनाएको छ। भौतिक र जनजनको सम्बन्ध विस्तारको महत्त्वपूर्ण सूत्रका रूपमा 'बुद्धिस्ट सर्किट' स्थापनाका लागि सम्मेलनले प्रतिबद्धता जनाएको छ भने २ वर्षपछि नेपालमा आयोजना हुने बिमस्टेक पर्यटन सम्मेलनको स्वागत गरेको छ।

२ वर्षपछि भारतले आयोजना गर्ने अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन र आतंकवादको विरुद्ध भारतले केही महिनाभित्र आयोजना गर्ने सैन्य अभ्यासको तयारीबारे बिमस्टेक मुलुकको फरक मत नरहेको परराष्ट्र मन्त्री ज्ञवालीले बताउनुभयो। 'सैन्य अभ्यास कुनै पनि देशविरुद्ध लक्षित छैन, नेपाल पनि कुनै देशविरुद्धको गठबन्धनमा लाग्दैन', उहाँले भन्नुभयो- 'आतंकवाद साझा समस्या भएकाले संयुक्त अभ्यास आवश्यक छ।'

(क्रमशः पृष्ठ ९ मा)

### बागबजारमै सैन्य प्रशिक्षण

## सिंहदबार बेखबर !

काठमाडौं, (नेस)

'सिंहदरबार' राणाशासकहरूको विलासी निवास हो। राणाशासनको पतनसँगै यो निवास प्रजातान्त्रिक शक्तिको हातमा आयो। धन्न राणाशासकले आफ्नै विलासिता र सुखसयलका लागि बनाइदिएकाले २००७ सालदेखिका प्रत्येक सरकारका प्रमुख प्रशासनिक केन्द्र यही सिंहदरबार बन्दै आएको छ।

प्रजातान्त्रिक, पञ्चायती, लोकतान्त्रिकदेखि गणतान्त्रिककालका शासकले यही दरबार उपरखुट्टी लगाएर जनतामाथि लगाव लगाउँदै आउन पाएका छन्।

सिंहदबारकै नजिकै छ बागबजार। यसलाई निकै जनघनत्वको बजार मानिन्छ। तर मुलुकलाई पुनः युद्धमा धकेल्ने गरी आफ्नै छेउमा भएको सार्वजनिक महत्त्वको यती प्रशिक्षणबारे सिंहदरबार पत्तो पाउँदैन या पाएर पनि मौन छ।

विप्लवका जिल्लातहदेखि पोलिटब्युरो स्तर का नेता/कार्यकर्तालाई पक्राउ गरी राखिएकै अवस्थामा विप्लव नेतृत्वको नेकपाले भने दुई तिहाइको सिंहदरबारलाई ठाडै चुनौती दिएको छ आन्तरिकरूपमा फौजी दस्ता तयार पार्ने नीति अवलम्बन गरेर।

सरकारले आफ्नो पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवसहितका नेतालाई पक्रन सर्कुलर जारी गरेको र प्रवक्तासहित अन्य नेता कार्यकर्तामाथि धरपकड गरी सार्वजनिक अपराध, चन्दालगायतका मुद्दा लगाउन थालिएकाले विद्रोहका लागि फौजी कार्यदिशासहित अघि बढ्ने योजना बनाइएको सो पार्टीका नेता मिसनल बताए।

संसारमा कतिपय देशमा कम्युनिस्ट सरकारले नै कम्युनिस्टलाई सिध्याएको इतिहास रहेको र आफूहरूमाथि दमन गर्न थालिएकाले विद्रोह गर्नुको विकल्प नरहेको बताउँदै पूरा नाम नभन्ने सर्तमा ती नेताले *नेपाल समाचारपत्र*सँग भने- 'हाम्रो उद्देश्य एकीकृत जनक्रान्ति हो। यसका लागि विद्रोह अवश्य हुन्छ। खाली हातले विद्रोह नहुने भएकाले सैन्य दस्ता तयार पार्न लागिएको हो?'

उक्त पार्टीले संविधानसभा निर्वाचन र नयाँ संविधान लेखन स्थापित भएको वर्तमान राज्यव्यवस्थालाई पनि संसदीय व्यवस्थाको संज्ञा दिँदै यसको अन्त्यका लागि अर्को क्रान्ति अनिवार्य रहेको दाबी गरेको छ। त्यसलाई उक्त पार्टीले एकीकृत जनक्रान्ति नाम दिएको छ।

उक्त पार्टीको दस्तावेजमा शहरबाट गरिने जनविद्रोह वा गाउँबाट गरिने दीर्घकालीन जनयुद्धको कार्यदिशामात्र प्रयोग गरेर क्रान्ति सम्पन्न गर्न सम्भव नहुने जिकिर गर्दै एकीकृत जनक्रान्तिको कार्यदिशाबारे भनिएको छ- 'तसर्थ क्रान्तिकारीले आजको राजनीतिक विशेषता र अन्तरविरोधलाई पकडेर कार्यदिशाको विकास अनिवार्यरूपले गर्नैपर्थ्यो। हामीले सोही दृष्टिकोण र अध्ययनका आधारमा नेकपा (माओवादी) पुनर्गठन गरेपछि नेपाली राजनीतिक क्रान्तिको कार्यदिशालाई एकीकृत जनक्रान्तिमा संश्लेषण गरेका छौं।'

(क्रमशः पृष्ठ ९ मा)

## रेलमार्ग विस्तार गर्न भारतसँग सम्झौता

नेपाल समाचारपत्र
काठमाडौं

भारतको रक्सौल हुँदै काठमाडौं जोड्ने भनिएको विद्युतीय रेलमार्ग निर्माणसम्बन्धी इन्जिनियरिङ अध्ययन गर्न नेपाल-भारतबीच सम्झौता भएको छ।

प्रधानमन्त्री केपी शर्मा ओली र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा शुक्रबार सो सम्झौता भएको हो। विगतमा भएको सहमतिअनुसार भारतले रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न सहयोग गर्नेछ। गत चैतमा भएको ओलीको भारत भ्रमणका क्रममा दुवै मुलुकबीच यसबारेको सैद्धान्तिक सहमति भएको थियो।

यससम्बन्धी समझदारी पत्रमा नेपालका तर्फबाट भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव मधुसूदन अधिकारी र भारतीय राजदूत मञ्जीवसिंह पुरीले हस्ताक्षर गर्नुभएको छ। भारतीय पक्षले ३ महिना अघिदेखि रक्सौल-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन शुरु गरेको थियो, सो रेलमार्ग करिब १ सय १३ किलोमिटर लामो हुने अनुमान गरिएको छ।

यसैबीच प्रधानमन्त्री ओली र मोदीले गौशालामा निर्माण भएको धर्मशालाको संयुक्तरूपमा उद्घाटन गर्नुभएको छ। भारतीय पशुपति दर्शन गर्न आउने भारतीय र अन्य मुलुकका तीर्थालुको सुविधाका लागि भारतीय सहयोगमा निर्माण भएको हो। करिब २२ करोड रुपियाँ अनुदानमा निर्माण भएको धर्मशालामा सबै किसिमका सुविधासहित ४ सय बेड रहेका छन्।

धर्मशाला उद्घाटन गर्दै ओलीले पशुपतिनाथले नेपाल र भारतको सभ्यता र संस्कृतिलाई जोडेको उल्लेख गर्दै बागमती क्षेत्रको समग्र विकास सरकारको प्राथमिकतामा रहेको बताउनुभयो। पुर्खाहरूले ज्ञान विज्ञान अध्ययन अनुसन्धान गरेको पशुपति क्षेत्र विविध कारणले पछि परेकाले पुनः जागरण आवश्यक भएकोमा उहाँले जोड दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## अपरेसनसमेत बन्द गर्ने चिकित्सक संघको घुर्की

काठमाडौं, (नेस)

नयाँ मुलुकी अपराध संहिताको विषयलाई लिएर चिकित्सक संघले चरणबद्ध आन्दोलन घोषणा गरेको छ। संघले उक्त संहितामा चिकित्सकसँग सम्बन्धित प्रावधान हटाउन माग गर्दै सो ऐन संशोधन प्रक्रिया नथालिएकाले आन्दोलन घोषणा गर्नुपरेको दाबी गरेको छ।

भोलि आइतबार आकस्मिकबाहेकका सबै सेवा, १८ गते प्रशासनिक कार्य, १९ गतेदेखि आकस्मिकबाहेक अन्य अन्तरंग सेवामा बिरामी भर्ना, २० गतेदेखि आकस्मिकबाहेक अन्य अपरेसन, भदौ २१ गतेदेखि आकस्मिकबाहेक ल्याब तथा रेडियोलोजी सेवा र २२ गतेदेखि माग पूरा नभएसम्म आकस्मिकबाहेक सबै सेवा बन्द गर्ने संघका महासचिव डा. लोचन कार्कीद्वारा शुक्रबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

## 'ओम नमः शिवाय' भन्दै अस्ताए रिमाल

विदुर गिरी, काठमाडौं



रेडियो नेपालका प्रथम गायक, अग्रणी रंगकर्मी तथा अभिनेता हरिप्रसाद रिमाल घर परिवारका साथ 'अब म जान्छु' भन्दै ९३ वर्षको उमेरमा संसारबाट अस्ताउनुभएको छ।

बिहीबार राती ८ बजे नै परिवारसँग 'अब म जान्छु' भनेर निधनको संकेत गर्नुभएका रिमालले शुक्रबार बिहान १ बजेर ७ मिनेटमा निवासमै अन्तिम श्वास फेर्नुभएको थियो। 'म उहाँलाई भेट्न गएको थिएँ। स्थिति खराब भएको पाएपछि त्यहीँ बसेँ। बेलुका ८ बजेतिर आज म जान्छु भन्नु थाल्नुभयो। कल्याणी माँ (रिमाल पत्नी)ले कहाँ जाने भन्दा हैन अब म जान्छु भन्दै 'ओम नम शिवाय, ओम नम शिवाय' भन्न थाल्नुभयो। बिहान त उहाँ गइछाड्नुभयो।' -रिमालका शिष्य रंगकर्मी सम्राट सापकोटाले *नेपाल समाचारपत्र*सँगको कुराकानीमा बताउनुभयो।

निधनपछि अन्तिम श्रद्धाञ्जलीका लागि रिमालको पार्थिव शरीरलाई बिहान ११ बजेसम्म बानेश्वरस्थित निवासमा राखिएको थियो भने पशुपति आर्यघाटमा पनि केही समय अन्तिम श्रद्धाञ्जली अर्पण गरिएको थियो। सवा १२ बजेतिर राजकीय सम्मानका साथ शुरू भएको अन्तिम संस्कार कार्यमा उहाँका जेठा छोरा अरुण रिमालले दागबत्ती दिनुभएको थियो। अमेरिका रहँदै आउनुभएका अरुण केही दिनअघि मात्रै नेपाल आउनुभएको थियो।

रिमालको परिवारमा श्रीमती रेडियो कार्यक्रम उद्घोषिका कल्याणी रिमाल तथा २ छोरा र २ छोरी छन्। अमेरिकामा रहेका अर्का छोरा पनि पिताको निधनको खबर पाएपछि फर्कँदै हुनुहुन्छ। स्व. रिमाल १२/१५ वर्षदेखि दमका कारण अक्सिजनको सहारामा जीवन बिताउँदै आउनुभएको थियो। गहिरो दमका कारण जहाँ जाँदा पनि अक्सिजन प्रयोग गर्ने गर्नुहुन्थ्यो।

रिमाल कुशल गायकसँगै प्रतिभाशाली रंगकर्मी र अभिनेतासमेत रहनुभएको थियो। उहाँ सुरिलो स्वरमा गीत गाउन माहिर हुनुहुन्थ्यो भने सशक्त अभिनय प्रतिभाका लागि पनि उत्तिकै पोख्त हुनुहुन्थ्यो।

(क्रमशः पृष्ठ ९ मा)


# महानगर

> अहिलेका हामी अभिभावकले बालबालिकालाई दिनुपर्ने समय बालबालिकालाई नदिएर पैसाका लागि दिइरहेका छौं। खासमा यो तीनै बालबालिकाको भविष्य निर्माण गर्न उनीहरूको पालनपोषण शिक्षादीक्षालगायतका लागि नै गरेको पनि हो।

# बलिउडमा छोरा र भतिजावाद

रश्मी थापा

भाइ, छोरा र भतिजावाद हरेक स्थानमा देख्न पाइन्छ, चाहे त्यो राजनीतिमा होस् या खेल क्षेत्रमा। न त फिल्म उद्योगमा नै। हरेक व्यक्ति आफ्ना मान्छेलाई अगाडि बढाउन लागिपरेका हुन्छन्। यही मेसोमा बी टाउन (बलिउड) को कुरा गर्ने हो भने त्यहाँ पनि भाइ भतिजावादको हाबी छ। बलिउडमा को–को अभिनेता तथा अभिनेतृले आफ्ना छोराछोरीलाई मौका दिएर उच्च स्थानमा पुर्‍याएका छन्? हेरौं :



## ऋतिक रोशनलाई पिताको कृपा

बलिउडका सुपर हिरो ऋतिक रोशनले सन् २००० मा बलिउडमा डेब्यु गरेका हुन्। उनलाई अभिनेता पिता राकेश रोशनले *कहोना प्यार है*बाट ब्रेक दिएका थिए। ब्लक बस्टर सावित फिल्म संसारभर हिट भयो। जुन फिल्मबाट ऋतिक रातारात वर्ल्डवाइड स्टार बनेका थिए।



## कपुरको शृंखला ऋषि कपुर

अब कुरा गरौं बलिउडका कपुर परिवारको। कपुर परिवारमा सबैभन्दा पहिले पृथ्वीराज कपुरले फिल्म उद्योगमा पाइला राखेका थिए। त्यसपछि उनका जेठा छोरा राज कपुर तथा राज कपुरले आफ्ना छोरा ऋषि कपुरलाई फिल्म *बबी*बाट बलिउडमा लन्च गराएका थिए। फिल्म *बबी*ले बक्स अफिसमा तहल्का मच्चाएको थियो।

## राजीव कपुरको जिम्मेदार राज कपुर

बलिउड अभिनेता राज कपुरले आफ्ना कान्छा छोरा राजीव कपुरलाई फिल्म *जिम्मेदार*बाट बलिउडमा डेब्यु गराएका हुन्, तर राजीवको फिल्मी करिअर निकै छोटो रह्यो। उनको फिल्म *राम तेरी गंगा मैली*ले बक्स अफिसमा केही रेकर्ड तोडेको थियो। मानिसले उक्त फिल्म निकै रूचाएका थिए।

## छोरालाई आनन्द दिन सकेनन् देवानन्दले

बलिउडका मेगास्टार देव आनन्दले आफ्ना छोरा सुनिल आनन्दलाई फिल्म *आनन्द और आनन्द*बाट फिल्ममा उतारेका थिए, तर फिल्मले कुनै खास कमाल भने गर्न सकेन।

## बाबुको आशीर्वादबाट रकी बने सञ्जय दत्त

बलिउड बाबा अर्थात् सञ्जय दत्तलाई पनि उनका पिता तथा अभिनेता सुनिल दत्तले बलिउडमा ब्रेक दिएका थिए। उनले फिल्म *रकी*बाट बलिउडमा करिअर शुरू गरेको थिए। जुन फिल्मका निर्देशक उनका पिता सुनिल थिए। उक्त फिल्म ब्लकबस्टर भएपछि उनी सफल अभिनेता ठहरिए।





## पूजालाई पनि पिताकै तथास्तु

बलिउड नायिका पूजा भट्टलाई फिल्ममा ल्याउने श्रेय उनका पिता महेश भट्टलाई जान्छ। पूजाले सुपरहिट फिल्म *ड्याडी*बाट बलिउडको यात्रा तय गरेकी थिइन्।



## फिरोजले पत्याए पनि तहल्का मच्चाउन सकेनन् फरदिन खानले

सन् १९९८ बाट आफ्नो फिल्मी करिअर शुरू गरेका अभिनेता फरदिन खानलाई पनि उनका अभिनेता पिता फिरोज खानले बलिउडमा चान्स दिएका हुन्। फिल्म *प्रेम अगन*बाट बलिउडमा डेब्यु गरेका फरदिन खानको उक्त फिल्मले बक्स अफिसमा राम्रो कमाइ गर्‍यो, तर यसपछि उनका फिल्मले तहल्का मच्चाएनन्।



## ईशालाई आमाको आशीर्वाद

बलिउड अभिनेतृ हेमा मालिनीले आफ्नी छोरीलाई फिल्म *टेल मी ओ खुदा*बाट बलिउड डेब्यु गराइन्, तर उनको बलिउड डेब्यु फ्लप सावित भयो। नायक शाहरूख खानलाई फिल्ममा ल्याउने श्रेय पनि हेमालाई नै जान्छ। उनले शाहरूखलाई लिएर फिल्म *दिल आशना है* निर्देशन गरेकी थिइन्।




"म त नाच्ने हो"

| DATE | ASSOCIATIES | PROGRAM | DAY / TIME |
|---|---|---|---|
| 6st September | Tika Prasain [Lyrics, Compose & Vocal] Amrita Nepal [Lyrics] | Fresh Hits | Thurs [7-8 pm] |
| 10th September | Tika Prasain [Vocal, Lyrics & Music] | Selected Pop | Mon [4-5 pm] |
| 15th September | Aadesh Gurmachhan [Recordist & Arranger] | CTRL+C | Sat [7-8 pm] |

FROM 1ST SEPT 2018

Tune in to TIMES FM 90. 6 MHz SATURDAY (2-3pm) for exclusive talks with the entire team.

times FM 90.6 MHz
90.6
Only tune on

# किन रिसाउँछन् बालबालिका?

रबिन घिमिरे
rabinghimire7@gmail.com

कुनै न कुनै बाहनामा हाम्रा बालबालिका रिसाउने गरेको हामी पाउँछौं। कहिले यो चाहियो कहिले त्यो चाहियो, कहिले यो खान्छु त्यो खान्न, यो लाउँछु, त्यो खेल्छु, त्यहाँ जान्छु आदि-आदि बाहनामा, तर कसैले पनि किन बालबालिका रिसाउँछन् भन्ने कुरामा वास्ता गरिँदैन। बरू उल्टै रिसाएका बेला गाली गर्ने, पिट्ने, झपार्ने, सिस्नो लगाउने, कोठमा थुन्ने र नांगै बनाउने गरेर अभिभावकत्त्वको अहमता देखाउँछौं। यदि हामी असल र सफल अभिभावक हौं भने उनीहरू किन रिसाउँछन् भन्ने कुरा पनि जान्नु आवश्यक छ।

बालबालिकामा रिसको प्रवृत्ति उनीहरूको उमेरअनुसार परिवर्तन हुँदै जान्छ। सन् २०१४ मा इन्डियन जर्नल साइकोलोजिकल मेडिसिनमा प्रकाशित एक अध्ययनले किशोरहरूमा किशोरीहरूको तुलनामा बढी रिस देखिने जनाएको छ। उक्त अध्ययनले सहभागी उमेर १६ देखि १९ वर्षका किशोरमा बढी रिस देखिएको जनाएको छ। स-साना बालबालिका त आफूले भनेको चीज नपाएमा, अभिभावकको माया नपाएमा बढी रिसाउने गर्छन्। त्यसमा पनि खासगरी टिनएजरहरू अत्यन्तै बढी रिसाउने गर्छन्। १३ वर्षदेखि १९ वर्षसम्मको उमेरलाई टिनएज भनिन्छ। यो यौवनावस्था र किशोरावस्थाको समय हो। यतिबेला उनीहरूमा शारीरिक र मानसिक, संवेगात्मक विकास तीव्र रूपमा भइरहेको हुन्छ। शरीरमा पनि तीव्र परिवर्तन हुन्छ। त्यसकारण स्वाभाविक नै उनीहरूमा परिवर्तन आउने हुँदा अभिभावक घरपरिवारका सदस्यका कुरामा ध्यान नदिने गरेको पाइन्छ।

हर्मोनको विकासले उनीहरूको मन मस्तिष्कमा हलचल मच्चाइरहेको हुन्छ। स-सानो कुरामा पनि उनीहरूले अप्रत्याशित व्यवहार देखाउँछन्। किशोर किशोरीको संवेगात्मक विकासले गर्दा उनीहरूले फरक व्यवहार देखाउँछन्। आवेगमा रिसाएर कतिपयले अरूलाई आक्रमण गर्ने, सामान फुटाउने, घर छोडेर हिँड्नेजस्ता व्यवहार देखाउँछन्, तर अभिभावकले भने उनीहरूको मनोविज्ञान नबुझी आफ्ना छोराछोरीमाथि हस्तक्षेप गर्न खोज्दा उनीहरू झन् रिसाउने झर्किने गर्छन्। हुन त अभिभाकलाई छोराछोरीप्रति माया नहुने होइन। आफ्नो मुटुको टुक्रा नै सम्झेर माया गर्दागर्दै आफ्ना छोराछोरीले गलत बाटो समात्लान् भन्ने कुराले पनि अभिभावक सधैं चिन्तित हुन्छन्। त्यसैले बालबालिकाका कुरामा अभिभावकले हस्तक्षेप गरिरहेका हुन्छन्, तर पनि बालबालिका अभिभावकले आफ्ना लागि सही भनेका हुन् भन्ने नबुझी आफ्नो व्यवहार मन नपराएर गाली गरेको सम्झिई रिसाउने गर्छन्।

बालबालिका रिसाउनुमा आमाबाबुको सम्बन्ध र व्यवहार साथै सम्पूर्ण पारिवारिक व्यवहारले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। कतिपय आमाबाबु आफू-आफूमै झगडा गर्ने, कराउने, रिसाउने गर्नाले पनि बालबालिकाले अभिभावकबाट रिसाउन झगडा गर्न सिक्छन्। अभिभावकले छोराछोरीको मनोविज्ञान, शारीरिक अवस्था, रूचि र आवश्यकतालाई बुझ्नु अति आवश्यक हुन्छ। जिम्मेवार आमाबाबुले आफ्ना छोराछोरीको इच्छा र आवश्यकतालाई बुझ्न नसक्दा परिवारमा पारिवारिक बेमेल, वैमनश्यता आउने र अझ टिनएजरहरूले स्वनिर्णयले काम गर्दा कतिपय पारिवारिक घटनासमेत हुने गरेको छ, तर अहिलेका हामी अभिभावकले बालबालिकालाई दिनुपर्ने समय बालबालिकालाई नदिएर पैसाका लागि दिइरहेका छौं। खासमा यो तीनै बालबालिकाको भविष्य निर्माण गर्न उनीहरूको पालनपोषण शिक्षादीक्षालगायतका लागि नै गरेको पनि हो। किनकि बालबालिकाकासँग समय बिताएर मात्र पनि आम्दानी हुँदैन, तर पनि हामीले अलिकति समय बालबालिकाको आवश्यकता, इच्छा र मनोरञ्जन आदिका लागि छुट्यायौं भने उनीहरूमा मायाको कमी हुँदैन। मायाको कमी नभएपछि उनीहरू आफैं समझदार बन्दै जान्छन्। उनीहरूको आवश्यकता पूरा गर्दै जाने हो भने उनीहरूमा नकारात्मक सोचाइको विकास हुँदैन। हामीले उनीहरूसँग हाँस्ने, खेल्ने, कुराकानी गर्ने समयको व्यवस्थापन गर्नुपर्छ। यसले गर्दा उनीहरू अभिभावकसँग हेलमेल हुन्छन् र मनको कुरा खुलेर बताउन सक्छन्।



टिनएजरहरूले अभिभावकलाई आफ्नो शारीरिक, मानसिक र संवेगात्मक परिवर्तन साथै विपरीत लिंगीप्रतिको आकर्षणजस्ता कुरा बताउन अप्ठ्यारो मान्छन् र मनमै लुकाउने प्रयास गर्छन्। जसले गर्दा उनीहरूमा अतिरिक्त मानसिक भार परिरहेको हुन्छ। यस्तो अवस्थामा अभिभावकले बच्चालाई सहज वातावरण बनाइदिनुपर्छ, ताकि उनीहरू खुलेर सबै कुरा गर्न सकून्, तर यसो नहुँदा बालबालिकाले आफ्ना कुरा साथीभाइसँग बढी बताउने गर्छन्। भनिन्छ संगत गुनाको फल। त्यसकै कारण आफूले संगत गरेका साथीको निर्णयलाई राम्रो होस् या नराम्रो, उनीहरूले त्यसैअनुसारको काम गर्ने तर अभिभावकको कुरा नसुन्ने भएकाले पनि कतिपय समस्या आउने हुन्छ। अभिभावकलाई आफ्ना कुरा बताउन नसक्नु र अभिभावकले पनि उनीहरूका कुरा बुझ्न नसक्दा किशोरकिशोरी तथा बालबालिकाहरू रिसाएको स्वभाव देखाएका हुन्छन्।

हामी अभिभावकले सधैं आफ्ना बालबालिका बिग्रेलान् भनेर नै उनीहरूका नराम्रा कुरामा बढी चासो दिन्छौं, तर बालबालिकाले नराम्रो कुराप्रति हस्तक्षेप गरेको मन पराउँदैनन्। त्यसकारण हामीले उनीहरूका सानो-सानो कुरामा पनि खुसी व्यक्त गर्ने र उनीहरूप्रति सकारात्मक व्यवहार देखाउने गर्नुपर्छ। उनीहरूले गरेका राम्रा काम पनि बुझेर राम्रा कामको तारिफ गर्नुपर्छ। बरू उनीहरूको साथीसर्कल कस्तो छ भन्ने बुझेर उनीहरूका व्यवहार सच्याउनुपर्ने भएमा साथीमार्फत नै सकारात्मक मार्गदर्शन दिएर बानीमा परिवर्तन ल्याउन सकिन्छ।

वास्तवमा किशोरावस्थाका बालबालिकालाई खेलकुद, संगीत र साहित्यजस्ता अतिरिक्त गतिविधिमा व्यस्त राख्ने प्रयास गर्नुपर्छ। यसबाट उनीहरूमा शारीरिक, मानसिक क्षमता विकास हुनुका साथै अनुशासन, संघर्ष, मेहेनत गर्न सिक्छन्। जसले गर्दा नराम्रो काम र सोचाइमा उनीहरूको ध्यान जाँदैन। यदि उनीहरू रिसाइहाले भने पनि उनीहरूलाई गाली गर्ने, कुट्नेभन्दा पनि किन रिसाए भन्ने कुरा बुझेर उनीहरूको रिसलाई शान्त पार्ने काम गर्नुपर्छ। उनीहरूका समस्या के कस्ता छन् भन्ने कुरा बुझेर समस्याको समाधानतर्फ लागेमा रिसाउने बानीको अन्त्य गर्न सकिन्छ। रिसाउने बानीको अन्त्य भयो भने बालबालिकाको जीवन सफल बनाउन सकिन्छ। जसबाट आफ्नो परिवारिक जीवन पनि सुखी, शान्त र सफल बन्छ।



## अन्तिम बिदाइ

नेपाली रंगकर्मका धरोहर आदरणीय हरिप्रसाद रिमालको अन्तिम बिदाइ। एउटा युगको अन्त्य भयो आज। नेपाली रंगकर्मको इतिहासले कहिल्यै बिर्सने छैन उहाँको योगदानलाई। नमन हरिप्रसाद दाइ। आत्मालाई शान्ति मिलोस्।
-अशेष मल्ल, रंगकर्मी

PAGE 3

## हार्दिक श्रद्धाञ्जलि

'अभिनय गर्दा पहिले तिम्रो आँखा बोल्नुपर्छ' भनेर मलाई पहिलो पटक सम्झाउने, नाट्य धरोहर हरिप्रसाद रिमाल गुरुप्रति हार्दिक श्रद्धाञ्जलि।
-सारंगा श्रेष्ठ



# गायनदेखि अभिनयसम्म फैलिएका थिए रिमाल



**८३** वर्षको उमेरमा शुक्रबार बिहान १ बजेर ७ मिनेटमा अन्तिम श्वास फेरेका रेडियो नेपालका प्रथम गायक, रंगकर्मी तथा अभिनेता हरिप्रसाद रिमालको योगदान गायनदेखि नेपाली रंगमञ्च, रेडियो नाटक तथा फिल्मी अभिनयसम्ममा अवस्मरणीयरूपमा फैलिएको छ। १९८२ साल आश्विन ३ गते शुक्रबार पूर्णिमाको दिन पिता घनश्याम रिमाल र माता मोहनकुमारी रिमालका सुपुत्रका रूपमा काठमाडौंको लगनटोलमा जन्मिएका उनले १९९६ सालमा १४ वर्षकै उमेरमा महान् नाटककार स्व. बालकृष्ण समद्वारा लिखित नाटक *मुकुन्द इन्दिरा*मा अभिनय गरी नाट्य यात्रा शुरू गरेका थिए। अभिनय यात्राको प्रारम्भिक चरणमै उनले स्व. समद्वारा निर्देशित *भीमसेन थापाको अन्त्य, ऊ मरेकी छैन, भक्त भानुभक्त, अन्धवेग, प्रह्लाद*जस्ता अवस्मरणीय नाटकमा सशक्त एवं जीवन्त अभिनय गरेका थिए।

रिमालले २०२२ सालमा प्रदर्शित नेपालमै छायांकन गरिएको पहिलो फिल्म *आमा*मा तत्कालीन शासन व्यवस्थाअन्तर्गतको प्रधानपञ्चको चरित्रमा अभिनय गरी प्रथमपटक फिल्ममा आफ्नो कला कुशतला प्रदर्शन गरेका थिए। उनले *आमा*पश्चात् *हिजो आज भोलि, परिवर्तन, मनको बाँध, के घर के डेरा, सिन्दुर, पिरती, सन्तान*सँगै अन्य फिल्ममा समेत सशक्त अभिनय गरेका छन्।

२००७ सालमा रेडियो नेपालबाट प्रसारण गरिएको पहिलो गीत *मेरो दिल टुक्रा बनेर एक दिन आँखाको बाटो बहनेछ* गाएका उनले रेडियो नेपालकै प्रथम गायकका रूपमा समेत ऐतिहासिक स्थान निर्माण गरेका छन्। उनले गाएका *बिनाबादल असिना पर्दैन माया लाग्छ बोलाउन सक्दिन, फगत एक नजरमा कसैले हियो मन, पवनले फूललाई केही भन्यो कि, न त सम्झनु न त बिर्सनु*जस्ता गीत कालजयी बनेर अहिलेसम्म पनि नेपालीको जिब्रोमा झुन्डिएका छन्। ४० वर्षसम्म रेडियो नेपालमा सेवा गर्ने क्रममा उनले २ सयभन्दा बढी गीत गाएका छन् भने त्यति नै संख्यामा रेडियो नाटकको निर्देशनसमेत गरेका छन्। कुशल गायक, त्यति नै क्षमतावान् अभिनेता एवं रेडियो नाटकका लोकप्रिय निर्देशक रिमालले २०३४ सालदेखि सांस्कृतिक संस्थानमा रंगमञ्चको नाटक निर्देशक पद सम्हालेर नाट्य क्षेत्रमा थप सेवा गरे। रेडियो नेपालमै छँदा २०14 सालमा उनको विवाह समाचारवाचिका कल्याणी रिमालसित भएको थियो।

सांस्कृतिक संस्थानमा नाट्य निर्देशक छँदा रिमालले प्रशस्त नाटकको निर्देशन गरेका थिए भने रंगमञ्चको क्षेत्रमा अनगिन्ती कलाकार एवं नाटक निर्देशक उत्पादन गरेर यो क्षेत्रलाई ऋणी बनाएका छन्। उनको प्रशिक्षण र साथका कारण रंगमञ्चका प्रतिभाशाली जनशक्तिको अभिवृद्धि सम्भव भएको छ। महिला कलाकारले रंगमञ्चमा अभिनय गर्ने अनुमति नपाएको राणाकालमा रिमालले २००७ सालअघि नै राणा प्रधानमन्त्री पद्म शमशेरसँगत विशेष अनुमति लिएर सर्वप्रथम बुद्धिमाया महर्जनलाई नाटकमा खेल्ने तारतम्य मिलाई महिला कलाकारले पनि नाटकमा भाग लिन सक्ने आम चलन चलाइदिएका थिए। आफैंले नेवारी तथा नेपाली नाटक लेखेर निर्देशन गर्ने विशिष्ट क्षमताका धनी ऐतिहासिक व्यक्तित्त्व रिमालले ६ दशक लामो समयसम्म निरन्तररूपमा कला र संगीत क्षेत्रको सेवा गरेका थिए।

## सन्तोष र तैयवदेखि वर्षासम्मको
# रोमाञ्चक राधा पियारी



संगीतकार शम्भुजित बास्कोटाले लामो समयपछि स्वर दिएको फिल्म *चौका दाउ*को पहिलो गीत *राधा पियारी* शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रमबीच रिलिज भएको छ। शम्भुजित बास्कोटाको कथा र संगीत रहेको फिल्मका सार्वजनिक गीतमा स्वर शम्भुजित बास्कोटा र कोमल भण्डारीको रहेको छ।

बास्कोटाका संगीतकार पुत्र सौर्यजित बास्कोटा र मनोजराज भण्डारीको निर्माण रहेको फिल्मको गीतमा लामो समयपछि अभिनयमा फर्किएका हास्यकलाकार सन्तोष पन्त र तैयव शाहदेखि वर्षा राउत, रवीन्द्र झा, विल्सनविक्रम राई र अजर्स ढुंगानालाई रोमाञ्चकरूपमा प्रस्तुत गरिएको छ। भिडियोमा भीमफेंदी गाइजको रोचक कोरियोग्राफी रहेको छ। कार्यक्रममा बोल्दै शम्भुजित बास्कोटाले गीत अलग किसिमको बनेको बताए। 'गीत राम्रो बनेसँगै यो गीतमा भीमफेंदी गाइज समूहको उत्कृष्ट नृत्य छ। भाइहरूको प्रतिभा देखेर आउनुस् गीतमा काम गर्नुस् भनेर मैले नै बोलाएर उहाँहरूलाई नचाएको हुँ' -उनले भने। निर्देशक पूर्णेन्द्र झाले फिल्म सामाजिक राजनीतिक परिवेशमा बनेको बताए। 'कमेडी जनरामा बनेको फिल्म रोमान्टिक छ। सोसल पोलिटिकल सेटअपमा बनेको यो फिल्ममा निर्देशन गर्न पाउँदा निकै राम्रो लागेको छ' -उनले भने।



कार्यक्रममा प्रमुख अतिथि हास्यव्यंग्य अभिनेता हरिवशं आचार्यले *चौका दाउ*को गीत निकै राम्रो भएको चर्चा गर्दै लामो समयदेखि फिल्मी संगीतमा एकछत्र राज गरेका संगीतकार बास्कोटालाई आफूहरूले बनाइरहेको फिल्म *दाल भात तरकारी*को संगीतको जिम्मा दिएको बताए। 'हाम्रो फिल्म *तँ त साह्रै बिग्रिस नि बद्री, जे भो राम्रै भो*मा पनि उहाँले नै संगीत गर्नुभएको थियो। उहाँको संगीतको कारणले फिल्मलाई निकै फाइदा भयो। उहाँ फिल्म निर्माणमा पनि आउनु भएकोमा खुसी लाग्यो', हरिवंशको भनाइ थियो- 'यो फिल्म पनि राम्रो हुनेछ भन्ने विश्वास छ।' हास्यकलाकार किरण केसीले फिल्मको गीत र सन्तोष पन्त तथा तैयव शाहको नृत्य निकै राम्रो लागेको बताए। 'अहिले एउटै किसिमको गीत सुनिरहेका हुन्छौं, यो भने अलगखालको छ' -उनले भने। गायिका कोमल राजभण्डारीले आफ्नै संगीतमा विभिन्न गीत गाए पनि शम्भुजित बास्कोटाको संगीतमा उनीसँगै गीत गाउँदा निकै रमाइलो र खुसीको अनुभव भएको बताइन्।

भीमफेंदी गाइजले शम्भुजित बास्कोटाले गाएको गीतमा अभिनय र कोरियोग्राफी गर्न पाउँदा आफूहरूलाई प्लस प्वाइन्ट भएको जनाएको छ। फिल्म *ए मेरो हजुर-टु*मा सहअभिनेताको रूपमा खेलेका अजर्स ढुंगाना *चौका दाउ*बाट नायकका रूपमा डेब्यु गरेका हुन् भने फिल्मका अन्य कलाकारमा सुनिता श्रेष्ठ ठाकुर, निर्मल शर्मा, मोनीका केसी, शिवशंकर रिजाल 'जोगीन्दर', बालकलाकार सागर सिग्देललगायतको अभिनय देख्न सकिन्छ।

आगामी कात्तिक ९ गते अल नेपाल रिलिज हुने फिल्ममा अभिमन्यु निरवीको पटकथा तथा संवाद, श्रीपुरुष ढकाल र दयाराम पाण्डेका गीत रोशन श्रेष्ठको द्वन्द्व, दीर्घ गुरुङको छायांकन र मित्रदेव गुरुङको सम्पादन रहेको छ।




लाखौं पाठकको प्रिय कामना

गाईजात्रा विशेष अंक

यस अंकका आकर्षण

- मार्क जुकरबर्गलाई केदार घिमिरे माग्ने बूढाको चिठ्ठी
- मनोज गजुरेलको गजुरीयल डट कम
- गाउँले बलदेवको भट्टी भागवत
- विजयरत्नको बक्स अफिस
- कपिल काफ्लेको लोकतान्त्रिक गाली
- शिवहरि पौडेलको नेता जात्रा मनाउने प्रस्ताव
- जितु नेपालको दोहोरी
- विल्सनविक्रम राई तक्मे बूढाको मायाले नथाम्ने संसार
- पेशल आचार्यको नकचरो सरकार
- प्रेम वली ढलकपुरेको पार्टी र ठोक्तकलगायत पढ्नैपर्ने दर्जनौं तीखा, हसिला र पेचिला व्यंग्य लेख, कविता र चुटकिलाहरू।

साथमा कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, उत्तम नेपाल, केशव खनाल, राजमान महर्जन, सानुराज डंगोल र पदम घलेका कुतकुत्याउँदा व्यंग्यचित्र।



# साहित्य

आजको लागि र सदाको लागि पनि सबभन्दा ठूलो मित्र राम्रो पुस्तक हो।
– टपर

अनुकूल वातावरण नहुनु र प्रतिकूल परिवेश हुनु मानिसको लागि दुःखको कारण हो।
– अज्ञात

# व्याकुल व्यक्ति होइन, व्यक्तित्व हो

ज्ञानेन्द्र गदाल

नेपाली साहित्यका एक सिद्धहस्त लेखक, नेपाली पत्रकारिता जगत्का एक व्यावसायिक एवं सिर्जनशील पत्रकार अर्थात् समग्र नेपाली वाङ्मयका एक अथक साधक हुन् व्याकुल पाठक। वि.सं. २०२९ सालमा नुवाकोटमा जन्मिएका व्याकुलको औपचारिक नाम यादवराज पाठक हो। जीवनका साढे चार दशक उमेर पार गरिसकेका उनै यादवराज पाठक अढाइ दशकभन्दा बढी समयदेखि नेपाली भाषा-साहित्य र पत्रकारिताको सेवामा व्याकुल पाठकका नामले सुपरिचित छन्, समर्पित छन्। स्कुले जीवनदेखि नै लेखन कार्य थालेका उनले लेखनलाई नै पेसा बनाए। लेखनबाट आर्थिक उपार्जन सन्तोषजनक नहुने ज्ञान हुँदाहुँदै पनि उनले लेखनलाई नै सधैं अँगालिरहे। लेखन छाडेर अन्य क्षेत्रमा पाइला चाल्ने सोच उनले कहिल्यै गरेनन्। चाहे साहित्यका माध्यमबाट होस् अथवा पत्रकारितामार्फत उनले अक्षरकै खेती र गोडमेलमा आफूलाई समर्पित गरिरहेका छन्।

वि.सं. २०५२ देखि कामना न्युज पब्लिकेसन्स प्रालिद्वारा प्रकाशित राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा समाचार सम्पादकको रूपमा प्रवेश गरेका व्याकुल पाठकले १७ वर्षसम्म त्यहीं रहेर काम गरे। जीवनका उर्वर युवा उमेर उक्त प्रकाशन गृहमा बिताएका उनले त्यस क्रममा केवल राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा मात्र सीमित नरही उक्त पब्लिकेसन्सकै खोजमूलक मासिक पत्रिका 'साधना'मा पनि सहसम्पादकका रूपमा रही खोजमूलक समाचारहरू लेख्नमा सक्रिय रहे। उनले साधनामा लेखेका केही खोजमूलक समाचारहरू नेपाली खोज पत्रकारिताका क्षेत्रमा कोसेढुंगाका रूपमा रहेका छन्।

उनले नेपाल समाचारपत्रमा लामो समयसम्म साहित्यिक स्तम्भ लेखन पनि गरे। हरेक हप्ता नेपाल समाचारपत्रमा प्रकाशित हुने उनको स्तम्भ साहित्यिक जगत्मा चर्चित हुने गरेको थियो। उनी एक सिद्धहस्त साहित्यिक परिशिष्टांक संयोजक पनि हुन्। उनले नेपाल समाचारपत्रमा सबै स्तरका साहित्यकारका रचनालाई स्थान दिएर उनीहरूको योगदानको कदर गर्नमा कुनै कन्जुस्याइँ गरेनन्। कामना पब्लिकेसन्सकै अर्को मासिक प्रकाशन 'कामना'मा पनि उनले नियमित रूपमा कला, सिनेमा तथा संगीतसम्बन्धी लेखहरू लेखेका थिए।

कामना पब्लिकेसन्समा आबद्ध हुनुअघि पाठक नेपालीपत्र साप्ताहिकमा संवाददाताका रूपमा आबद्ध थिए। उनको पत्रकारिताको शुरूवात यसै साप्ताहिक पत्रिकाबाट भएको थियो। त्यस पत्रिकामा पनि उनले साहित्यिक स्तम्भ सञ्चालन गर्ने गर्थे। उनले त्यस स्तम्भमा साहित्यसम्बन्धी आफ्ना विचारहरू पस्किनुका साथै पुस्तक समीक्षा, विभिन्न साहित्यकारहरूसँगको अन्तरवार्ता एवं जीवनीहरू लेख्ने गर्थे। मासिक पत्रिका 'यती' तथा 'योषा'मा पनि उनले सम्पादकीय सीप देखाएका थिए। ती पत्रिकामा पनि उनले साहित्यलाई स्थान दिनमा कुनै कन्जुस्याइँ देखाएनन्।



नेपाल समाचारपत्रबाट अलग भएपछि उनी अर्को राष्ट्रिय दैनिक 'कमाण्डर पोष्ट'मा आबद्ध भई कार्यकारी सम्पादकका रूपमा सेवा गरे। ती पत्रिकामा मूलधारका विषयका अलावा साहित्यलाई पनि सधैं स्थान दिइरहे। यस हिसाबले पत्रकारितामार्फत साहित्यलाई बढावा दिनमा उनको ठूलो योगदान रहेको छ।

सञ्चार क्षेत्रमा संवाददातादेखि उद्यमीसम्म बन्न पाठक सफल भएका छन्। पछिल्लो समय उनले विद्युतीय तथा छापा माध्यममा लगानी गरेर आफ्नो सफलतालाई निरन्तर अगाडि बढाइरहेका छन्। नेपालमा निजी तवरको विद्युतीय सञ्चार माध्यमको शुरूवात र सञ्चालन भएसँगै काठमाण्डौंमा सञ्चालित क्यापिटल एफएममा लगानी गरी उनी निर्देशक पदमा रही २०६८ सालदेखि कार्यरत छन्। साथै उनले आफ्नै लगानीमा ड्रिम नेपाल पब्लिकेसन्स प्रालिको स्थापना गरी 'हट नेपाल' नामको विविध विषय समेटिने मासिक प्रकाशनमा ल्याएका छन्। राष्ट्रिय स्तरका यी सञ्चारमाध्यम उनी जहाँ-जहाँ आबद्ध हुन्छन् त्यहाँ साहित्यलाई स्थान दिन कहिल्यै भुल्दैनन्। यसरी भन्नुपर्दा उनको रगतमै साहित्य मिसिएको छ। साहित्यलाई नअँगाली उनी जिउनै सक्दैनन्।

व्यावसायिक पत्रकारिताको अलावा साहित्य लेखनलाई पनि उनले निरन्तरता दिइरहेका छन्। कविता, गीत, गजल, निबन्ध, जीवनीजस्ता साहित्यका विधामा उनले कलम चलाइरहेका छन्। उनले पुस्तकाकार रूपमा 'चर्चित व्यक्तित्व' तथा 'नेपालका विश्वकोश' नामका दुईवटा जीवनीका पुस्तक प्रकाशनमा ल्याएका छन्। चर्चित व्यक्तित्वमा समकालीन नेपालका विभिन्न क्षेत्रका दुई दर्जन व्यक्तित्वका जीवनी समावेश छ। उनको जीवनी लेखनको शैली विशिष्ट किसिमको भएकोले विद्वानहरूबाट त्यस पुस्तकको प्रशंसा भएको थियो। नेपालका पुराना विद्वान साहित्यकार एवं व्याकरणकार हेमराज शर्माको जीवनीमा आधारित 'नेपालका विश्वकोश'मा उनले लामो समय खोजी गरेर तथ्यमा आधारित जीवनी लेखेका छन्।

पत्रपत्रिका सम्पादनका अलवा उनले साहित्यिक पुस्तकहरू पनि सम्पादन गरेका छन्। 'प्रख्यात नेपाली कथा' शृङ्खला (खण्ड ५ सम्म), 'विख्यात विदेशी कथा' शृङ्खला (खण्ड ६ सम्म), 'नेपाली नियात्रा', 'एच.सी. आन्डर्सनका कथाहरू', 'स्वेट मार्डेनका पुस्तकहरू' आदि कृतिहरू उनले सम्पादन गरिसकेका छन्।

पत्रकारितामा राम्रो दखल राख्ने अनुभवी पत्रकार व्याकुल पाठक एक कुशल लेखक पनि हुन्। नेपाली साहित्यको कविता, गीत, गजल तथा निबन्ध विधामा उनी विशेष कलम चलाउँछन्। नेपालका लोकप्रिय एवं प्रतिष्ठित विभिन्न पत्रपत्रिकाहरूमा उनका साहित्यिक सिर्जनाहरू दर्जनौंको संख्यामा प्रकाशित भएका छन्। नेपाली वाङ्मयका दुई सयभन्दा बढी साधकहरूको जीवनी र व्यक्तित्वसहितको आलेख तयार गरी विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्नुका साथै सयौं साहित्यिक पुस्तकहरूको समीक्षा एवं समालोचनासमेत गरिसकेका छन् व्याकुलले।

यसरी आफ्नो लेखन र सम्पादनको माध्यमबाट नेपाली भाषा-साहित्य र पत्रकारितामा अनवरतरूपले सेवारत, अविचलित किसिमले साधनारत साधक व्याकुल पाठक यिनै क्षेत्रका विभिन्न संघसंस्थाहरूसँग संलग्न रही भाषासाहित्यकै अभियन्ताको रूपमा समेत कार्यरत छन्। यस सन्दर्भको चर्चा गर्दा उनी नेपाल पत्रकार महासंघ, साहित्यिक पत्रकार संघ, विद्वत्शिरोमणि हेमराज पुरस्कार गुठी, वासुशशी स्मृति परिषद्, पन्त स्मृति प्रतिष्ठान आदिमा प्रत्यक्ष संलग्न रहेका छन्। वि.सं. २०६० देखि २०६३ सम्म तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्रेस सल्लाहकार भई कार्य सम्पादनसमेत गरिसकेका छन् उनले। प्रज्ञाप्रतिष्ठानका तत्कालीन उपकुलपति प्रा.डा. वासुदेव त्रिपाठीको प्रत्यक्ष सम्पर्कमा रही काम गर्न पाउँदा त्यस अवधिमा आफ्नो बौद्धिक विकासमा पनि सघाउ पुगेको पाठक स्वीकार्छन्।

हरेक व्यक्तिको विद्वत्ता, योग्यता र कार्यकुशलताबाट सभ्य समाजको निर्माण हुन सक्तछ। विद्वान, योग्य एवं क्षमतावान्हरूले पुऱ्याएको योगदानबाट नै गाउँ, समाज, राष्ट्र र विश्व पनि उज्यालिने हो। संसारभर सभ्य समाजमा मात्र यस्ता योगदानहरूको चर्चा र कदर पनि हुन्छ। एक निष्ठावान्, इमानदार र सक्षम स्रष्टाले सभ्य समाजबाट आफ्नो योगदानको प्रतिफलस्वरूप जीवनमा पाउने कदर र सम्मान हो। यस्ता असल मानिसहरूमध्येका एक व्याकुल पाठक पनि हुन्। फलतः आफूले गरेका असल कर्म र योगदानको कदरस्वरूप सरकारी तथा गैरसरकारी विभिन्न संघसंस्थाहरूबाट उनी सम्मानित भएका छन्। युवा वर्ष मोती पुरस्कार, पल्लव साहित्य पुरस्कार, साहित्यिक पत्रकारिता सम्मान, सिम्पल सम्मान, डी.बी. त्यागी पुरस्कार, दीपज्योति साहित्य सम्मान, योगी नरहरिनाथ ट्रस्ट सम्मानसहित देश-विदेशका नेपाली समुदायबाट सम्मानित भइसकेका एक कुशल साहित्यिक स्रष्टा एवं पत्रकार व्याकुल पाठकलाई उनी गतवर्ष अमेरिका भ्रमणमा आएको मौका पारेर अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) कोलोराडो च्याप्टरले एक भव्य समारोहको आयोजना गरी सम्मान गरेको थियो।

असल नियतवश समग्र समाजलाई प्रभावित पार्ने हरेक कर्महरू यसै गरी सम्मानित हुँदै जानुपर्छ। विश्वभर रहेका हरनेपाली समाजमा व्याकुल पाठकहरू फैलिँदै जाऊन्।

*(लेखक गदाल अमेरिकाको कोलोराडो निवासी वरिष्ठ साहित्यकार हुन्।)*

पुस्तक चर्चा

# नारी अस्तित्वलाई न्याय

रश्मी थापा

पाँच दशकदेखि साहित्य लेखनमा सक्रिय उपन्यासकार पद्मावती सिंहले मौन अक्षरका नाममा एक सामाजिक संस्करणात्मक उपन्यास ल्याएकी छिन्। अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रालिद्वारा प्रकाशित र वितरीत उपन्यासमा उपन्यासकारले एक नारी पात्रले आफ्नो जीवनकालमा आँखाले देखेका र भोगेका विभिन्न घटनाक्रमलाई सिलसिलेवाररूपमा प्रस्तुत गरेकी छन्।



आफ्नी साथी शुभेच्छाले कोरेको तेलचित्रको प्रसंग कोट्याउने क्रमबाट शुरू भएको उपन्यास २०७२ को भूकम्पका सन्दर्भमा आएर अन्त्य भएको छ। मीठो लेखन शैलीका कारण उनको उपन्यास पढ्दा कुनै दिक्दारीको सामना गर्नुपर्दैन। पद्मावतीले उपन्यासमा वक्ताको रूपमा श्रीभाषालाई खडा गरेकी छिन्। मानिसको जीवनमा आइपर्ने विभिन्न उतारचढाव र समाजमा हुने विभिन्न किसिमका क्रियाकलापमा केन्द्रित रहेर तयार पारिएको उपन्यासमा सरिता र गौरीजस्ता तेस्रो लिंगीले समाजमा भोग्नुपरेका पीडा तथा सेरोगसी, पवित्राजस्ता दलित समुदायका महिलाले समाज परिवर्तनका खातिर संस्था खोलेर गरेको दलित उत्थानसम्बन्धी काम पाठक र समाजको लागि उदहारणीय लाग्न सक्छ। गौरी र सरिताले समाजमा पीडा भोग्ने मात्र नभई आधुनिक समाजमा सरिताले तेस्रो लिंगीको रूपमा विभिन्न क्षेत्रमा सफलता हासिल गरी लोभ लाग्दो जीवन बाँचिरहेको विषयले समाजलाई गतिलो पाठ सिकाउँछ।

उपन्यासकार पद्मावतीले महिलाका आँट, हिम्मत र साहस प्रस्तुत गर्न आफ्नो धेरै शब्द खर्चिएकी छिन्। श्रीभाषाका दुई छोरीहरू अनुष्का र अजन्ताले भरपूर स्वतन्त्रताको उपभोग गरिरहँदा उर्मिलाजस्ता पात्रले आफ्नो जीवनको निर्णय आफैं गर्दा पाएको सन्तुष्टि र अर्कोतिर आफ्नो खुशी नहेरी परिवार र समाजको लागि प्रेमको बलिदान दिँदा जीवन बरबाद गरेकी शुभेच्छाको टिठलाग्दो कथा प्रस्तुत गरिएको छ। समग्रमा उपन्यासले नारी अस्तित्वलाई न्याय गरेको छ, प्राथमिकता दिएको छ।

जीवनको उत्तरार्द्धमा पुगेका जयानन्द बालाई आफ्नी श्रीमतीको देहान्तपछि एक्लिँदा ज्वाइँ, छोरी र बाबुको सहमतिमा वृद्धाश्रममा पठाएको प्रसंगले सम्पत्ति भएर पनि घरमा बस्न गाह्रो भएको अवस्थामा वृद्धवृद्धा वृद्धाश्रम बस्दा ठिक्कै हुन्छ भन्ने लेखकको धारणाले वृद्धाश्रमप्रति सकारात्मक धारणा जगाएको छ। उपन्यासकारले उपन्यास तयार पार्नकै लागि घरबाट टाढा रहेर लेखेको उपन्यास पठनीय छ। उनको यो तेस्रो उपन्यास हो। उनले समकालीन जीवनका भिन्न कथालाई समेटेर उपन्यास तयार गरेकी छन्, जुन पढ्दा आफ्नै समाज र वरपरका घटना-दृश्य आँखावरिपरि घुमिरहन्छन्।

# सिंगै आकाश थाम्ने उद्घोष

होम सुवेदी

लघुकथा

मनमाया समाजका विविध पाटोमा चर्चित र सक्रिय महिला हुन्। उनका श्रीमान् जीतबहादुर अर्थात् जीत पनि यस कुरामा निकै गर्वको अनुभव गर्दछन्। हिजो जीतकै सहकारीमा आयोजित कार्यक्रममा नारी-पुरुषमा समानता भन्ने विषयमा मनमायाले दिएको स्पिच अहिलेसम्म पनि उनका कानमा गुञ्जिरहेको छ।

उनले भनेकी थिइन्, 'हामी कुनै अर्थमा कमी छैनौं। संघर्ष भने संघर्ष, आन्दोलन भने आन्दोलन। हामीमा साहस छ, शक्ति छ, सामर्थ्य छ तर हामीले अवसर पाएका छैनौं। अवसर दिनुहोस्, हामी नारीहरू कोही पुरुषभन्दा कम छैनौं। ठूला-ठूला चुनौतीहरूको समेत सामना गर्ने सामर्थ्य हामीमा छ। आदरका साथ भन्छु- हामीलाई दबाउनु भएन, घरको चौघेरामा मात्र थुन्नु भएन। समान अवसर दिनुपर्‍यो। आधा मात्र कहाँ हो र ? सिंगो संसार हामीले चलाएका छौं। अनि हामी नारीहरूलाई किन यस्तो पक्षपात, किन एकाङ्की दृष्टिकोण !'

उनको त्यस भाषणका बीच-बीचमा तालीको फोहोरा छुटेको थियो। यही कारणले उनी अहिले आफ्नो क्षेत्रमा चर्चाको शिखरमा थिइन्। आगामी चुनावमा उनलाई जुन पार्टीले पनि टिकट दिनेमा कुनै शंका थिएन। तँछाड-मछाड हुनेवाला छ भन्ने चर्चा मुख-मुखमा छ।

भाषण जे भए पनि घरमा त काम गर्नैं पर्छ। बिहानै उनका पति जीत दूध लिएर फर्कंदै थिए। मनमाया बैठक कोठामा झाडु लगाइरहेकी थिइन्। जीत घरमा पस्दा नपस्दै मनमाया आत्तिएर बैठक कोठाको भित्रबाट कराइन्। सास रोकिएलाजस्तो गरेर भित्रबाट बाहिर आई जीतसँग लेपसिइन्।

'के भो ?' आत्तिए जीत पनि।

'खाटमुनि साप छ। लौ न...! ढोकाबाहिर निस्क्या छैन', निकै पछि मात्र उनको बोली फुट्यो।

मनमायाका हातमा कुचो छ। हाँप र झाँप गरिरहेकी छिन्। लामो सास फेरिरहेकी छिन्। पत्नीलाई कतै सर्पले टोकेको त हैन भनेर जीतका मनमा भयानक चिन्ता पऱ्यो।

यसो अलिक सुम्सुम्याए। अलिक आस्वस्त भएपछि सोधे- 'तिमीलाई टोकेको त हैन ?'

'कहाँ टोक्नु ! खाटमुनि कसिँगर छ कि भनेर टर्च बालेर साफ गर्दै थिएँ, देखिहालें परैबाट। धन्न भगवान्...!'

'खै एउटा लठ्ठी खोज त', जीतले लठ्ठी मागे। डराउँदै मनमायाले लठ्ठी दिइन्। होस गरेर काम गर्नु है भनेर सुझाव पनि दिइन्। अनि जीत सर्प भएको कोठाभित्र सतर्क हुँदै पसे। एकैछिन्मा सर्प मारेर बाहिर निस्किए। जीतले मारेको सर्पलाई बाँझो चौरमा लगेर गाडे। मनमायाको मुटु त मरेको सर्प देखेरसमेत ढुकढुक गरिरहेको थियो।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

# साताको राशिफल

**ज्यो. चन्द्रेश शर्मा**

भदौ १६ देखि २२ गतेसम्म

**मेष**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। शनिबार, मंगलबार र बुधबार धनलाभ, सुखशान्ति, कार्य सफल होला। कोसेली, पुरस्कार प्राप्ति, साथीभाइबाट सहयोग प्राप्त हुने देखिन्छ। खाद्यान्न प्राप्तिको समेत सम्भावना छ। तर बाँकी दिनहरू त्यति उपलब्धिमूलक देखिँदैनन्। चोटपटक, स्वास्थ्य समस्या, आँखामा समस्या आउन सक्छ। साथै आम्दानी कम हुँदा खर्च धान्न धौ-धौ पर्ला।

**वृष**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। आज शनिबार खर्च, रोगव्याधिको सम्भावना छ। तर भोलिदेखि सोमबारसम्म खुशीयाली, कार्य सफल, आम्दानी होला। त्यसपछि बुधबारसम्म आर्थिक भार एवं तनाव बेहोर्नुपर्ला। के गरौं, कसो गरौंको स्थिति होला। साताको अन्त्यका बाँकी दिनहरूमा पुनः उत्साह, उमंग बढ्ला। शुभ समाचार, आर्थिक लाभ, उपहारादि वस्तु प्राप्ति हुने देखिन्छ।

**मिथुन**
तपाईंका लागि यो साता ठिक्कै फल दिनेवाला छ। साताको शुरू शनिबार अनि साताको मध्य मंगलबार र बुधबार सुखशान्ति होला। कोसेली, पुरस्कार प्राप्ति, कार्य सफल हुने देखिन्छ। मिष्ठान्न भोजन प्राप्तिको सम्भावना छ। तर बाँकी दिनहरू उपलब्धिमूलक देखिँदैनन्। धनहानि, मानसिक तनाव, चोटपटक, स्वास्थ्य समस्या हुनसक्छ। आम्दानीको तुलनामा खर्च धेरै होला। काममा बाधा होला।

**कर्कट**
तपाईंका लागि मंगलबार र बुधबारबाहेक साताका सबै दिन उत्तम फलदायक देखिन्छन्। साथीभाइ, इष्टमित्रबाट सहानुभूति प्राप्त होला। खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन पाउने सम्भावना छ। पेसा-व्यापारमा सफलता मिल्ला। परिवारमा समेत सुखानुभूति हुनेछ। तर मंगलबार र बुधबार भने अनेक उल्झन बेहोर्नुपर्ला। हुन लागेको काममा बाधा नहोला भन्न सकिन्न। स्वास्थ्यमा समस्या आउन सक्छ।

**सिंह**
तपाईंका लागि यो साताका धेरैजसो दिनहरू फलदायक नै देखिन्छन्। कार्य सफल, स्वस्थता, भाग्योदय, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। प्रतियोगितात्मक कार्यमा विजयको संकेत देखिन्छ। धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना छ। समस्याको समाधान एवम् अधुरा कार्य पूरा होला। तर बिहीबार र शुक्रबार भने काममा व्यवधान, स्वास्थ्य समस्या, आर्थिक नोक्सानी नहोला भन्न सकिन्न।

**कन्या**
तपाईंका लागि यस साताको पछिल्ला दिनहरू उत्तम फलदायक छन्। राज्यबाट लाभ होला। इज्जत-प्रतिष्ठामा वृद्धि होला। पढाइ-परीक्षामा सफलता हात लाग्ने देखिन्छ। आर्थिक लाभ हुने सम्भावना छ। खाद्यान्न, भोजनादि वस्तु प्राप्ति होला। तर सोमबारसम्म चाहिँ शारीरिक कष्ट, काममा बाधा, रोगव्याधिको भय, खर्च होला। जुनसुकै कुरामा पनि अलि सावधानी अपनाउनुपर्ने देखिन्छ।

**तुला**
यो साता आंशिक फलदायक देखिन्छ। साताको शुरू र अन्त्यका दिनहरूमा अलि प्रयास गरेमा आर्थिक लाभ होला। कुनै पनि कुरामा विजय हुने सम्भावना छ। कार्यसिद्धि, मानमर्यादामा वृद्धि होला। तर आइतबारदेखि बुधबारसम्म तनाव, धन हानि, कार्य असफल हुने देखिन्छ। निरर्थक दौडधुप होला। शोकसन्ताप, साथीभाइसँग विवाद हुन सक्छ। सतर्कता अपनाउनुपर्ने देखिन्छ।

**वृश्चिक**
साताको पूवार्ध भाग धेरै उत्तम फलदायक छ। धनलाभ, मानसम्मान, समस्या समाधान, बाहन सुख हुनेछ। परीक्षा, खेलकुद, मुद्दामामिलामा विजय हुने सम्भावना छ। लाभकारी यात्राको सम्भावना छ। शुभ समाचार मिल्ला। तर मंगलबारदेखि दिनहरू त्यत्ति फलदायक देखिँदैनन्। रोगको भय, कार्यमा बाधा, आर्थिक नोक्सानी हुने देखिन्छ। राज्यबाट भय, अपयश, प्रतिष्ठामा आँच आउने सम्भावना छ।

**धनु**
आज समय अनुकूल नभए पनि भोलिदेखि बुधबारसम्मका दिनहरू उपलब्धिमूलक छन्। थालेका काम पूरा होलान्। आफन्तबाट राम्रै सहयोग पाइनेछ। राम्रै काम बन्नेछ। सामान्य परिश्रमबाट पनि केही आम्दानी होला। खाद्यान्न प्राप्ति होला। तर साताको अन्त्यका दुई दिन भने राज्यका तर्फबाट डर, मान-प्रतिष्ठामा कमी, स्वास्थ्यमा समस्या हुने सम्भावना छ। सतर्कता अपनाउनुहोला।

**मकर**
तपाईंका लागि साताको धेरैजसो समय फलदायक नै देखिन्छ। हुन त सोमबारसम्म रोगव्याधिको भय, शारीरिक कष्ट, काममा बाधा, आकस्मिक खर्च होला। तर मंगलबारबाट क्रमशः समस्या समाधान हुनेछन्। राज्यका तर्फबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, पढाइ वा परीक्षा प्रतियोगितामा सफलता हासिल हुनेछ। राजनीतिमा सफलता, कतैबाट आर्थिक लाभ एवम् खाद्यान्न प्राप्ति हुने सम्भावना छ।

**कुम्भ**
यो साता आंशिक फलदायक देखिन्छ। साताको शुरू शनिबार र अन्त्यका दिनहरू राम्रो फल दिनेवाला छन्। आर्थिक लाभ हुने सम्भावना छ। परीक्षा, खेलकुदजस्ता प्रतिस्पर्धामा विजय हुने देखिन्छ। कार्य सफल हुने, मानप्रतिष्ठामा वृद्धि हुनेछ। तर आइतबारदेखि बुधबारसम्मका दिनहरू भने सन्तोषजनक देखिँदैनन्। तनाव हुने, धन हानि हुने,, कार्य अधुरो हुने देखिन्छ। निरर्थक दौडधुप गर्नुपर्ने होला।

**मीन**
तपाईंका लागि आइतबारदेखि बुधबारसम्मका दिनहरू उत्तम फलदायक देखिन्छन्। आर्थिक लाभ हुने प्रबल सम्भावना छ। परीक्षा, खेलकुदजस्ता प्रतियोगितामा विजय हुने देखिन्छ। कार्य सफल होला। मान बढ्नेछ। तर बिहीबारदेखि भने दिनहरू सन्तोषजनक देखिँदैनन्। आर्थिक अभाव होला। तनाव हुने, कार्य अधुरो हुने देखिन्छ। अशुभ समाचार आउन सक्छ। स्वास्थ्यमा समस्या आउन सक्छ।

{ पर्यटकको बढी आगमन हुने क्षेत्रमा वाईफाई जडान गरेको हो। पर्यटकीय क्षेत्रमा वर्ल्ड लिंकले निःशुल्क वाईफाई जडान गरेको हो।

# म्यानमारकी प्रथम महिला चो चो पाटन दरबार स्क्वायरमा

**नेपाल समाचारपत्र**

ललितपुर

म्यानमारकी प्रथम महिला चो चोले शुक्रबार ललितपुरको ऐतिहासिक सम्पदा र अमूर्त संस्कृतिको अवलोकन गर्नुभयो।

बिमस्टेकको चोथो शिखर सम्मेलनमा सहभागी हुन म्यानमारका राष्ट्रपति वान्ट टु मिन्टसँगै नेपाल आउनुभएकी श्रीमती चो सांस्कृतिक वातावरणमा निकै रमाउनुभएको हो। बिहान करीब साढे ११ बजे मंगलबजार आउनुभएकी श्रीमती चोले करिब ५० मिनेट संस्कृति, सम्पदाको अवलोकनमा बिताउनुभयो। उहाँका साथमा प्रधानमन्त्री केपी शर्मा ओलीकी धर्मपत्नी राधिका शाक्य पनि सहभागी हुनुहुन्थ्यो।

चोले पाटन संग्रहालयमा रहेको केशवनारायण चोक, मूलचोक र सुन्दरी चोकको अवलोकन भ्रमण गर्नुभएको थियो। उहाँले संग्रहालयबाट हिरण्यवर्ण महाविहारसम्म हिँडेर त्यहाँका सांस्कृतिक र धार्मिक सम्पदाका बारेमा पनि चासो राख्नुभयो। हिँड्दा खुट्टा दुख्ने समस्या भए पनि त्यसको परवाह नगरी सहयोगीको साथ लिएर सम्पदाको अवलोकन र त्यसको इतिहास बुझ्न निकै उत्सुकता देखाउनुभयो।

'अंग्रेजीमा कुराकानी गर्न सहज थिएन। तर पनि यहाँको संस्कृति बुझ्न चाहना देखाउनुभएको छ।' -दरबार हेरचाह कार्यालयका प्रमुख काजी प्याकुरेलले भन्नुभयो। ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले अवलोकनका क्रममा प्रस्तुत भएका नाच र सम्पदाबारे जानकारी दिनुभयो।

गोल्डेन टेम्पलको नामले चिनिने सो विहारमा बौद्ध संस्कृति र परम्पराको बारे चासो लिँदै श्रीमती चो चोले बुद्ध धर्मप्रतिको श्रद्धा र आस्थाले म्यानमार र नेपालको जनतालाई सधैं जोडिरहने प्रतिक्रिया दिनुभयो। बौद्ध परम्पराअनुसार स्वस्ती वाचन गरी चोले पूजाआजा गर्नुभयो।

यसबीचमा चो चोलाई हाकुपटासीमा सजिएका ज्यापू समाजको सांस्कृतिक झाँकी र धिमे बाजा तालमा नृत्य प्रस्तुत गरिएको थियो। सुबहाः दाफा भजनले बाँसुरी बाजा प्रस्तुत गरेको थियो।

ललितपुर महानगरपालिका वडा-१६ को संयोजनमा सलिछैं मंका खलले धिमे बाजा, नागबहालका कलाकारहरूले धाः बाजा प्रस्तुत गरेको थियो। त्यसैगरी मूलचोकमा चर्या नृत्य र केशवनारायण चोकमा कुमारी नृत्य देखाइएको थियो।

# रक्षा मन्त्री पोखरेल लेबनान र पोल्यान्ड जाँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेल लेबनान र पोल्यान्डका विभिन्न औपचारिक कार्यक्रममा सहभागी हुन शुक्रबार राती त्यसतर्फ प्रस्थान गर्नुभयो।

संयुक्त राष्ट्रसंघीय शान्ति मिसनअन्तर्गत लेबनानमा तैनाथ नेपाली शान्ति मिसनको निरीक्षण/अवलोकन तथा पोल्यान्ड सरकारको औपचारिक निमन्त्रणमा उहाँ शुक्रबार राती त्यसतर्फ प्रस्थान गर्नुभएको हो। लेबनानमा रहँदा उहाँले शान्ति मिसनअन्तर्गत खटिएको नेपाली शान्ति सैनिकले बहन गर्दै आएको जिम्मेवारीबारे जानकारी लिनुहुनेछ। त्यसक्रममा समकक्षी याकुब रियाद एल सर्राफसहित लेबनानका उच्च तहका पदाधिकारी तथा राजनीतिज्ञसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ।

राष्ट्रसंघले शान्ति मिसनमा सहभागी गराउँदै आएकोमा लेबनानस्थित युनिफिल मिसन नेपाली सेनाको सबैभन्दा पुरानो मिसन हो। सन् १९५८ देखि नेपाली शान्ति सैनिक यस मिसनमा खटिँदै आएका छन्। हाल युनिफिल मिसनमा नेपाली सेनाको बरख गण र मिलिटरी अब्जर्भर तथा स्टाफ अधिकृत गरी ८ सय ७२ शान्ति सैनिक तैनाथ छन्।

उहाँले भ्रमणका क्रममा नेपाली मिसनलाई राष्ट्रसंघले तोकेको जिम्मेवारीमा रहेर लेबनानको राजनीतिक संकट अन्त्य गर्न निर्वाह गरेको भूमिकाबारे विशेष सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

यसै गरी उहाँ लेबनानको २ दिने भ्रमण पूरा गरी भदौ १९ गते पोल्यान्ड सरकारले आयोजना गर्न लागेको 'डिफेन्स एक्सपो'मा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नुहुनेछ। समकक्षी एन्टोनी मसिओएजको निमन्त्रणामा पोल्यान्ड जान लाग्नुभएका उहाँले एक्सपोमा सहभागी मुलुकका सेनाले प्रयोग गर्ने सैन्य सामग्रीलगायतको जानकारी लिनुहुनेछ। साथै, समकक्षी एन्टोनी मसिओएजसँग आपसी हित र सहायता आदानप्रदानबारे शिष्टाचार छलफल गर्नुहुनेछ। उपप्रधानमन्त्री पोखरेल दुवै मुलुकको भ्रमण पूरा गरी भदौ २३ गते स्वदेश फिर्ता हुने कार्यक्रम छ।

# राजधानीका ४२ स्थानमा फ्रि वाईफाई

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिकाले राजधानीका ४२ स्थानमा फ्रि वाइफाई जडान गरेको छ। नेपाली र विदेशी पर्यटकलाई लक्षित गरी वाईफाई जडान गरेको हो।

चार पर्यटकीय र चारवटा पार्क गरी ४२ स्थानमा फ्रि वाइफाई जडान गरेको हो। कामपा निजी साझेदारी कार्यक्रमका प्रमुख महेश काफ्लेले कामपाका सबै क्षेत्रलाई लक्षित गरी वाईफाई जडान गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार कामपाका ३२ वटै वडा कार्यालयमा समेत फ्रि वाईफाई जडान गरिएको हो। कामपाले पशुपति क्षेत्र, स्वयम्भू, हनुमानढोका दरबारक्षेत्र र बौद्धनाथ क्षेत्रमा वाईफाई जडान गरेको हो। पर्यटकको बढी आगमन हुने क्षेत्रमा वाईफाई जडान गरेको हो। पर्यटकीय क्षेत्रमा वर्ल्ड लिंकले निःशुल्क वाईफाई जडान गरेको हो।

त्यस्तै शंखपार्क, बालाजुपार्क, रत्नपार्क, कामपाको मुख्यालय रहेको जेडीए भवन, बागदरबार, टेकुस्थित वातावरण व्यवस्थापन विभाग, राष्ट्रिय सभागृहको सभाहल, बानेश्वरको झक्कुवक्कु पार्कमा फ्रि वाईफाई जडान गरिएको हो।

कामपाले सबै स्थानमा वर्ल्ड लिंकको सहकार्यमा वाईफाई जडान गरेको हो। कामपाले पशुपति क्षेत्रबाट बौद्धनाथ, स्वयम्भू, हनुमानढोका, शंखपार्क र बालाजु क्षेत्रमा निःशुल्क वाईफाईको शुरुआत गर्ने तयारी गरेको छ।

करिब ४ महिनाअघि फ्रि वाईफाई जडान गरे पनि कामपाले ६ स्थानमा एकैपटक उद्घाटन गर्न लागेको हो। वडाका सबै कामहरू अनलाइनमार्फत गर्न वडा कार्यालयमा वाईफाई जडान गरिएको पीपीपीयूका प्रमुख काफ्लेले जानकारी दिनुभयो।

## करेन्ट लागेर मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१३ सोल्टीमोडस्थित विकास मोटरसाइकल वर्कसपमा काम गर्ने बर्दिया घर भएका मनोज चौधरीको करेन्ट लागेर बिहीबार मृत्यु भएको छ।

वर्कसपमा मोटरसाइकल धुने क्रममा पानी तान्ने मोटर सर्ट भई करेन्ट लागेर घाइते भएका चौधरीको मनमोहन अस्पताल स्वयम्भूमा उपचारको क्रममा मृत्यु भएको हो।

# नदीको बीच भागमा फसेका दुईको उद्धार



काठमाडौं, (नेस)

कैलालीको गोदावरी नगरपालिका-९ धनचौरी खटिया नदीमा एक्कासि आएको बाढीका कारण नदीको बीच भागमा फसेका २ जनाको एपीएफ टोलीले सकुशल उद्धार गरेको छ।

स्थानीय जानकी बोहोरा र पशुपति बोहोरा उक्त नदीको बीच भागमा रहेको टापुमा घाँस घाट्न गएका बेला एक्कासि परेको पानीका कारण नदीमा बाढी आएपछि उनीहरू टापुमा अलपत्र परेका थिए।

सो घटनाको जानकारी प्राप्त हुनासाथै सशस्त्र प्रहरी बल नेपाल गण कैलाली नम्बर ३४ गणबाट सशस्त्र प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद भट्टको कमान्डमा आवश्यक उद्धार सामग्रीसहित एपीएफ टोली त्यसठाउँमा खटिएको थियो।

एपीएफ टोलीले त्यसबेला लाइफ ज्याकेट, थ्रो ब्याग र लाइफ ब्वायको प्रयोग गरी उनीहरूको सकुशल उद्धार गरेको हो।

# एघारौं पुस्तकालय दिवस सम्पन्न



**नेपाल समाचारपत्र**

काठामाडौं

'समृद्ध पुस्तकालय : सुदृढ समाज' भन्ने नारासहित एघारौं पुस्तकालय दिवस सम्पन्न भएको छ। पुस्तकालय तथा सूचना केन्द्रलाई शिक्षण संस्थाको अभिन्न अंगका रूपमा मात्र नभई शिक्षाको गुणस्तरीय विकास र सभ्य समाजको निर्माण गर्ने प्रमुख थलोका रूपमा लिने गरिएको छ।

पुस्तकालयको माध्यमबाट व्यावहारिक ज्ञान आर्जन गर्न सकिने हुँदा जुनसुकै क्षेत्र, व्यक्ति तथा समाजको विकासमा पुस्तकालयले महत्त्वपूर्ण भूमिका खेलेको सरोकारवालाले बताएका छन्।

सरकारको समृद्धितर्फको ठोस कार्य नीतिलाई सघाउ पुऱ्याउने हेतुले यस वर्षको एघारौं पुस्तकालय दिवसको अवसरमा 'समृद्ध पुस्तकालय : सुदृढ समाज' आदर्श वाक्यका रूपमा ग्रहण गरी सम्बन्धित सबै सरोकारवालाको सहभागितामा रचनात्मक तथा सूचनामूलक कार्यक्रम सञ्चालन गर्न विभिन्न उपसमितिहरू गठन गरी सप्ताहव्यापीरूपमा कार्यक्रमहरू सञ्चालन गरिआएको थियो।

देशव्यापीरूपमा सञ्चालन भएको उक्त कार्यक्रमको समापन समारोहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव खगराज बरालले विभिन्न प्रतियोगितामा सहभागी विजेतालाई सम्मान गर्नुभएको थियो।

यसैक्रममा ४० जना शिक्षा, पुस्तकालय तथा सूचना क्षेत्रका व्यक्तिहरूको लेख समावेश भएको ११औं पुस्तकालय दिवसको स्मारिका सचिव खगराज बरालले विमोचन गर्नुभएको थियो। पुस्तकालयका बारेमा प्रस्ट पार्दै वरिष्ठ पुस्तकालय तथा सूचना सेवी, शिक्षाविद्, विद्यार्थी तथा पुस्तकालय प्रेमीले आआफ्नो मन्तव्य राख्नुभएको थियो।

# नेपाल इको टुरिजमको नमुना गन्तव्य

**नेपाल समाचारपत्र**

काठमाडौं

अन्तर्राष्ट्रिय विज्ञहरूले नेपाललाई इको टुरिजम् (पर्या-पर्यटन) का लागि विश्वकै नमुना गन्तव्य भएको भन्दै सही ढंगले प्याकेजिङ गरेर बजारीकरण गरिए अहिलेभन्दा दोब्बर पर्यटक प्रवर्द्धनबिना नै नेपाल आउने बताएका छन्।

गेट कलेजमा सञ्चालित 'कमर्सियल कुकरी-थ्री'को दीक्षान्त समारोहमा विज्ञहरूले यहाँको पर्यटन विकासका लागि दक्ष जनशक्तिको अभावलाई पहिले सम्बोधन गर्नुपने'मा जोड दिए।

कार्यक्रममा प्रमुख अतिथिका अस्ट्रेलियाका राजदूत पिटर बडले नेपाल सरकारमा पर्यटन विकासप्रतिको अत्यन्त सकारात्मक सोच भइरहेको अवस्थामा नेपालीहरूले आफ्नै देशमा बसेर अस्ट्रेलियाको सरकारी मान्यताप्राप्त शिक्षा आर्जन गर्न सफल विद्यार्थीलाई बधाई दिँदै नेपाल र अस्ट्रेलिया सरकारबीचको सम्बन्धजस्तै जनस्तरको सम्बन्ध अझ दरिलो बनाउन यस्ता शैक्षिक कार्यक्रमले थप योगदान पुऱ्याउने धारणा राख्नुभयो।

राजदूत बडले हाल अस्ट्रेलियामा ३० हजारभन्दा बढी नेपाली विद्यार्थीले अध्ययन गरिरहेको तथ्य उजागर गर्दै नेपालमै यस प्रकारको सीपमूलक अन्तर्राष्ट्रिय मान्यताप्राप्त व्यावसायिक तालिम कार्यक्रम सञ्चालनका लागि गेट कलेजले गरेको पहलको सराहना गर्नुभयो।

सो अवसरमा याक एन्ड यति होटलका महाप्रबन्धक मोनिका साइब्लरले नेपालको पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको अभाव अहिले नै अनुभूति भइसकेको चर्चा गर्दै भविष्यमा धेरै होटलहरू सञ्चालनमा आउने भएकाले त्यसका लागि चाहिने दक्ष र सीपयुक्त जनशक्ति कसरी आपूर्ति गरिने भन्ने विषयमा अहिलेबाट नै सोच राख्नुपर्नेमा जोड दिनुभयो।

महाप्रबन्धक साइब्लरले अन्तर्राष्ट्रिय योग्यता भएका दक्ष युवायुवतीले स्वदेशमै काम गर्न प्रेरणा प्राप्त गर्नुपर्ने भन्दै सीप, क्षमता र दक्षताअनुसार नेपालमै कामका लागि सक्रिय रहन आग्रह गर्नुभयो।

यसैगरी, जर्मन मास्टर सेफ ओलिभर क्लोफले विदेश जानुभन्दा पहिला आफ्नो सीपलाई आफ्नै देशमा धारिलो बनाए विदेशमा हुनसक्ने सम्भावित हीनताबोधबाट बच्न सकिन्छ भन्नुहुँदै नेपालमा धेरै व्यक्तिले देशबाहिरको करिअरलाई सहजरूपमा हेरे पनि पार्कमा घुमे जस्तो नहुने उहाँले बताउनुभयो।

यसै अवसरमा संसारकै उत्कृष्टमध्ये एक स्ट्यान्डफोर्ड युनिभर्सिटीका वरिष्ठ इन्जिनियर एलेक्स नुड्काभिचले नेपाल इको टुरिजमको नमुना गन्तव्य हुनसक्ने बताउनुभयो। स्ट्यान्डफोर्ड युनिभर्सिटीका वरिष्ठ इन्जिनियरको ७ जनाको टोली हाल नेपाल भ्रमणका क्रममा छ। एलेक्स उक्त टोलीकी नेतृ हुन्।

गेट कलेजका प्रमुख कार्यकारी अधिकृत खेम लकाईंले गेट कलेज नेपालमा यस प्रकारको सीप दिने दक्षिण एसियाकै पहिलो कलेज भएको बताउँदै छोटो अवधिको प्राविधिक तथा व्यावसायिक तालिमले नेपाली युवाहरूलाई स्वदेशमै अवसर खोज्न प्रेरित गर्छ भने ठूलो परिमाणमा विदेशिने पैसालाई स्वदेशमै रोक्ने दाबी गर्नुभयो। 'फलस्वरुपः आर्थिक कारणले असमर्थ युवाहरूले पनि स्वदेशमै रहेर अन्तर्राष्ट्रिय सीप हासिल गर्नसक्छन्, जुन उनीहरूको भविष्यको बाटो कोर्ने माध्यम बन्नसक्छ।' -लकाईंले भन्नुभयो।

अन्तर्राष्ट्रिय मान्यताप्राप्त अस्ट्रेलियाको सरकारी सरकारी संस्था, टेफको अन्तर्राष्ट्रिय योग्यता अनुकूलको १ वर्षे बहुआयामिक सीपमूलक प्रशिक्षण प्रदान गरिएको यो तेस्रो वर्ष हो। सो कोर्सअन्तर्गत तेस्रो ब्याचमा २२ जना दीक्षित भएका छन्। उक्त कोर्स टेफले तोकेकै पूर्वाधारअनुसार सञ्चालन हुँदै आएको छ।

## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, उपहारादि वस्तु प्राप्ति, चाहेको पुग्ने सम्भावना।
**वृष** : धन खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च।
**मिथुन** : आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खाद्यान्न प्राप्ति।
**कर्कट** : स्वस्थता, आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष।
**सिंह** : राजकाज, मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट, तनाब।
**कन्या** : शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धन-सम्पत्ति प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान पाइने।
**वृश्चिक** : धनलाभ, सफलता, पैसा प्राप्तिको सम्भावना।
**धनु** : बाथ-वायुजन्य रोग, गर्न लागेको काममा बाधा-अड्चन, सन्ताप।
**मकर** : विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप।
**कुम्भ** : द्रव्यलाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, कार्य सफल, प्रसन्नता।
**मीन** : नोक्सानी, मानसिक चञ्चलता, निरर्थक धन र समयको बरबाद।



# प्रदेश-३



सडक बालकको समूह 'बिच्छु' ग्याङका नाइके सुनसरीका प्रशान्त ढकालले 'मामा' भनी सम्बोधन गरेपछि पराजुलीसँग जोडिएको मामाको साइनो अरुतिर पनि सरेको थियो।

## अस्थिर बन्दै नुवाकोट र रसुवाको प्रशासन

शालिकराम चालिसे, नुवाकोट

स्थानीय प्रशासन ऐन २०२८ लागू भएपछि जिल्लामा प्रमुख जिल्ला अधिकारी (सीडीओ) रहने व्यवस्था गरेपछि नुवाकोट र रसुवामा सरुवा भएका प्राय: सीडीओले पूरा अवधि काम गर्न पाएनन्। पञ्चायत र बहुदलीय व्यवस्थामा पनि सीडीओ लाई कार्यदक्षयताको आधारमा भन्दा पनि सरकार परिवर्तन सँगसँगै सरुवा गर्ने संस्कार स्थापित भयो।

नुवाकोटमा स्थानीय प्रशासन ऐन २०२८ लागू भएदेखि २०७५ सम्म ४७ वर्षमा ४१ प्रमुख जिल्ला अधिकारी फेरिए। रसुवामा २०३० देखि प्रमुख जिल्ला अधिकारी बस्न थालेको थिए। ४५ वर्षको अवधिमा रसुवामा ३८ सीडीओ फेरियो। निजामति ऐन र नियमावलीअनुसार सामान्यतया २ वर्ष कुनै पनि कर्मचारीलाई सरुवा गर्न पाइँदैन। सरकार छिटो-छिटो फेरबदल हुँदा त्यसको असर जिल्लामा रहने सीडीओमा पनि पर्‍यो। नुवाकोटमा ४७ वर्षको अवधिमा ४१ सीडीओ फेरिएकामध्ये लामो अवधि धनबहादुर बस्नेत २०४० चैतदेखि २०४५ वैशाखसम्म रहेका थिए। अरू ४० सीडीओ मा ३ महिनादेखि २ वर्ष कटाएका कोही छैनन्।

रसुवामा सीडीओ फेरिने क्रम नुवाकोटमा जस्तै रहेको छ। ४५ वर्षमा ३८ सीडीओ फेरिएकामध्ये रसुवामा रामेश्वर देवकोटाले २०४१ वैशाखदेखि २०४५ वैशाखसम्म सेवा गर्न पाएका थिए। उनीपछि प्राय: सबै सीडीओ २ वर्षभन्दा बढी रहेनन्। बहुदलमा भन्दा पञ्चायतमा सीडीओ फेरबदल कम भएको छ। रसुवामा पञ्चायतको १६ वर्षमा १० जना सीडीओ भए भने ३० वर्षमा २७ सीडीओको फेरबदल भयो।

नुवाकोटमा पञ्चायतको दबदबा रहेका बेला २०३० देखि २०४५ को अवधिमा १८ वर्षमा ९ जना सीडीओ फेरबदल भएको छ भने बहुदलीय व्यवस्थाको शुरूदेखि लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा २९ वर्षमा ३२ सीडीओ फेरिए। विगतको पश्चिम १ नम्बरअन्तर्गत रहेको नुवाकोट र रसुवा स्थानीय प्रशासन ऐन लागू भएपछि रसुवा र नुवाकोटमा ७ वटा सीडीओले फरक-फरक समयमा काम गर्ने मौका पाएका थिए। दुवै जिल्लामा काम गर्ने अवसर पाएका सीडीओमा धनबहादुर बस्नेत, देवनारायण यादव, बलराम शर्मा, कमलकान्त रेग्मी, श्री कृष्ण श्रेष्ठ, जीवनप्रसाद वली, उद्धवबहादुर थापा रहेका छन्।

पञ्चायतमा भन्दा बहुदल स्थापनापछि राजनीतिक अस्थिरता बढी देखियो। राजनीतिक अस्थिरताको शिकार भएका सीडीओ पूरा अवधि जिल्लामा रहन पाएनन्। पूरा अवधि बस्न नपाउँदा जिल्लालाई बुझ्न नपाउने समस्या रहेको देखिन्छ। पहिला आउँदा नयाँ हुने जिल्लालाई बुझ्दै जाँदा सरुवा हुने संस्कारले सीडीओले पूर्ण क्षमतामा काम प्रदर्शन गर्न नसकेका हुन्। जसले गर्दा जिल्लाको शान्ति, सुरक्षा, विकास निर्माणको अनुगमनलगायत अन्य दैनिक सेवा प्रभावित हुँदै आएको छ।

## गोसाइँकुण्ड मेलाको भेटी १ लाख

रसुवा (नेस)

रसुवाको धार्मिक तथा पवित्र तीर्थस्थल गोसाइँकुण्डमा जनैपूर्णिमाको अवसरमा लागेको मेलामा १ लाखभन्दा बढी भेटी संकलन भएको छ।

गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जीव डीएमका अनुसार जनैपूर्णिमा मेला भर्न गएका भक्तजनबाट १ लाख ४१ हजार ६ सय रुपियाँ भेटी संकलन भएको हो। समितिले मेलामा संकलन गरेको भेटी प्रहरी र पत्रकारको रोहवरमा जिल्ला प्रहरी कार्यालय रसुवामा सार्वजनिक गरेको छ। समितिका अध्यक्ष डीएमका अनुसार अघिल्लो वर्षको मेलामा ९८ हजार भेटी संकलन भएको थियो।

संकलन भएको भेटी गोसाइँकुण्ड क्षेत्र विकास समितिको खातामा जम्मा गरिने समितिका अध्यक्ष डीएमले बताए। भेटी गोसाइँकुण्डको मेला व्यवस्थापन तथा कुण्डको संरक्षणमा खर्च गरिने समितिका अध्यक्ष डीएमले बताए। २०५६ सालदेखि गोसाइँकुण्ड क्षेत्र विकास समितिले मेलाको व्यवस्थापन गर्दै आएको समितिले हरेक वर्ष भेटी संकलन गर्ने गरेको छ।

हरेक वर्ष पुत्रँदा एकादशीदेखि साउन शुक्ल पूर्णिमा अर्थात् जनैपूर्णिमाका दिनसम्म लाग्ने गोसाइँकुण्ड मेला यो वर्ष यही साउन ३१ गतेदेखि भदौ १० गते जनैपूर्णिमाका दिनसम्म लागेको थियो। १० दिनसम्म चलेको मेलामा करिब १० हजार तीर्थयात्रीले मेला भरेका थिए। प्राकृतिको भण्डारको रूपमा रहेका विभिन्न कुण्ड, हिमाल र लाङटाङ निकुञ्जको चिनारीको लागि पनि जनैपूर्णिमा पर्वले गोसाइँकुण्डको महिमा जीवन्त राख्न सहयोग पुर्‍याउँदै आएको छ। गोसाइँकुण्ड गाउँपालिका-५ मा अवस्थित गोसाइँकुण्ड समुद्र सतहदेखि ४ हजार ३ सय ८० मिटरको उचाइमा रहेको छ। गोसाइँकुण्डमा

हरेक वर्ष गंगादशहरा र जनैपूर्णिमा गरी वर्षको २ पटक मेला लाग्ने गर्दछ। सन् २००७ सेप्टेम्बरमा गोसाइँकुण्ड रामसार सूचीमा समेत सूचीकृत छ। रसुवाको सदरमुकाम धुन्चेबाट देउराली, लौरीविनायक, चन्दनबारी, चोलाङपाटी हुँदै पुगिने गोसाइँकुण्डसहित आसपासका १ सय ८ भन्दा बढी कुण्ड स्नान तथा अवलोकनका लागि पुगेका तीर्थयात्रीको आकर्षणको केन्द्र बनेको छ।

रसुवा-नुवाकोटलगायतका स्थानबाट आएका तामाङ तीर्थयात्रीको पोसाक, खाना, ड्यांग्रो र लामा नाच तथा उनीहरूकै शैलीमा गाइएको सेलोले तीर्थयात्रीको ध्यान तान्ने गर्दछ। ऐतिहासिक धार्मिक, पर्यटकीय र सांस्कृतिक महत्त्व बोकेको गोसाइँकुण्डसँगै भैरव, सरस्वती, गणेश, दूध, सूर्यलगायतका कुण्ड आन्तरिक तथा विदेशी पर्यटकका लागि अहिले गन्तव्यस्थल बनेका छन्। जसले गर्दा लाखौं भक्तजन प्रत्येक वर्षको रसुवा घुम्न आउने गरेका छन्।

# दरबन्दीबिना २४ शिक्षक कार्यरत

## अनियमितताको छानबिन हुने

मोतीराम तिमल्सिना, काभ्रे

जिल्ला शिक्षा कार्यालय काभ्रेपलाञ्चोकले दरबन्दीबिनाका २४ शिक्षकलाई नियुक्ति गरेको खुलासा भएको छ। तत्कालीन शिक्षा अधिकारी डा. दीपेन्द्र गुरुङले दरबन्दीबिनाका शिक्षक नियुक्ति गरी अनियमितता गरेको खुलासा भएको हो।

शिक्षा विकास तथा समन्वय एकाइमार्फत जिल्ला शिक्षा समितिले गठन गरेको कार्यदलले अनियमितताका बारेमा सार्वजनिक गरेको हो। ८१ जना शिक्षकको काज सरुवा खारेजसँगै कार्यदलले दिएको प्रतिवेदन कार्यान्वयन गर्न कार्यदलकै सदस्यले चुनौती दिएका छन्। दरबन्दी नै नभएका २२ शिक्षकलाई नियुक्ति गरी अनियमितता गरेको शिक्षा कार्यालय र तत्कालीन शिक्षा अधिकारी डा. दीपेन्द्र गुरुङका कर्तुत लुकाउन नेपाली कांग्रेस निकट शिक्षक ज्ञापनपत्र तथा माउ पार्टी नेपाली कांग्रेसको गुहारमा पुगेका छन्।

कार्यदलमा बस्ने, अनियमितताका बारेमा प्रतिवेदन तयार गर्ने, बैठकमा जाने सहभागिता जनाउने, भेलामा बस्ने उपस्थित भएर गलत कुराको विरोध गर्ने तर लाभलाई पचाउन ज्ञापनपत्र बुझाउन शिक्षकको द्वैध चरित्रविरुद्ध स्थानीय सरकार खनिएका छन्। नियमभन्दा बाहिर रहेका सबै शिक्षकको दरबन्दी खारेज गर्ने र काज सरुवा फिर्ता गराउन सरकार प्रमुख दृढ रहने निर्णय गरेका छन्। तलब खाएर गलत कामलाई संस्थागत गर्न आन्दोलन गर्ने शिक्षकलाई कारबाही गर्ने सरकारका प्रतिनिधिले बताएका छन्।

'काभ्रे जिल्लामा देखिएको शिक्षक व्यवस्थापनगत समस्या' विषयक अध्ययन प्रतिवेदन शिक्षा समितिमा बुझाइएको छ। कार्यदलमा शाखा अधिकृत सुरेन्द्रप्रसाद भट्ट संयोजक रहेका छन् भने शिक्षक महासंघ अध्यक्ष आश्विनप्रसाद चौलागाईं, सामाजिक विकास अधिकृत सविना शर्मा अधिकारी, विद्यालय निरीक्षक भोजकुमार ठकुरी सदस्य र प्राविधिक सहायक देवीप्रसाद दाहाल सदस्य सचिव रहेका थिए। उक्त कार्यदलले जिल्ला शिक्षा समिति काभ्रेको २०७५ असार ७ गते बसेको बैठकबाट जिल्लामा शिक्षक व्यवस्थापनका सम्बन्धमा देखिएको समस्या समाधानका लागि आवश्यक तथ्यांकसहितको प्रतिवेदन पेस गर्ने गरी जिम्मेवारी प्रदान गरिएको थियो। गठित कार्यदलले स्रोत व्यक्ति, विद्यालय निरीक्षक र स्रोत केन्द्र तथा कार्यालयमा भएसम्मका अभिलेखका आधारमा तथ्यांक संकलन र विश्लेषण गरी प्रतिवेदन तयार गरेको थियो। सोही क्रममा नयाँ अनुमति गएका विद्यालय, २०७३ फागुन १८ भन्दापछि काजमा खटिएका शिक्षक, बिनादरबन्दी काजमा खटिएका शिक्षकलगायत प्राप्त भएसम्मका सूचना संलग्न गरी प्रतिवेदन बुझाइएको थियो।

छानबिनका क्रममा नयाँ अनुमति पाएका विद्यालय प्रावितर्फ महाँकाल निमावि ठूलोपर्सेल, हरिसिद्धि प्रावि गोकुले, राहत, भैरवेश्वर निमावि फोक्सिङटार, जनकल्याण प्रावि फोक्सिङटार, वनकाली प्रावि फोक्सिङटार, बालकल्याण प्रावि गोकुले, ग्रामोन्नती मावि बुढाखानी, भीमेश्वर मावि भीमखोरी (महाकाली प्रावि घ्याङडाँडा भिमखोरी, महाभारत प्रावि शिखरआम्बोटे, सरस्वती प्रावि शिखरआम्बोटे, सिद्धार्थ प्रावि सिसाखानी, ठाकुरस्थान प्रावि सिपाली, चम्पादेवी प्रावि सिपाली, भूमेस्थान प्रावि खार्पाचेक, गडुलदेवी प्रावि महाभारत, धनलक्ष्मी प्रावि बेथान्चोक र पञ्चकन्या आवि सर्स्युंखर्क भएको प्रतिवेदन बुझाएको थियो। त्यस्तै निमावितर्फका बढी दरबन्दी भएका विद्यालयमा शंखेश्वर महालक्ष्मी मावि थप १, महेन्द्र मावि साँगा थप १, आजाद मावि. बनेपा १ थप, जनकल्याण माध्यमिक विद्यालय घर्तिछापमा १ दरबन्दी रहेका छन्।

त्यस्तै बिनादरबन्दीमा अनुमति दिइएका विद्यालयमा महाँकाल मावि ठूलो पर्सेलबाट निम्न माध्यमिक राहत कोटामा कार्यरत कुलबहादुर तामाङलाई दरबन्दीसहित जनचेतना मावि सर्स्युंखर्क तेमालमा सरुवा गरी महाँकाल माविमा प्राथमिक तहको दरबन्दीमा शिक्षक नियुक्तिका लागि अनुमति दिई धनकुमारी राना मगरलाई नियुक्ति दिँदा र १ प्रावि दरबन्दी बढेको छ। हरिसिद्धि प्रावि गोकुलेबाट प्राथमिक शिक्षक राहत दरबन्दीमा कार्यरत लक्ष्मी लामालाई दरबन्दी रिक्त नभएको शंखेश्वर महालक्ष्मी मावि शंखु धुलिखेलमा सरुवा गरी हरिसिद्धि प्रावि गोकुलेमा शिक्षक नियुक्ति गर्न अनुमति दिँदा १ प्राशि दरबन्दी बढेको छ। बछलादेवी मावि धुलिखेल काभ्रेबाट प्राशि अनुदान कोटामा कार्यरत रञ्जिता न्यौपानेलाई दरबन्दी रिक्त नभएको जनज्योति मावि जनागाल बनेपामा सरुवा गरी प्राशि अनुदान दरबन्दी बढेको छ। भैरवेश्वर आवि फोक्सिङटारमा दरबन्दी नभएको ठाउँमा प्राशि दरबन्दीमा शिक्षक नियुक्तिका लागि अनुमति दिएको हुँदा १ प्राशि दरबन्दी बढेको छ। जनकल्याण प्रावि फोक्सिङटारबाट प्राशि राहतमा कार्यरत झलमाया श्रेष्ठलाई रिक्त दरबन्दी नभएको भगवती प्रावि खनालथोकमा सरुवा गरी जनकल्याण प्रावि फोक्सिङटारमा प्राशि राहत कोटामा शिक्षक नियुक्ति गर्न अनुमति दिँदा १ राहत दरबन्दी बढेको छ।

शून्य दरबन्दी भएको वनकाली प्रावि फोक्सिङटारमा १ प्राशि दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिई शिक्षक नियुक्ति भएको र १ प्राशि दरबन्दी बढेको छ। बालकल्याण प्रावि गोकुलेमा रिक्त दरबन्दी नभएको स्थानमा शिक्षक नियुक्ति गर्न अनुमति दिई शिक्षक नियुक्ति भएको र १ दरबन्दी बढेको, ग्रामोन्नति मावि बुढाखानीमा रिक्त दरबन्दी नभएको स्थानमा प्राशि दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिई शिक्षक नियुक्ति भएको र १ प्राशि दरबन्दी बढेको, शून्य दरबन्दी भएको गढुलदेवी प्रावि घर्तीछापमा १ प्राशि दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिई १ प्राशि दरबन्दी बढेको, भीमेश्वर मावि भीमखोरीमा रिक्त दरबन्दी नभएको स्थानमा प्राशि दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिई प्राशि दरबन्दीमा प्रदीपकुमार रायमाझी नियुक्त भएको र १ प्राशि दरबन्दी बढेको, महाकाली प्रावि भीमखोरीमा रिक्त दरबन्दी नभएको स्थानमा प्राशि दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिई प्राशि दरबन्दीमा नरेश रायमाझी नियुक्त भएको र १ प्राशि दरबन्दी बढेको, नारायणस्थान मावि गिम्दीबाट रिक्त दरबन्दी नभएको प्रभात मावि सुमारा नाला बनेपामा प्राशि राहत कोटामा कार्यरत निरमाया लामालाई सरुवा गरी एकमात्र राहत अनुदान दरबन्दी रहेको महाभारत प्रावि शिखरआम्बोटेमा कार्यरत शिक्षक इन्द्रसिंह लामालाई नारायणस्थान आवि गिम्दीमा सरुवा गरी महाभारत प्रावि शिखरआम्बोटेमा दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिएको र १ प्राशि दरबन्दी बढेको, सरस्वती प्रावि शिखरआम्बोटेमा रिक्त दरबन्दी नभएको स्थानमा प्राशि दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिई प्राशि दरबन्दीमा श्यामसुन्दर कार्की नियुक्ति भएको र १ प्राशि दरबन्दी बढेको, शून्य दरबन्दी भएको सिद्धार्थ प्रावि सिसाखानीमा प्राशि दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिई प्राशि दरबन्दीमा भगवान्प्रसाद हुमागाईं नियुक्त भएको र १ प्राशि दरबन्दी बढेको छ।

त्यस्तै ठाकुरस्थान प्रावि सिपालीमा दरबन्दी नभएको स्थानमा प्राशि दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनुमति दिई प्राशि दरबन्दीमा चुम्बक तामाङ नियुक्त भएको र १ प्राशि दरबन्दी बढेको, चम्पादेवी प्रावि सिपालीमा दरबन्दी नभएको स्थानमा प्राशि दरबन्दीमा शिक्षक नियुक्त गर्न अनुमति दिई प्राशि दरबन्दीमा अस्मिता तामाङ नियुक्त भएको र १ प्राशि दरबन्दी बढेको, शून्य दरबन्दी भएको भूमेस्थान प्रावि सिसाखानीमा प्राशि दरबन्दीमा शिक्षक नियुक्त गर्न अनुमति दिई प्राशि दरबन्दीमा रामकुमार शाही नियुक्ति भएको र १ प्राशि दरबन्दी बढेको, कालिका प्रावि भञ्ज्याङखर्क बेथाञ्चोकमा दरबन्दी कायम भई लामो समयदेखि पद बहाली नभएका प्राशि आत्माराम सत्याललाई रिक्त नभएको लड्केश्वर मावि नेपानेमा काज सरुवा गरी १ प्राशि दरबन्दी बढेको, धनलक्ष्मी प्रावि बेथान्चोकबाट रिक्त नभएको करथरी मावि धुलिखेलमा प्राशि अनुदान कोटामा कार्यरत माया तामाङलाई सरुवा गरी धनलक्ष्मी प्राविमा प्राशि दरबन्दीमा रोजिना तामाङ नियुक्त भएको र १ प्राशि दरबन्दी बढेको, पञ्चकन्या आवि सर्स्युंखर्क फारमा दरबन्दी नभएको ठाउँमा प्राशि दरबन्दीमा शिक्षक नियुक्तिका लागि अनुमति दिएको र चित्रबहादुर वाइवा नियुक्त भई १ प्राशि दरबन्दी बढेको छ।

निमावितर्फ दरबन्दी नभएको शंखेश्वर महालक्ष्मी मावि धुलिखेलमा गणेश मावि भमरकोटबाट होमबहादुर दनुवार काज सरुवा भई पदस्थापन भएको, गणेश मावि भमरकोटमा अरनिको मावि चौरी देउरालीबाट राहत शिक्षक सम्झनाकुमारी रायमाझी काज सरुवा भई पदस्थापन भएको र अरनिको माविमा अनुमति गई १ निमावि राहत दरबन्दी बढेको छ। श्रीराम मावि कोशीदेखाबाट शोभा पाठकलाई दरबन्दी नभएको महेन्द्र मावि साँगामा सरुवा गरिएको तथा शोभा पाठक (काभ्रे) र नीरा भट्टराई (काठमाडौं) का बीच पारस्परिक जिल्लान्तर सरुवा गरी १ निमावि दरबन्दी बढेको, दरबन्दी नभएको आजाद मावि बनेपामा भूमिमाता मावि बेथाञ्चोकबाट सीतामाया लामालाई काजमा सरुवा गरी पदस्थापन गरिएको र १ निमावि दरबन्दी बढेको र जनकल्याण माध्यमिक विद्यालयमा निमा दरबन्दीमा शिक्षक नियुक्तिका लागि अनुमति दिई १ दरबन्दी बढेको छ। गलत भएको प्रतिवेदन बुझाउने कार्यदलका सदस्य चौलागाईं नै अहिले प्रतिवेदन कार्यान्वयन नगराउन आन्दोलनमा छन्।

# हेटौंडामा तयार हुँदै 'मामाघर'

## 'भाञ्जा'हरु वैशाखबाट सुविधासम्पन्न भवनमा

रोशन पराजुली, हेटौंडा

एक दिन पाहुनालाई स्वागत गर्न हेटौंडा बसपार्क पुग्नुभएका उहाँले नजिकै ठेलामा बेच्न राखिएको मम: माग्दै गरेका बालक देख्नुभयो। ग्राहकले मम: खाइसकेपछि फ्याँकेका पात भुइँमा खस्न नपाउँदै केही बालकले टिपेर चाटेको उहाँले देख्नुभयो।

हेटौंडा बसपार्कमा यस्तो दृश्य देखेपछि भावुक बन्नुभएका हेटौंडेली युवा अर्पण पराजुलीले आफ्नो अनुसन्धानको विषय तिनै सडक बालकलाई बनाउनुभयो। प्रारम्भमा उहाँसँग बोल्न नमान्ने र पिटुँलाझैं गर्ने सडक बालक हिजोआज उहाँलाई 'मामा' भनी सम्बोधन गर्छन्, सँगै खान्छन् र सँगै सुत्छन्।

अनुसन्धानसँगै उनीहरूलाई सुरक्षित आश्रय दिने प्रयास पनि थालियो। प्रारम्भमा हेटौंडा नगरपालिकाले उनीहरूलाई खाने/लाउने खर्च व्यहोरेको थियो। हाल भने ती सबै पूर्वसडक बालकलाई दीर्घकालीन पुन:स्थापना गर्ने लक्ष्यले हेटौंडामा 'मामाघर' निर्माण जारी छ। सडक बालबालिकाको अनुसन्धानका क्रममा करिब २ महिना उनीहरूसँगै बिताएर उनीहरूलाई पुन:स्थापनाका लागि राजी पार्नुभएका अनुसन्धानकर्ता पराजुलीको सम्मानमा उक्त केन्द्रको नामसमेत 'मामाघर' राखिएको छ। ४५ दिनसम्म सडक बालकको दिनचर्या र उनीहरूको सर्वपक्षीय गतिविधि अध्ययनका लागि बोरा ओडेर १ साता रातभर बसपार्कमा बिताउनुभएका पराजुलीलाई हेटौंडाका सडक बालक 'मामा' भनी सम्बोधन गर्छन्।

अनुसन्धानको क्रममै उनीहरूलाई नुहाइदिन राप्ति खोलामा लैजाँदा १४ जनाको शरीरबाट १ सय ९६ वटा जुम्रा भेटिएको पराजुलीले स्मरण गर्नुभयो। हेटौंडा नगरपालिकाको सहयोगमा उहाँले बसपार्क वरपर भेटिएका सडक बालकको अध्ययन/अनुसन्धान प्रतिवेदन तयार पार्नुभएको थियो। अनुसन्धानमा समेटिएका बालक १० देखि १७ वर्ष उमेरका थिए। तीमध्ये ८ जना मकवानपुरका थिए। भेटिएकामध्ये अधिकांश पारिवारिक कलह, शहरको रमझम र साथीको लहैलहैमा लागेर सडकमा आइपुगेका हुन्। अनुसन्धानका क्रममा हेटौंडामा २३ जना सडक बालक भेटिएको जानकारी पराजुलीले दिनुभयो। उनीहरू घुमन्ते भएकाले यकिन तथ्यांक नआउने पराजुलीले बताउनुभयो। हेटौंडामा भेटिने सडक बालकहरू 'बिच्छु', 'कोब्रा' र 'भ्यान्टे' गरी ३ ग्याङमा



विभाजित थिए।

अभिभावकबाट टाढा भएका उनीहरू आफ्नो समूहका नाइकेको निर्देशनमा चल्थे। सबैले मागेको र चोरेको कुरा सामूहिक उपभोग गर्थे। भोक लाग्दा डेन्ड्राइड सुँघ्ने बानी भएका उनीहरूले हाल डेन्ड्राइड भुलेका छन्, चुरोट खाएका छैनन्, न त चोरी नै गरेका छन्। वाक्कैपिच्छे निस्कने अपशब्द उनीहरूको मुखबाट निस्कँदैन। सडक बालकको समूह 'बिच्छु' ग्याङका नाइके सुनसरीका प्रशान्त ढकालले 'मामा' भनी सम्बोधन गरेपछि पराजुलीसँग जोडिएको मामाको साइनो अरूतिर पनि सरेको थियो। हेटौंडा क्षेत्रमा पराजुलीलाई चिन्नेहरू जुनसुकै उमेर, तह र तप्काका भए पनि 'मामा' भनी सम्बोधन गर्छन्।

उनीहरूलाई सुरक्षित आश्रयका लागि निर्माणाधीन मामाघर नेपालले वैशाखबाट ती 'भाञ्जा' हरूलाई नयाँ सुविधासम्पन्न २१ कोठे भवनमा राख्ने गरी काम तीव्र रूपमा अघि बढाएको छ। मामाघर नेपालका संरक्षक पराजुलीका अनुसार हाल मामाघर नेपालको संरक्षणमा रहेका २३ 'भाञ्जा' लाई वैशाखबाट सुविधासम्पन्न बालमैत्री भवनमा स्थानान्तरण गरिनेछ। मामाघर नेपालको 'एक व्यक्ति-एक इँटा' अभियानअन्तर्गत हेटौंडा-११ मा समाजसेवी सिद्धिलाल श्रेष्ठले उपलब्ध गराएको ३ कठ्ठा २ धुर जग्गामा भवन निर्माण भइरहेको छ। चैतभित्र भवन निर्माण सम्पन्न गरी वैशाखभित्र 'भाञ्जा' हरूलाई नयाँ घरमा राख्ने गरी काम अघि बढाइएको संरक्षक पराजुलीले बताउनुभयो। उहाँका अनुसार भवन निर्माणका लागि सहयोग प्राप्त भइरहेको छ। नगरपालिकाले पनि यस कामका निम्ति सहयोग उपलब्ध गराएको छ भने प्रदेश-३ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ले पनि यसमा सहयोग गर्ने वाचा दिएको छ।

संरक्षक पराजुलीका अनुसार मामाघर नेपालको सञ्चालन र व्यवस्थापनमा स्थायी दाता कोही छैनन्। मकवानपुर तथा आसपासका व्यक्तिले जन्मदिन, विवाहका दिन गरेको सहयोगले मामाघरका 'भाञ्जा' हरूको जीवनयापन भइरहेको छ। बालबालिकालाई उचित अवसर दिनसके उनीहरूमा रहेको विशिष्ट क्षमता प्रस्फुटन हुनसक्ने पराजुलीको अनुभव छ। मामाघरमा आश्रयमा रहेका ३ जना 'भाञ्जा' १८ वर्षमुनिकाको राष्ट्रिय हकी प्रतियोगिताका लागि छनोट भएका थिए।

## बलात्कारका घटना बढ्दो

हेटौंडा, (नेस)

बलात्कारका घटनाले देश नै लज्जित भएका बेला मकवानपुरमा पनि बलात्कारका घटना बढ्दो अवस्थामा देखिएको छ।

जिल्ला अदालत मकवानपुरका अनुसार आर्थिक वर्ष २०७३/०७४ को तुलनामा आर्थिक वर्ष २०७४/०७५ मा बलात्कारका घटनाका करिब ३० प्रतिशत वृद्धि भएको हो।

आर्थिक वर्ष २०७३/०७४ मा ३१ वटा बलात्कारका घटना जिल्ला अदालत मकवानपुरमा दर्ता भएका थिए भने आर्थिक वर्ष २०७४/०७५ मा त्यस्ता ५० घटना दर्ता भएका थिए। चालू आर्थिक वर्षको साउनमा नै ५ वटा मुद्दा दर्ता भएका छन्।

अदालतमा दर्ता भएका अधिकांश मुद्दाको पक्षमा फैसला भएको अदालतले जनाएको छ। देशभर औसतरुपमा दैनिक ४ वटा बलात्कारका घटना भइरहेको अवस्थामा मकवानपुरमा भने औसतरुपमा मासिक चार वटा घटना भएको तथ्यांकले देखाएको छ।

बलात्कार घटनाबाट विशेष गरी बालिका बढी पीडित भएको देखिएको छ। बलात्कार घटनाबाट करिब ५० प्रतिशतभन्दा बढी बालिका पीडित छन्। बालिकाहरू सजिलै प्रलोभनमा फस्ने भएका कारण उनीहरू बढी पीडित भएको बताइएको छ।

सानो ठाउँ भएकाले र डाक्टरहरुलाई पनि काम हुने भन्दै डाक्टरहरु नै आउन नमान्ने गरेको अस्पताल विकास समितिका पूर्वअध्यक्ष शेर बहादुर थापाले बताए।

# आफन्त आउने आशामा बेपत्ता परिवार

**महेश न्यौपाने, रोल्पा**

रोल्पा नगरपालिका १ हरिगातिनाकी गोठी थापा सुत्केरी भएको १ महिना पनि पुगेको थिएन। एक साँझ तत्कालीन शाही नेपाली सेनाको एक हुल उनको घरमा पस्यो। सुत्केरी स्याहारमा रहेका श्रीमान् हर्कलाललाई एकछिन काम छ भन्दै लग्यो। सेनाले कहाँ लग्यो अहिलेसम्म उनलाई अत्तोपत्तो छैन। अहिले छोरी क्याम्पस पढ्ने भइसकिन्। साथीभाइका बुबा देखेर सोध्ने गर्छिन् आमा हाम्रो बुबा घर कहिले आउनुहुन्छ ?

सोही गाउँकै प्रतिभा थापा र ढाँटे थापाको विवाह गरेको २ वर्ष पनि पुगेको थिएन। एक साँझ सेनाको हुल उनको घर पस्यो। घरको काममा व्यस्त रहेका ढाँटे थापालाई पक्रियो। जंगलको बाटो हुँदै लिवाङतर्फ लग्यो। सेनाले सोधपुछपछि त पक्कै छोड्छहोला भन्ने लागेको थियो प्रतिभालाई। नाबालक छोराको मुख हेरेर बसिन्। श्रीमान् एकदिन पक्कै फर्कन्छन् भन्ने आशैआशमा बसेको वर्षौं भइसक्यो तर उनी अझै फर्किएनन्।



दिनहुँ, जब सन्ध्या हुन्छ रजु खत्रीको आँखाको दृष्टि पूर्वतर्फको तीनधारे भीरतर्फ मोडिन्छ। भीरको बाटो हुँदै कोही आएजस्तो लाग्छ उनलाई। श्रीमान् कविराम खत्रीलाई नेपाली सेनाले त्यही बाटो भएर लिवाङ व्यारेक लगेको हुँदा फर्कंदा पनि त्यही बाटो फर्कन्छन् कि भन्ने लाग्छ उनलाई। हरेक साँझ उनले एकपटक टोलाएर त्यतै हेर्छिन् अनि बल्ल घरभित्र पस्छिन्। रजुले त्यसरी श्रीमान् आउने बाटो कुर्न थालेको वर्षौं भइसक्यो तर उनका श्रीमान् भने अझै फर्केनन्।

रोल्पाका बेपत्ता परिवारको दिनचर्याको हो यो। माओवादी जनयुद्धमा राज्यद्वारा बेपत्ता पारिएका नगारिकका प्रतिनिधि पात्र हुन् गोठी, प्रतिभा र रजु। पीडित तिनैजनाको घर रोल्पा नगरपालिका वडा नं १ हरिगातिना हो। तिनैजनाका श्रीमान्लाई एकैदिन सेनाले गिरफ्तार गरी बेपत्ता बनाएको हो। सामूहिक गिरफ्तारीपछि बेपत्ता भएका आफन्त आउने आशैआशमा दशकौं बिते। सशस्त्र विद्रोह शान्ति प्रकृयामा रुपान्तरण भयो। देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्‍यो तर उनीहरूका आफन्त भने मरे कि ज्यूँदै छन् अहिलेसम्म थाहा छैन।

सशस्त्र जनयुद्धमा सबभन्दा बढी प्रभावित जिल्ला रोल्पामा कति बेपत्ता छन् भन्ने राज्यसँग एकिन तथ्यांक छैन। स्थानीय शान्ति समितिको अभिलेखअनुसार जिल्लामा ३३ जना बेपत्ताका परिवारले मात्रै राहत लिएका छन्। आईसीआरसीले रोल्पा जिल्लामा ६७ जना बेपत्ता भएकोमा २ जना घर फर्किसकेको भनेको छ। सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिकको छानविन आयोगले पछिल्लोपटक मागेको निवेदनमा ११९ जनाले आफ्ना आफन्त बेपत्ता भएको उजुरी दिएका छन्।

शुरूआतमा राज्यले मृतकका परिवारलाई मात्र राहत उपलब्ध गराएकाले आफन्त बेपत्ता भएकाहरूले पनि मृतकको नामबाट राहत लिएकाले यो संख्या कम देखिएको हुन सक्ने सरोकारवालाहरूको भनाइ छ। 'लामो समय ज्यूँदो वा मृत्यु भएको खबर नपाएपछि राहतका लागि मृत्यु दर्ता गरेकाले यो संख्या कम देखिएको हो।' -जिल्ला समन्वय समिति रोल्पाका प्रमुख राजबहादुर बुढाले भने। 'सैद्धान्तिक रूपमा उहाँहरूको अवस्था के छ भन्ने अझै पत्ता नलागे पनि व्यवहारिक रूपमा अधिकांश परिवारजन मृत्यु भएकोमा विश्वस्त भइसकेका छन्।' -बुढाले भने। माओवादी सेनाको पूर्वकमाण्डरसमेत रहेका बुढाले परिवर्तनमा ठूलो भूमिका खेलेका बेपत्ताहरूको स्थिति सार्वजनिक गर्न कम्युनिस्ट पार्टीको शक्तिशाली सरकारसँग मागसमेत गरे।

बेपत्ता आफन्तको स्थितिको बारेमा सत्यतथ्य थाहा नपाएर लामो समय आफन्तजन तड्पिरहेकाले यसको यथासिघ्र निकास दिनुपर्ने प्रमुख जिल्ला अधिकारी गन्जबहादुर एमसीको भनाइ छ। मृतकका परिवारको भन्दा बेपत्ता परिवारको पीडा दर्दनाक हुन्छ एमसीले भने। विषम परिस्थितिमा यस्ता घटना हुने औल्याउँदै सत्यतथ्य पत्ता लगाउन सबै पक्ष जिम्मेवार हुनुपर्ने एमसीले बताए।

# नाम मात्रको ५० शय्याको अस्पताल

**अनिल खत्री, गुल्मी**

गुल्मीको जिल्लामा रहेको अस्पताललाई १५ शय्याबाट सरकारले स्तरवृद्धि गरेर ५० शय्याको बनाएको वर्ष बित्यो। सरकाको त्यो घोषणा अहिले घोषणामा सीमित भएको छ। अस्पताल ५० बेडमा स्तरोन्नति भए पनि सोअनुसारको कर्मचारी व्यवस्थापन तथा भौतिक संरचनाको अभावले ३० बेडमा मात्रै सेवा प्रदान गर्दै आएको जिल्ला अस्पताल गुल्मीले जनाएको छ। दरबन्दी र भौतिक पूर्वाधार सुविधा १५ शय्याकै भएको अस्पतालमा अस्पताल विकास समितिले आन्तरिक श्रोतबाट थपेर ३० शय्यामा बिरामीको उपचार हुँदै आएको हो।

अस्पतालमा १० जना विशेषज्ञा डक्टरमध्ये ७ जना डक्टरको दरबन्दी खालि रहेको अस्पताल व्यवस्थापक कमल अर्यालले बताए। जसमध्ये १ जना विशेषज्ञ डक्टर र २ जना कागजमा रहेका डक्टरहरूले सेवा प्रदान गर्दै आएका छन्। जिल्ला अस्पताल गुल्मीमा कुल कर्मचारीसहित ५९ जनाको दरबन्दी भए पनि ३७ जना मात्रै रहेको व्यवस्थापक अर्यालले बताए।

अस्पताल विकास समितिले २४ जना स्वास्थ्य कर्मीहरूको दरबन्दीमा सहयोग गरेको छ। त्यस्तै नगरपालिकाबाट ४ जनाका लागि सहयोग गरेको अर्यालको भनाइ छ। छात्रवृत्ति करारबाट ४ जना २ जना डेन्टर सर्जनले सेवा दिँदै आएका छन्। लामो समयदेखि निक साइमन इन्स्टिच्युट काठमाडौंले पठाएको १ जना विशेषज्ञ डक्टर सेवा दिँदै आएका छन्।

अस्पतालमा तोकिएको दरबन्दीअनुसार डाक्टरहरू नहुँदा उल्लेख्य सेवा दिन नसकिएको डक्टर उत्तम पच्याले बताए। उनले दरबन्दीअनुसार डाक्टरहरू नभए पनि सेवा प्रवाहलाई सुधार ल्याउन केही नयाँ योजनाहरू अगि सारेको बताए। अस्पतालमा आउने बिरामीहरूको जाँचको सहजताका लागि बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म बिरामीको नाम दर्ता गर्ने समय अवधी राखिएको बताए।

सानो ठाउँ भएकाले र डाक्टरहरूलाई पनि काम हुने भन्दै डाक्टरहरू नै आउन नमान्ने गरेको अस्पताल विकास समितिका पूर्वअध्यक्ष शेरबहादुर थापाले बताए।



'जिल्ला अस्पताल तम्घासमा केन्द्रबाट डाक्टरहरू आउनै मान्दैनन्, आए पनि धेरै समय बस्दैनन्', उनले भने- 'उनीहरूका लागि अरु अवसरहरू पनि कम छन्।'

जिल्ला अस्पतालमा छिमेकी जिल्ला बाग्लुङ, अर्घाखाँची र प्युठानका समेत बिरामी उपचारका लागि आउँछन्। जसका कारण अस्पतालमा सेवाग्राहीको चाप निकै हुने गर्दछ। दैनिक २ सय जनासम्म बिरामीको स्वास्थ्य चेकजाँच हुने अस्पतालको रेकर्ड छ।

सरकारी अस्पतालप्रति जनताले विश्वास कम गर्ने र जाँदै नजाने गर्ने बानीप्रति परिवर्तन ल्याउन जिल्ला अस्पताल गुल्मीले आफ्ना सेवाबारे जनतालाई जानकारी गराएको छ। जिल्ला अस्पताल गुल्मीले पूर्वाधार तथा मानव संसाधनको कमी हुदाँहुदै पनि यस अस्पतालले गरेका उल्लेखनीय कामहरू सार्वजनिक गरेको छ। अस्पतालले बिहीबार तम्घासमा राखेको एक कार्यक्रममा १ वर्षमा गरेका प्रगति तथा आगामी दिनमा गर्नुपर्ने रणनीति सर्वजनिक गरेको हो।

अस्पतालले आर्थिक वर्ष ०७४/०७५ एक वर्षभरिमा सुरक्षित मातृत्वमा ७ सय ६८ प्रसूति भएको त्यसमध्ये ८६ जनाको शल्यक्रियाद्वारा सफल शल्यक्रिया गरेको जनाएको छ। जसमा १ जनाको अण्डबाहिनीमा गर्भ रहन गई अण्डबाहिनी नली फुटेको र पेटमा रगत बगेको बिरामीलाई शल्यक्रियामार्फत् बचाउन सफल भएको जिल्ला अस्पताल गुल्मीका प्रमुख डाक्टर उत्तम पच्याले बताए।

अस्पतालले जनरल सर्जरीअन्तर्गत हाइड्रोसिल, हर्निया, एपेन्डिक्स तथा काटिएको/छिनिएको मांसपेशीको जरा जोड्न सफल भएको समेत आफ्नो वार्षिक कार्यक्रममार्फत् जनाएको छ। सामान्य चिकित्सा तथा बालरोग सेवाअन्तर्गत दम, मुटु, निमोनिया, बाथ, थाइराइड, मधुमेह, उच्च रक्तचाप, एचआईभी, क्षयरोगको नियमित रूपमा अस्पतालमै उपचार सेवा दिइरहेको पच्याले बताए।

अस्पतालमा सामान्य रगतको जाँचदेखि कलेजोको कामको जाँच, बोसोको जाँच (लिपिड प्रोफाइल), नुन(सोडियम,पोटासियम) को जाँच, दिसापिसाब, रगतको जाँच तथा कल्चर सेवा, उच्चस्तरीय जिन एक्सपर्ट उपकरणद्वारा क्षयरोगको नियमित रूपमा परीक्षण गर्दै आइरहेको अस्पतालका व्यवस्थापक कमल अर्यालले बताए। अस्पतालमा बिग्रेका मेडिकल उपकरण मर्मत तथा व्यवस्थापनका लागि छुट्टै ल्याबको उचित प्राविधिक स्रोतसाधनसहित बायोमेडिकल इन्जिनियरिङ्ग फाँट सञ्चालनमा ल्याइएको डाक्टर पच्याले बताए।

विगत २ वर्षदेखि अस्पतालले आफ्नै फार्मेसी सञ्चालनमा ल्याई कार्यालय समयमा नियमित रूपमा सेवा दिइरहेको जिल्ला अस्पताल गुल्मीले जनाएको छ। अस्पतालका लागि ३५ रोपनी जग्गा आवश्यक पर्नेमा जम्मा १४ रोपनी मात्रै उपलब्ध भएकाले थप जग्गा आवश्यक परेको जिल्ला अस्पताल गुल्मीले जनाएको छ।

अस्पतालमा पर्याप्त भवन नहुँदा बिरामीको उपचारका लागि कठिनाइ भएको साथै सेवामा २४सै घण्टा खट्ने कर्मचारीका लागि आवासको व्यवस्था गर्न नसकिएको डाक्टर पच्याले बताए। जिल्ला अस्पताल गुल्मीले एक्सरे फाँटमा सीआर (कम्प्युटेट रेडियोग्राफी) उपकरण जडान गर्ने आगामी योजनामा राखेको जनाएको छ। स्वास्थ्य बीमा लागू भएपछि २४सै घण्टा फार्मेसी सञ्चालन गर्ने र अस्पतालको आफ्नै एम्बुलेन्स सेवा सञ्चालनमा ल्याउनेसमेत वार्षिक कार्यक्रममा उल्लेख छ।

गुणस्तरीय स्वास्थ्य सेवामा थप अब्बलता हासिल गर्न दरबन्दीअनुरुपका विशेषज्ञ डाक्टरहरूको पदपूर्तिका लागि आवश्यक पहल गर्ने डाक्टर पच्याले बताए। हाल १० वटा कन्सलटेन्ट डाक्टरमध्ये १ जनामात्रै कन्सलटेन्ट डाक्टरले मात्रै उपचार गर्दै आएका छन्। लैगिंक हिंसासम्बन्धी एकद्वार प्रणाली व्यवस्थापनको निरन्तरता गर्दै स्थानीय सरकार तथा विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी सहकार्य अगाडि बढाउने आगामी कार्ययोजनामा रहेको डाक्टर पच्याले बताए। उनले विद्युतीय हाजिरीको व्यवस्था गर्ने, अस्पतालका संवेदनशील भागमा सीसीटिभी जडान गर्ने स्पतालमा चमेनागृह सञ्चालनमा ल्याउने आगामी कार्य योजनामा रहेको बताए।

लक्षितवर्गका लागि निःशुल्क उपचार गर्न स्थानीय, प्रदेश तथा संघीय सरकारबाट छुट्टै बजेट विनियोजन नगरिएकाले समस्या भएको डाक्टर पच्याले बताए। निःशुल्क औषधी खरिदका लागि समयमै बजेट नआउनाले समस्या हुँदै आएको डाक्टर पच्याले कार्यक्रममा बताए। स्थानीय जनताहरूले अस्पतालको अपनत्व ग्रहण गर्न नसकिरहेकाले र स्थानीय सरकारबाट अस्पताल प्राथमिकतामा नपरेको बताए।

# पूर्वको गोसाइँकुण्ड

**गणेश साम्पाङ, तिम्बुपोखरी, पाँचथर**

नाक ठोकिने उकालोमा खरी जुका टिप्दै मकैको सातु खाँदै पहिलोपटक तिम्बुपोखरी पुगेका शंकर आङदेम्बले पोखरीको शुन्दरता देखेपछि फुरुङ्ग मात्र भएनन् पोखरीको डिलमा बसेर योगासमेत गरे।

पाँचथरको याङवरक २ र ताप्लेजुङको सिदिङमा गाउँपालिका वडा नं. १ को सिमानामा पर्ने तिम्बुपोखरी पर्यटकीय र धार्मिक दृष्टिले महत्त्वपूर्ण मात्र होइन पूर्वको गोसाइकुण्डको रूपमा परिचित छ। धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिएको तिम्बु पोखरीमा भाकल बुझाउन आउनेको भिड लाग्ने गरेको छ यतिबेला। आफूले १४ वर्षअघि तिम्बु पोखरीमा छोरा मागेको पूरा भएपछि त्यही छोराका साथ तिम्बु पोखरीमा भाकल बुझाउन आएका पाँचथर याङबरक गाउँपालिका वडा नं. १ च्याङथापुका बुद्धिमान राई तिम्बु पोखरी साक्षत् भगवान रहेको बताउँछन्। तिम्बु पोखरीको डिलमा भेटिएका राईले आफ्नो ४ सन्तान जन्मँन्दा पनि छोरीहरू मात्र भएपछि १४ वर्षअघि त्यही पोखरीमा आएर छोरा मागेको र छोरा जन्मेको बताए। तिम्बु पोखरीमा छोरा मागेर जन्मेको छोरा लिएर म यहाँ भाकल बुझाउन आएको उनले बताए। यो पोखरी साक्षत् भगवान हुन यहाँ चिताएको कुरा पुग्छ, छोरा माग्नेको छोरा भएको र छोरी माग्नेको छोरी भएको र त्यस्ता छोराछोरी माग्नेको संख्या गाउँमा निकै रहेको राई बताउँछन्।

तिम्बु पोखरीको नाम सुनेर ३ दिनको बाटो हिँडेर तिम्बु पोखरी आइपुगेकी ताप्लेजुङको सिदिङमा गाउँपालिका ६ मेहेलेस्थित निलगिरी मावि कक्षा १२ का उषा राईले पनि तिम्बु पोखरी साच्चै शुन्दर र मनमोहक रहेको बताइन्। दुर्गम ठाउँमा रहेको भए पनि तिम्बु पोखरी साँच्चै सुन्दर रहेको र पोखरीमा आएर तिम्बु पोखरीसित शैक्षिक सफलताका लागि आशिष मागेको बताइन्।

पहिलोपटक तिम्बु पोखरी आइपुगेका फाल्गुनन्द गाउँपालिका वडा नं. १ नवमीडाँडा पाँचथरका शंकर आङदेम्बे तिम्बु पोखरीको सुन्दरताले मन लोभ्याए पछि पोखरीको डिलमा बसेर योगासमेत गरे। तिम्बु पोखरी नाम जस्तै शुन्दर रहेछ आउँदाको दु:ख पोखरीवरिपरिको शुन्दरताले बिर्सैको उनी बताउँछन्। तिम्बु पोखरी साच्चै नकुदिएको हीरा रहेछ। पोखरीको दर्शन गर्न आउँदाको दु:खपरिपरि देखिएका डाँडाकाँडा फूलहरूले बिर्सिदियो आङदेम्बे भन्छन्।

समुद्री सतहदेखि ४ हजार ४ सय ८० मिटरको उचाइमा रहेको तिम्बु पोखरीपूर्वकै गोसाइकुण्डका रूपमा चिनिएको छ। तिम्बु पोखरी जानका लागि बाटो निमार्ण गर्नुपर्ने र ठाउँठाउँमा पर्यटकहरूका लागि बस्ने ठाउँ बनाउन सके तिम्बु पोखरी आउने पर्यटक तथा धार्मिक भक्तजनहरूको संख्या बढ्ने साबिक कालीखोला गाविसका पूर्वउपाध्यक्ष फौदसी बानियाँ बताउँछन्।



धार्मिक तथा जैविक विविधताले महत्त्वपूर्ण मानिएको तिम्बु पोखरीको वरिपरि हाँडी पोखरी, राम लक्षुमण पोखरी, लक्ष्मीपोखरी मयुरपोखरी दूध पोखरी भए पनि सबैभन्दा प्रमुखचाहिँ तिम्बु पोखरी नै रहेको चौरीपालक हरि भण्डारी बताउँछन्।

तिम्बु पोखरी धार्मिक पर्यटकीय हिसाबले मात्र होइन अन्य हिसाबले समेत महत्त्वपूर्ण छ। याङबरक गाउँपालिका वडा नं. २ फलैंचाका सञ्चारकर्मी समिर बेघा बताउँछन्। तिम्बु पोखरी जडिबुटिहरूको भण्डारका रूपमा समेत रहेको छ। यहाँ माइकोपिला, शर्मागुरु, पाँचऔंले, खोकिम कदमचाल (केन्जो) कुढकी बिखुब्मा जस्ता जडिबुटिहरूको भण्डारका रूपमा पनि रहेको हुनाले पनि तिम्बु पोखरी क्षेत्रको विशेष महत्त्व रहेको बेघा बताउँछन्।

नेपाल भारतको सीमा क्षेत्रमा पर्ने यो पोखरीको भारतीय भूमिमा लक्ष्मीपोखरी, मयुरपोखरी, भूतपोखरी, निरपोखरी, दूधपोखरी रहेको भए पनि साक्षत् भगवानका रूपमा भने नेपालको तिम्बु पोखरीलाई नै मान्ने गरेको दादोक बड्याखोप सिक्किमका दलबहादुर खड्का बताउँछन्। तिम्बुपोखरी शक्तिशाली र साक्षत् भगावान भएको हुनाले आफू चौथोपटक तिम्बु पोखरीको दर्शन गर्न आएको खड्का भन्छन्।

धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिएको तिम्बु पोखरीमा पूजा गर्न भाकल बुझाउन र यहाँको प्राकृतिक सुन्दरताको अवलोकन गर्दै पदयात्रा गर्न थुप्रै पर्यटक आउने भए तापनि यहाँ पर्यटकहरूका लागि बस्ने ठाउँ र किनेर खान पाउने ठाउँ नहुँदा सास्ती ब्यहोर्नुपरेको छ स्थानीय सरकारले यो क्षेत्रको विकासका लागि बजेट विनियोजन गरेर अझ पर्यटक तान्ने स्थान बनाउनुपर्ने तिम्बुपोखरी छेउमा रहेको थाङमा खोलाका चौरीपालक मनकुमार गौतम बताउँछन्।

पूर्वको गोसाइकुण्डको उपमा पाएको पाँचथर ताप्लेजुङको सिमानामा रहेको तिम्बु पोखरीलाई धार्मिक तथा पर्यटकीय दृष्टिले सम्पन्न बनाउन याङबरक गाउँपालिकाले आव २०७४/०७५ मा दुई सय मिटर ढुंगा छापेर बाटो निमार्ण गरिएको र अबको आर्थिक वर्षमा पनि तिम्बुपोखरीका लागि बजेटको व्यवस्था गर्न लागिएको याङबरक गाउँपालिकाका अध्यक्ष लेखनाथ घिमिरे बताउँछन्। तिम्बुपोखरीलाई पूर्वको पर्यटकीय गन्तव्य बनाउन याङबरक गाउँपालिकाले ठोस योजना बनाएर अघि बढ्ने गाउँपालिकाका उपाध्यक्ष कमलकुमारी योङहाङले बताइन्।

तिम्बु पोखरीमा दर्शन गर्न र पूजाअचर्ना गर्न नेपाल भारतबाट प्रशस्त मात्रामा धार्मिक भक्तजन तथा पर्यटकहरू आउने गर्छन् भने तेस्रो मुलुकबाट नेपाल भारतको पर्यटकीय क्षेत्र सन्दकपुर अनि पाँचथरको फालौट चिवाभञ्ज्याङ तिम्बुपोखरी हुँदै विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजघांको बेस क्याम्पसम्म पद यात्रामा जाने पर्यटकले समेत तिम्बु पोखरीको दर्शन गर्ने हुनाले तिम्बु पोखरी आसपास क्षेत्रमा पर्यटकहरूका लागि आधारभूत संरचना तयार गर्न सके जिल्लाको आर्थिक विकासमा महत्त्वपूर्ण टेवा पुग्ने देखिन्छ।

# 'आशैआशमा १७ वर्ष बित्यो'

**सरिता चलाउने, सल्यान**

शिद्धकुमाख गाउँपालिका वडा नम्बर ३ की डबली परियार श्रीमान् आउछन् कि भन्ने आशैआशमा १७ वर्ष बितिसकेको छ। उहाँको श्रीमान् बेपत्ता भएको १७ वर्ष भयो। सधैं सम्झिरहन्छु, तर अहिलेसम्म मेरो श्रीमान्को अत्तोपत्तो छैन। मेरा दिन आशैआशमा बित्ने भए, श्रीमान् आउने आशैआशमा उहाँका दिन बितेको बताउनुहुन्छ। 'सरकारले राहत दिलाए पनि आफूहरूको घाउमा मलम लगाउन नसेको बताउनुभयो। छोराछोरी पाल्नै गाह्रो छ, अब ठूला भइसके पढाउनुपर्छ, लेखाउनुपर्छ' -उहाँले भन्नुभयो, अलिकति भए पनि सरकारले छोराछोरीलाई पढाउने लेखाउने, रोजगारको व्यवस्था गरिदिएको भए ठूलो राहत हुन्थ्यो। पटकपटक छानबिनका लागि आयोग जिल्लामा आए पनि काम गर्न नसकेको परियारले बताउनुभयो।

यस्तै बागचौर नगरपालिका वडा नं.९ का बेपत्ता परिवारका घमण्ड बुढाथोकीले द्वन्द्वकालमा आफ्नो छोरा बेपत्ता भएकाले छोराको मासु र रगत खाएको भए पनि हड्डी उपलब्ध हुनुपर्ने बताउनुभयो। २०५८ साल चैत्र महिनामा छोरालाई बेपत्ता पारिदिएकाले अझै छोरो आउँछ भन्ने आशमा रहेको उहाँले बताउनुभयो। यदि बेपत्ता पारेकाले छोरालाई राखेको भए दिन अनुरोध गर्नुभयो।

हार्दिक श्रद्धाञ्जली



जन्म :
१९८८ कार्तिक १० गते

स्वर्गारोहण :
२०७५ भाद्र ०४ गते

स्व. सुवर्ण देवी न्याछ्यों

मल्टी डिसिप्लिनरी कन्सल्टाण्ट्स प्रा.लि. का प्रबन्ध संचालक श्री नदन लाल न्याछ्योंज्यू तथा संचालक श्री विजय लाल न्याछ्योंज्यूको परम पुजनीय माता श्री सुवर्ण देवी न्याछ्यों को २०७५ भाद्र ०४ गते सोमबारको दिन असामयिक स्वर्गारोहण भएको आज तेह्रौं दिनको पूण्यतिथिको अवसरमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

मल्टी डिसिप्लिनरी कन्सल्टाण्ट्स प्रा.लि.
मल्टी ल्याब प्रा. लि.
मल्टी फर्मास्यूटिकल लाबोरेटोरीज (प्रा). लि.
कुपण्डोल, ललितपुर



# विश्व

## आक्रोश



अगस्ट १६ मा राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध प्रेस ऐक्यबद्धतास्वरूप प्राय: अखबारले सम्पादकीय प्रकाशित गरेकामा आक्रोशित हुँदै वोस्टन ग्लोबका सम्पादकलाई मार्ने धम्की दिएका ६६ वर्षीय रोबर्ट चेन (बायाँ)। उनले पत्रकारलाई जनताका सत्रु बताएका छन्।

## मंगल यान



अमेरिकी अन्तरिक्ष तथा हतियार निर्माण कम्पनी लकहिडले बनाइरहेको ओरियन अन्तरिक्ष यान। उक्त यानलाई नासाको मंगल अभियानका लागि केप क्यानभेरलमा पुऱ्याइएको छ।



## विश्व २ मिनेट

### भारत

#### अदालतको आदेश

नयाँ दिल्ली, (एजेन्सी)

भारतको पश्चिम बंगालस्थित एक अदालतले सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष अमित शाहलाई अदालतमा उपस्थित हुन बिहीबार आदेश दिएको छ। उनले फौजदारी कानुनको उल्लंघन गरेको अभियोगमा चलाइएको मुद्दाको सुनुवाइ गर्दै अदालतले उनलाई यो आदेश दिएको हो। सोही राज्यका मुख्यमन्त्री तथा सत्तारुढ दल तृणमूल कंग्रेस पार्टीका वरिष्ठ नेता ममता बेनर्जीको भतिजा अभिषेक बेनर्जीले दिएको मुद्दाका आधारमा अदालतले शाहलाई यो आदेश दिएको हो। शाहले आफ्नो गल्ती स्वीकार्दै माफी माग्ने अपेक्षा गरिएको छ।

### नर्वे

#### पद त्याग

ओस्लो, (एजेन्सी)

नर्वेका यातायातमन्त्रीले आफ्नी पत्नीको करियरलाई अघि बढाउन सहयोग गर्ने उद्देश्यले आफ्नो पदबाट राजिनामा दिने निर्णय गरेका छन्। मन्त्री केटिल सोल्विक ओल्सकेटिल सोल्विक ओल्सनले एक सरकारी टेलिभिजन च्यानललाई बताएका छन्- 'मन्त्रीको हैसियतले काम गर्दाको अनुभव निकै रमाइलो रहेको छ। यदि वास्तवमा चाहेको भए जिन्दगीभर मन्त्रीका रूपमा काम गर्न सक्थें। तर अब आफ्नो करियरको सपना पूरा गर्ने पालो मेरी पत्नीको हो।' उनकी पत्नी टोन सोल्विक ओल्सनले अमेरिकाको एक बाल अस्पतालमा काम गर्न लागेकी छिन्।

### पाकिस्तान

#### ऱ्याली स्थगित

इस्लामावाद, (एजेन्सी)

मुस्लिम जगत्को व्यापक विरोधपछि डच सांसदले आयोजना गर्ने भनिएको पैगम्बर मोहम्मदको कार्टुन प्रदर्शन कार्यक्रम रद्द गरेका छन्। दक्षिणपन्थी विपक्षी नेता गिर्ट विल्डर्सले ज्यान लिने धम्की आएपछि आफूले कार्टुन प्रतियोगिता रद्द गर्ने फैसला गरेको बताए। गिर्टले आफ्नो ज्यानसँगै अन्य ज्यानको पनि चिन्ता रहेको बताए। यदि प्रतियोगिता आयोजना गराएमा कैयौं नागरिकको ज्यान खतरामा पर्न सक्ने उनले बताए। कार्टुन प्रतियोगिता रद्द भएपछि पाकिस्तानमा त्यसको विरोधमा आयोजना भइरहेको ऱ्याली स्थगित भएको छ। उक्त ऱ्याली बुधबार लाहौरबाट शुरू भएको थियो।

### अमेरिका

#### नयाँ दिल्लीमा बैठक

वासिङ्टन, (एजेन्सी)

अमेरिका र भारतबीच अर्को हप्ता नयाँ दिल्लीमा हुने बैठकअगाडि ट्रम्प प्रशासनले एच-१ बी भिसा जारी गर्ने प्रक्रियामा कुनै परिवर्तन नगर्ने जनाएको छ। बैठकमा भारतीय विदेशमन्त्री सुषमा स्वराजले उक्त भिसाको मुद्दा उठाउन सक्ने सम्भावना व्यक्त गरिएको छ। यसअिघ स्वराजले ह्वाइट हाउस र त्यहाँका राज्य प्रशासन र सांसदहरूसँग वार्ता गरेको जानकारी दिएकी थिइन्। सेप्टेम्बर ६ मा हुन लागेको 'दुई जोड दुई' बैठकको तयारीमा रहेको एक वरिष्ठ अधिकारीले बताए। तर उक्त मुद्दामा कुनै परिवर्तन नहुने भएपछि केही भनिरहनुको पनि कुनै अर्थ नहुने उनले बताए।

# जापानले प्रतिरक्षा बजेटमा भारी मात्रामा वृद्धि गर्ने



टोक्यो, (एजेन्सी)

जापानको रक्षा मन्त्रालयले शुक्रबार उत्तर कोरिया र चीनलाई चुनौती दिने उद्देश्यले आफ्नो क्षेप्यास्त्र प्रणाली र हवाई क्षमता सुदृढ बनाउन ठूलो बजेट प्रस्ताव गरेको छ।

आगामी अप्रिलदेखि शुरू हुने नयाँ आर्थिक वर्षका लागि जापानी रक्षा मन्त्रालयले ४७ अर्ब अमेरिकी डलरको बजेट माग गरेको छ। विगत ७ वर्षदेखि लगातार वृद्धि भइरहेको रक्षा बजेटमा गतवर्षको तुलनामा यसपटक २ दशमलव १ प्रतिशत थप वृद्धि गरिन लागेको हो।

उत्तर कोरियाली आणविक र क्षेप्यास्त्रका खतराबाट मुलुकलाई सुरक्षित राख्ने उद्देश्यले जापानले अमेरिकामा निर्मित २ वटा एजिस एसोर क्षेप्यास्त्र प्रणाली, ६ वटा अमेरिकी एफ-३५ लडाकू विमान तथा २ वटा इ-२ डी हकआई राडार लडाकू विमान खरिद सूचीमा रोखेको छ।

जापानको प्रतिरक्षा विश्लेषणमा चीनको बढ्दो सैनिक क्षमतलाई पनि प्राथमिकता दिइएको छ। जापानको रक्षा मन्त्रालयको विश्लेषणअनुसार चीनले एसियामा मात्र नभई जापानलगायतका अन्तर्राष्ट्रिय समुदायसामू सुरक्षा चासो र चिन्ता सिर्जना गरेको छ।

पूर्वी चिनियाँ सागरका साना द्वीपमाथिको स्वामित्वका विषयमा लिएर देखिएको चीनको अति महत्त्वाकांक्षी र आक्रामक व्यवहारका कारण जापानलगायत सो क्षेत्रका अन्य मुलुकहरूले सावधानीपूर्वक सुरक्षा नीतिका कदम चालिरहेका छन्। चीनले गत ८ मार्चमा सार्वजनिक गरेको प्रतिरक्षा बजेटमा ८ दशमलव १ प्रतिशतले वृद्धि गरी सन् २०१८ का लागि १ सय ७५ अर्ब अमेरिकी डलर पुऱ्याएको हो।

गत जुन १२ मा सिंगापुरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनबीच भएको ऐतिहासिक वार्तापछि पनि कोरियाली प्रायद्वीपमा आणविक निशस्त्रीकरण मामिलामा सन्तोषजनक प्रगति हुन सकेको छैन। हुनत सो शिखर वार्तालगत्तै ट्रम्पले अब अन्तर्राष्ट्रिय जगत्लाई उत्तर कोरियाली आणविक खतरा नभएको प्रतिक्रिया दिएका थिए। प्योङयाङले पनि त्यतिबेला नै आफूले आणविक परीक्षणस्थल नष्ट गरेको घोषणा गरेको थियो।

तर पछिल्ला केही दिनयता अमेरिका र उत्तर कोरियाबीचको सम्बन्ध एकचोटि पुन: चिसिएको देखिन्छ। राष्ट्रपति ट्रम्पले विदेशमन्त्री माइक पोम्पेओको उत्तर कोरियाको पूर्वनिर्धारित भ्रमण एकाएक स्थगित गरेका थिए।

# ट्रम्पको डब्ल्यूटीओ छाड्ने धम्की

वासिङ्टन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व व्यापार संगठन (डब्ल्यूटीओ) ले आफ्नो मुलुकलाई अन्यायपूर्ण व्यवहार गरिरहेको दाबी गर्दै शुक्रबार अमेरिकालाई यसबाट अलग्याउने चेतावनी दिएका छन्।

ब्लुमवर्ग न्युजलाई अन्तर्वार्ता दिने क्रममा ट्रम्पले यदि डब्ल्यूटीओले आफूलाई नसुधार्ने हो भने आफू त्यसबाट अलगिने बताएका छन्। राष्ट्रहरूबीच आपसी विवाद हटाउँदै विश्वव्यापी व्यापारमा नियम बनाउनका लागि डब्ल्यूटीओको स्थापना गरिएको थियो।

ट्रम्पले हालै केही न्यायसंगत निर्णय गरेको भए तापनि यस निकायले प्राय: अमेरिकाविरुद्ध नियमहरू बनाउने गरेको गुनासो गरेका छन्। यसै वर्षको शुरूमा पनि ट्रम्पले फक्स न्युजलाई बताएका थिए- 'अमेरिकाबाहेक अरू सबैलाई फाइदा पुऱ्याउनका लागि डब्ल्यूटीओको स्थापना गरिएको हो। हामीले डब्ल्यूटीओमा झन्डै सम्पूर्ण मुद्दा मामिला हार्ने गरेका छौं।' ट्रम्पको रक्षावादी व्यापार नीतिसँगको डब्ल्यूटीओ निर्देशित खुला व्यापार प्रणालीको विवाद र तनावका कारण पनि ट्रम्पले यो चेतावनी दिएको हुनुपर्ने अनुमान गरिएको छ।

# दुई वर्षे बालक चेन स्मोकर

जाभा, (एजेन्सी)



धुमपान स्वास्थ्यका लागि अत्यन्तै हानिकारक मानिन्छ। अझ यसको लत लाग्नु त झन खतरनाक हो। यदि कुनै २ वर्षको बालकलाई यसको लत लागेमा के हुन्छ। इन्डोनेसिकाको पश्चिम जाभाका २ वर्षीय रापी आनन्दा एक चेन स्मोकर बनिसकेका छन्। विज्ञहरूका अनुसार यदि रापीको लत चाँडै नछुट्ने हो भने उनलाई कैयौं स्वास्थ्यसम्बन्धी समस्या आउन सक्छ। साथै उनको मस्तिष्कमा नराम्रो असर पर्न सक्छ।

यदि रापीलाई सिगरेट दिइएन भने उनी अत्यन्तै आक्रामक हुने गरेको रापीकी आमाले बताएको द सनले समाचारमा उद्धृत गरेको छ। साथै उनले भनिन्- 'एक समय त्यस्तो पनि आएको थियो, जब उनका छोरा अरूसँग सिगरेट माग्दै हिंड्थे र नपाएपछि उनी आफ्नो कपाल आफै भुत्ल्याउने गर्थे। त्यस्तो नगरोस् भनेर उनकी आमाले उनलाई हरेक दिन रापीका लागि चुरोटको २ प्याकेट किनेर दिने गर्थिन्।'

रापीलाई यो बानी उनकी आमाको पसल वरपर पिएर फालेका चुरोट खान थालेपछि भएको हो। त्यहाँ वरपरकाले ठट्टामा उनलाई चुरोट सल्काइदिने गरेका थिए। खुसीको कुरा के हो भने सरकारी अधिकारीहरूको मद्दतले रापीले अब धुमपान छोड्न थालेका छन्।


# चीनले जासुसीमा लिंक्डइनको प्रयोग गरेको अमेरिकाको आरोप

वासिङ्टन, (एजेन्सी)

चीनले अमेरिकामा सामाजिक सन्जाल साइटमार्फत सरकारी तथा व्यावसायिक गोप्य जानकारी भएका अमेरिकी नागरिकलाई समूहको सदस्य बनाइरहेको छ, अमेरिकी गुप्तचर निकायले आरोप लगाएको छ।

चीनको जासुसी एजेन्सीले सामाजिक सन्जाल साइट लिंक्डइनमा नक्कली प्रोफाइल बनाएर उक्त कार्य गरिरहेको बताइएको छ। चीनको उक्त गतिविधिका बारेमा गुप्तचर अधिकारीहरूले लिंक्डइनलाई सचेत गराइसकेको अमेरिकी प्रतिजासुसी प्रमुख विलियम इवानिनाले समाचार एजेन्सी रोयटर्सले बताइन्।

चीनले एकपटकमा हजारौं लिंक्डइन सदस्यसँग सम्पर्क गरिरहेको इवानिनाले बताइन्।




यद्यपि अहिलेसम्म अमेरिकी गुप्तचर निकायले कतिवटा नक्कली प्रोफाइल पक्रेको छ र चीन त्यसमा अहिलेसम्म कतिजनालाई संलग्न गराउन सफल भएको छ भन्ने विषयमा उनले बताएकी छैनन्।

हालै मात्र ट्विटरले लाखौं नक्कली अकाउन्ट हटाएको र लिंक्डइनले पनि यस्तै कदम उठाओस् भन्ने उनले चाहेको इवानिनाले बताए।

जर्मनी र बेलायतले पनि आफ्ना नागरिकलाई चीन लिन्कडेनको प्रयोगबाट जासुसहरू भर्ना गरिरहेकामा सचेत गराएका छन्। तर यस विषयमा सार्वजनिक रूपमा अमेरिकी अधिकारीले बोलेको पहिलोपटक हो। अमेरिकी अधिकारीका अनुसार यसमा सुपर कम्प्युटिङ, न्युक्लियर इनर्जी। नेनोटेक्नोलोजी, सेमी कन्डक्टर्स, स्वास्थ्य उपचार, बीउ तथा हरित उर्जाजस्ता क्षेत्रलाई निसाना बनाइएका छन्। प्राज्ञिक जगत्सँग आबद्ध व्यक्ति तथा वैज्ञानिकलाई व्यावसायिक दस्ताबेजका लागि पैसाको प्रस्ताव गरिएको हुन्छ।

लिंक्डइनका ट्रस्ट एन्ड सेफ्टी प्रमुख पल रकवेलले पनि यस घटनाको पुष्टि गरेको छ। चीनद्वारा अमेरिकामा जासुसहरूको भर्नाका विषयमा अमेरिकी गुप्तचर संस्थानसँग छलफल गरिरहेको उनले बताए। यस प्रकारको गतिविधिलाई रोक्न हरसम्भव प्रयास गरिरहेको रकवेलले जानकारी दिए। यद्यपि रकवेलले पनि चिनियाँ गुप्तचर निकाससँग जोडिएका नक्कली अकाउन्टहरूको जानकार दिन अस्वीकार गरे।

चीनको विदेशमन्त्रालयले अमेरिकाको उक्त आरोपको खन्डन गर्दै अमेरिकाले भनेका सबै निराधार र कपोकल्पित भएको बताए।

# चलचित्र निर्मातालाई जासुसीको आरोप

नोमपेन्ह, (एजेन्सी)

कम्बोडियाको एउटा अदालतले अज्ञात राष्ट्रका लागि जासुसी गरेको अभियोगमा शुक्रबार एकजना अस्ट्रेलियाली चलचित्र निर्मातालाई ६ वर्ष लामो काराबास सजाय तोकेको छ।

६९ वर्षीय जेम्स रिकेटसनलाई सन् २०१७ को जुनमा विपक्षी राजनीतिक समूहले आयोजना गरेको एउटा विरोध ऱ्यालीमा ड्रोन क्यामेरा उडाउँदै गर्दा प्रहरीले गिरफ्तार गरेको थियो।

तर रिकेटसनले भने आफूविरुद्ध लगाइएका आरोपहरू अस्वीकार गरेका छन्। उनका वकिलले यस निर्णयविरुद्ध माथिल्लो अदालतमा अपिल गर्ने बताएका छन्। नोमपेन्हको अधिनायकवादी सरकारले सरकार विरोधिमाथि व्यापक दमन गर्ने क्रममा उनी पनि पक्रिएका हुन्।

विगत २० वर्षभित्र पटक-पटक कम्बोडियाको भ्रमण गरेका उनी प्रधानमन्त्री हुनसेनको कट्टर



आलोचकका रूपमा चिनिन्छन्। स्थानीय सरकार समर्थित सञ्चारमाध्यमले उनलाई आन्दोलन उस्काउन जासुसी गर्ने चलचित्र निर्माताको संज्ञा दिएको छ।

सजाय सुनाउने क्रममा नोमपेन्ह महानगरपालिका अदालतका न्यायाधीश सेङ लियाँगले सन् २०१० को डिसेम्बरदेखि २०१७ को जुनबीच उनले राष्ट्रलाई घात हुने खालका सूचना संकलन गरेको बताएका छन्।

भारतको बहाराइच जिल्लाका सुरक्षाकर्मीको सहयोगमा भारतीय जंगलमा खोजतलास गर्दा चौधरीले लगाएको कपडा आफन्तले चिनेका थिए।



ललितपुरमा आज नरसिंह जात्रा नगर परिक्रमा गरियो, देवी लक्ष्मी र सरस्वतीका साथ नरसिंहको पछाडि हिरण्याक्ष र हिरण्य कश्यपुको प्रतीक मानिने दुई पुतला लिएर नगर परिक्रमा गरियो।
तस्वीर : उजोल डंगोल/काठमाडौं

# भारतीय जंगलमा एक नेपालीको मृत्यु, २ बेपत्ता

विष्णु तिमिल्सिना, बर्दिया

बर्दियाको राजापुर नगरपालिका-६ बाट माछा मार्न भारतीय जलचर क्षेत्रमा पुगेका ४ जना नेपालीमध्ये १ जनाको मृत्यु भएको छ भने अर्का १ घाइते र २ जना बेपत्ता भएका छन्। राजापुर नगरपालिका-६ महुवाका ४ जना नेपाली माछा मार्न भारतीय जलचर क्षेत्रमा पुगेका थिए। भदौ ७ गते माछा गएकाहरू नफर्केपछि आफन्तले भदौ १० गते खोजी गरिदिन ईलाका प्रहरी कार्यालय राजापुरका निवेदन दिए।

ईलाका प्रहरी कार्यालय राजापुरले भारतीय प्रहरीसँग समन्वय गरी खोजतलास गर्दा हराएका ४ जनामध्ये ईन्द्रबहादुर चौधरीको शव जंगली जनावरले खाएको क्षतविक्षत अवस्थामा भेटिएको छ भने गोपाल चन्द घाइते अवस्थामा भेटिएका छन्।



अन्य २ वीरेन्द्र शाह र बालकृष्ण थारुको अवस्था अज्ञात रहेको छ। भारतको बहाराइच जिल्लाका सुरक्षाकर्मीको सहयोगमा भारतीय जंगलमा खोजतलास गर्दा चौधरीले लगाएको कपडा आफन्तले चिनेका थिए। मृतक चौधरीको शव पोस्टमार्टमपछि आफन्तको जिम्मा लगाउने तयारी भएको भारतीय प्रहरीले जानकारी दिएको छ। हराइरहेकाको खोजी कार्यलाई तीव्रता दिएको बताइएको छ।

# प्राइमका प्रबन्धकसहित तीन जनालाई ठगी मुद्दा

नेपाल समाचारपत्र
विराटनगर

९ मा रहेको प्राइम सहकारी बचत तथा ऋण सहकारी संस्था लि को करौडौं रूपियाँ अपचलन गर्ने प्रबन्धकसहित ३ जनालाई ठगीअन्गर्तत मुद्दा दर्ता गरिएको छ।

जिल्ला प्रहरी कार्यालय मोरङले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ को परिच्छेद ३ को दफा ३२ अन्तर्गत दायर गरेको अभियोगपत्र सरकारी वकिलको कार्यालयलाई बुझाएपछि अदालतमा मुद्दा दर्ता गरेको हो।

सरकारी वकिलको कार्यालयले सहकारीका प्रमुख विराटनगर इन्द्रलाल श्रेष्ठ, प्रबन्धक तथा सचिव विराटनगरका ईश्वर श्रेष्ठ र उपाध्यक्ष विराटनगर-३ का विष्णुप्रसाद सुवेदीलाई ठगीअन्तर्गत मुद्दा दर्ता भएको जिल्ला अदालत मोरङका श्रेस्तेदार नवराज दुलालले जानकारी दिए।

पक्राउ परेका ३ जनासहित अन्य ९ जनालाई फरार प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ। प्रतिवादीहरूको बयान हिजो दिउँसोदेखि जिल्ला न्यायाधीश दीपक खनालको ५ नम्बर इजालसमा बयान शुरू भएको श्रेस्तेदार दुलालले जानकारी दिए।

प्रतिवादीहरूको बयान सकिएपछि थुनछेक बहस हुनेछ। लामो समयदेखि विराटनगर-९ बाटारोडमा सञ्चालनमा आएको सहकारीले २ सय ६८ जना बचतकर्ताको जाहेरीमा ३ करोड ९७ लाख ९५ हजार ३ सय ३३ रूपियाँ बिगो माग दाबी गर्दै जिल्ला प्रहरी कार्यालय मोरङमा उजुरी दिएको मोरङ प्रहरी प्रमुख एसपी मनोजकुमार केसीले जानकारी दिए। सहकारीमा १ जना बचतकर्ताले २२ लाख रूपियाँभन्दा बढी जम्मा गरेको पाइएको छ।

# संघीय सरकारविरुद्ध प्रदेशका मन्त्री

## संविधान मिचियो : मन्त्री जम्कट्टेल

नेपाल समाचारपत्र
हेटौंडा

संघीयताको पहिलो अभ्यास चलिरहँदा केन्द्र र प्रदेश सरकारबीच अधिकार विवादले अन्योलता बढाएको छ। प्रदेश र संघीय सरकारबीच विभिन्न मामिलामा विवाद देखापर्ने गरेको हो।

प्रदेश-३ सरकार र संघीय सरकारबीच आपसी समन्वय तथा तालमेल नमिल्दा दुरी बढ्ने आशंका छ। प्रदेशले आफूलाई स्वायत्त बनाउन खोज्ने तर संघीय सरकारले नमान्दा विवाद देखिएको हो।

समाधानका लागि प्रदेश सरकारलाई स्वायत्त बनाएर संघीय सरकारले सहकार्य गर्नुपर्ने भए पनि प्राय: त्यस्तो अवस्था देखिँदैन। स्वायत्त हुन चाहने प्रदेश सरकारहरू र काबुमा राख्न खोज्ने संघीय सरकारको प्रवृत्तिले सानो विषयमा पनि टकराब देखिन थालेको छ।

अधिकारमा केन्द्रीकृत मानसिकताले संघीय सरकार र प्रदेश सरकारबीच विवाद बढेको हो। अधिकार प्रत्यायोजन नगर्दा विवाद बढेको देखिएको हो। प्रदेश सरकारले अधिकार ग्रहण गर्न खोजेको छ। संघीय सरकारले यसलाई छेके विवाद झन् बढ्नेछ। प्रादेशिक सरकारको हकअधिकारको मुद्दामा यहाँ सत्तापक्ष र प्रतिपक्षको मत मिल्छ।

यही क्रममा प्रदेश-३ का आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले संघीय सरकारले संविधान मिचेको आरोप लगाउनुभएको छ। प्रदेश मामिला समितिको आयोजनामा 'संघीयतामा प्रदेशको शान्ति/सुरक्षा र प्रदेश प्रहरी' विषयक एक दिवसीय अन्तर्क्रियाको शुक्रबार हेटौंडामा उद्घाटन गर्दै उहाँले हाल प्रदेशको अधिकार संघीय सरकारले खोसेको आरोप लगाउनुभएको हो।

संघीयतामा प्रदेशमा रहने प्रहरी ऐन कस्तो बनाउने भनेर प्रहरी नै बोल्ने बेला आएको बताउँदै जम्कट्टेलले भन्नुभयो- 'सुरक्षासम्बन्धी कानुन बनाइरहँदा प्रदेशका प्रमुख डीआईजी, नेपाली सेना, सशस्त्र प्रहरी र अनुसन्धान बोल्ने बेला आएको छ। आफ्नो कानुन बनाउँदा आफैं नबोलेर के गर्ने ? पछि 'राजनीतिक हस्तक्षेप भयो' भन्न पाइँदैन।' प्रहरी ऐन बनाउँदा पूर्वप्रहरी मात्र बोल्ने नभएर बहालवाला प्रहरी पनि बोलेर यससम्बन्धी कानुन बनाउन सघाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रदेश प्रहरी ऐन बनाउन आफूहरू त्यति नहतारिएको बताउँदै उहाँले भन्नुभयो- 'यो पहिलो चरणको छलफल हो। यस्ता छलफल बढाएर प्रदेश प्रहरी ऐन बनाउनतिर लाग्छौं।' प्रदेश सरकार संघीय कानुनसँग नबाझिने गरी कानुन बनाउन लागिपरेको बताउँदै उहाँले कानुन बनाउने बेलामा धेरै छलफल गर्न सरकार कुनै हालतमा नचुक्ने आश्वस्त पार्नुभयो।

गृहमन्त्री रामबहादुर थापाले जनकपुर गएर प्रदेश प्रहरी ऐनप्रति असन्तुष्टि व्यक्त गरेपछि प्रदेश-३ ले भने 'पर्ख र हेर' को नीति लिएको देखिएको छ। प्रदेश-२ सरकारको मन्त्रिपरिषद्ले पारित गरेको प्रदेश प्रहरी ऐन दुई सरकारबीचको दुरी बढाउने कारणका रूपमा देखिएपछि प्रदेश-३ केही सतर्क देखिएको स्रोतको दाबी छ।

प्रदेश-३ मा नेकपाकै सरकार रहेकाले उति समस्या नहोला। तर अब भने परेका समस्याबारे मन्त्रीहरूले मुख खोल्न थालेका छन्। प्रदेश सरकारले भने अधिकारको सहज उपभोग गर्न खोजेको छ।

प्रदेश सरकारले केन्द्र सरकारसँग समन्वय गरेर काम गर्ने मन्त्री जम्कट्टेलको भनाइ छ। संघीयताको नयाँ अभ्यासबाट आफूहरू चलेको उहाँले बताउनुभयो। हाल ३ वटा सरकारका अधिकार बराबर रहेको उहाँको तर्क छ। नेपालको संविधान २०७२ मा प्रदेश सरकारले आफ्नो प्रहरी र प्रशासन आफैं व्यवस्था गर्न सक्ने उल्लेख छ। प्रदेश प्रहरी, प्रशासन र शान्ति/सुरक्षाको व्यवस्था गर्ने अधिकार प्रदेश सरकारको रहेको संविधानमा उल्लेख छ।

कार्यक्रममा प्रदेश मामिला समिति सभापति माधव पौडेलले प्रदेशमा शान्ति/सुरक्षा कायम गर्न आफूहरू लागिपरेको बताउनुभयो। प्रदेश प्रमुख सचिव आनन्दराज ढकालले संघीयता कार्यान्वयनको चरणमा रहेको बताउनुभयो।

# मोदी अघिअघि राहुल पछिपछि

काठमाडौं, (नेस)



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी काठमाडौं आएका बेला भारतीय प्रतिपक्षी दल कंग्रेस आईका अध्यक्ष राहुल गान्धी पनि काठमाडौं आइपुग्नुभएको छ।

गान्धी राजनीतिक र औपचारिक भ्रमणभन्दा पृथक धार्मिक भ्रमणका सिलसिलामा नेपाल आउनुभएको हो। पशुपतिको दर्शनसहित कैलाश मानसरोवर यात्राका लागि उहाँ शुक्रबार दिउँसो काठमाडौं आइपुग्नुभएको हो। गान्धीले आज शनिबार बिहान पशुपति दर्शन गरेर दिउँसो नेपालगञ्ज, हुम्ला हुँदै मानसरोवर यात्रातर्फ प्रस्थान गर्ने तयारीमा रहनुभएको बताइएको छ।

# नेपाललाई थाइल्यान्डको सहयोग

काठमाडौं, (नेस)

३ वर्षअघिको महाभूकम्पका बेला नेपाललाई सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको थाइल्यान्डले ३ वर्षपछि सहयोग हस्तान्तरण गरेको छ। सो मुलुकले करिब १७ करोड रुपियाँ हाराहारीको सहयोग उपलब्ध गराएको हो।

प्रधानमन्त्री केपी शर्मा ओली र उहाँका थाई समकक्षी प्रयुट च्यान ओचाको भेटवार्ताका क्रममा च्यानले सहयोग हस्तान्तरण गर्नुभएको हो। सो रकम चिकित्साक्षेत्र र स्वास्थ्य उपकरण खरिदमा खर्च हुने बताइएको छ। बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) सम्मेलनमा सहभागी हुन नेपाल आउनुभएका च्यान र ओलीबीच शुक्रबार द्विपक्षीय भेटवार्ता भएको हो।

यसैबीच सम्मेलनमा सहभागी भएर म्यानमारका राष्ट्रपति विन मिन्ट, बंगलादेशकी प्रधानमन्त्री शेख हसिना वाजेद, थाई प्रधानमन्त्री च्यान र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी शुक्रबार स्वदेश फर्कनुभएको छ। उहाँहरूलाई उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गर्नुभएको थियो। विशिष्ट पाहुना स्वदेश फर्किने भएसँगै शुक्रबार दिनभरजसो त्रिभुवन विमानस्थलको हवाई सेवा प्रभावित भएको थियो।

विमानस्थलमा बढेको एयर ट्राफिकका कारण थाई प्रधानमन्त्री च्यानलाई लिन आएको विमान आकाशमा धेरै बेर होल्ड भएको बताइएको छ। सम्मेलनमा सहभागी हुन आउनुभएका श्रीलंकाली राष्ट्रपति मैथ्रीपाला श्रीसेना आज शनिबार लुम्बिनी भ्रमणमा जाँदै हुनुहुन्छ भने उहाँ भोलि आइतबार मात्रै स्वदेश फर्कने तयारीमा हुनुहुन्छ। भुटानका अन्तरिम सरकारका प्रमुख सल्लाहकार छिरिङ वाङचुक शनिबार स्वदेश फर्कंदै हुनुहुन्छ।

# दुई भारतीय तीर्थयात्रीको मृत्यु

सीमकोट, (नेस)

कैलाश-मानसरोवर दर्शन गर्न गएका भारतीय २ तीर्थयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा धार्मिकस्थल कैलाश मानसरोवर दर्शन गरी फर्केका भारत बेङ्गलोरका वसन्तीलक्ष्मी समना र महाराष्ट्रका भारतका शान्ता बाजिरोहावाको मृत्यु भएको हो। वसन्तीलक्ष्मी समना चीनको ताक्लाकोटमै मृत्यु भएपछि ताक्लाकोटमै पोस्टमार्टम गरी नेपालगञ्ज लगिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक रविन श्रेष्ठले जानकारी दिएका छन्। उनले शान्ता बाजिरोहवाको हिल्सामा रहेको स्नेहा होटेलमा खाना खाएर सुतेका र राति अचानक मृत्यु भएको हिल्सा सीमाना प्रहरी चौकीलाई उद्धित गर्दै जिल्ला प्रहरी कार्यालय हुम्लाले बताएको छ।

हालसम्म मानसरोवर कैलाश दर्शन गर्नाका लागि हुम्लाको हिल्सा नाका हुँदै कैलाश दर्शन गर्न जाने भारतीय तिर्थयात्रीको मृत्यु हुनेको संख्या १३ पुगेको छ।

# नेपालगञ्जको १२ नम्बर पूर्ण भर्ना वडा घोषणा

बाँके, (नेस)

नेपालगञ्ज उपमहानगरपालिकाको वडा नं. १२ आधारभूत तहमा पूर्ण भर्ना वडा घोषणा भएको छ।

'हामी सबैको इच्छा, अनिवार्य र नि:शुल्क आधारभूत शिक्षा' भन्ने मूल नाराका साथ वडा नं. १२ ले शुक्रबार एक समारोहको आयोजना गरी ४ देखि १२ वर्ष उमेर समूहका बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गरेको हो।

वडा नं. १२ मा ४ देखि १२ वर्षका १ हजार ४८ बालबालिका रहेका छन्। तीमध्ये १ जनामात्रै विद्यालयभन्दा बाहिर रहेका छन्। आमाबबा नभएकी ती बालिकालाई वडा कार्यालयले सहयोग गरेर भर्ना गरिदिने वडाध्यक्ष बुद्धिसागर सुवेदीले बताउनुभयो।

२०७४ को आधारभूत तहको आसत सिकाइ उपलब्धि ६५ प्रतिशत रहेको छ। कक्षा उत्तीर्ण ६८ प्रतिशत, दोहोर्‍याउने १७ प्रतिशत र छोड्ने दर १५ प्रतिशत रहेको छ। यो वडामा आधारभूत तहको औषत विद्यार्थी उपस्थिति दर ६० प्रतिशत रहेको वडा कार्यालयले दाबी गरेको छ।

सामुदायिक विद्यालयमा कक्षा ७ सम्मको विद्यार्थी संख्या ३ सय ४९ रहेको छ। बजार क्षेत्र भएकाले संस्थागत विद्यालयमा विद्यार्थीको चाप देखिन्छ। यो वडामा २ हजार १ सय ८१ विद्यार्थी रहेका छन्।

# निर्वाचन स्थगित

काठमाडौं, (नेस)

प्रतिनिधिसभाको विषयगत समितिको आज शनिबार हुने भनिएको सभापतिको उम्मेद्वारी मनोनयन प्रक्रिया स्थगित भएको छ।

कार्यव्यवस्था शाखाका अधिकृत राजन घिमिरेले दलहरूले थप समय माग गरेकाले निर्वाचनको कार्यतालिका अर्को सूचना नहुन्जेलसम्म स्थगित भएको जानकारी दिनुभयो।

आज साँझ ५ बजेसम्म उम्मेद्वारी दिएर आइतबार बिहान ११ बजे निर्वाचन गर्ने सूचना प्रकाशित गरिएको कार्यव्यवस्था महाशाखाका सहसचिव बंशीराज पौडेलले बताउनुभयो।

४८ घन्टाअघि निर्वाचन तालिका सार्वजनिक गर्नुपर्ने नियमावलीमा व्यवस्था भए पनि समयभन्दा अघि बुधबार नै उक्त तालिका सार्वजनिक गरिएको थियो।

प्रतिनिधिसभामा १० वटा समिति छन्। यसअघि यही ५ गते नै निर्वाचन गर्ने भनिएको थियो। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) की सचेतक शान्ता चौधरीले तयारी नपुगेकाले निर्वाचनको प्रक्रिया रोकिएको बताउनुभयो।

उहाँले बिमस्टेकको शिखर सम्मेलनले बढी समय खर्चनुपरेको भन्दै समितिका लागि समय नपुगेको दाबी गर्नुभयो। राष्ट्रियसभामा रहेका ४ मध्ये ३ समितिमा सभापति मंगलबार निर्विरोध भएर बुधबार सपथग्रहण गरेका थिए। नेपाली कांग्रेसको भागमा परेको दिगो विकास तथा सुशासन समितिमा तारादेवी भट्टलाई सभापति बनाउने तयारी भए पनि निर्वाचन प्रक्रिया अघि बढेको छैन।

# चन्द्रौटामा द्रूत राहदानी सेवा सुचारु

चन्द्रौटा, (नेस)

कपिलवस्तुको विजयनगर गाउँपालिका-४ का दीपक मल्लले इलाका प्रशासन कार्यालय चन्द्रौटाबाट राहदानीको सिफारिस पाएपछि निकै उत्साहित देखिनुभएको छ।

राहदानीको सिफारिसकै लागि मात्र तौलिहवा धाउनुपर्ने बाध्यता रहेको उहाँले स्थानीयस्तरमै सजिलै राहदानीको सिफारिस पाएपछि खुसी हुनुभएको हो। इलाका प्रशासन कार्यालय चन्द्रौटाले पहिलोपटक बिहीबारबाट द्रूत राहदानी सिफारिसको कार्य शुभारम्भ गरेपछि मल्ल सिफारिस लिने पहिलो व्यक्ति हुनुहुन्छ। अब राहदानीको सिफारिसकै लागि मात्र तौलिहवा धाउनु नपर्ने भएको छ।

इलाका प्रशासन कार्यालय प्रमुख नरबहादुर खड्काले मल्ललाई राहदानीको सिफारिसपत्र हस्तान्तरण गर्नुभयो।

### १८ बुँदे...

सबै सदस्य राष्ट्रको वैदेशिक व्यापार समुद्र मार्गसँग जोडिएकाले 'ब्लु इकोनोमी', नेपालजस्ता पर्वतीय मुलुकका लागि 'माउन्टेन इकोनोमी' जस्ता अवधारणालाई सम्मेलनले जोड दिएको छ। जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौतालाई क्षेत्रीयस्तरमा पृथक ढंगले कार्यान्वयन गर्ने, बढ्दो विश्व तापमान र त्यसले हिमाली तथा पर्वतीय क्षेत्रमा पारेको प्रभावबारे अनुकूलनका अभ्यासका लागि अन्तर सरकारी विज्ञ समूह गठन गर्ने निर्णय गरेको छ।

अंग्रेजी वर्णानुक्रमअनुसार बिमस्टेको ५औं शिखर सम्मेलन श्रीलंकाको कोलम्बोमा आयोजना हुने भएको छ। चौथो शिखर सम्मेलन आयोजक राष्ट्र नेपालले श्रीलंकालाई अध्यक्षता हस्तान्तरण गरेको छ।

### बागबजारमै...

आफ्नो पार्टीमा ७५ जना केन्द्रीय सदस्य र १२ लाख संगठित कार्यकर्ता रहेको दाबी गरे पनि ती नेताले सैन्य प्रशिक्षण र दस्ता निर्माणबारे सबै कुरा खोल्न चाहेनन्। उनले यतिमात्र भने- 'दलाल व्यवस्थाको अन्त्यका लागि जनसेना त चाहिहाल्छ नि ! हामीमाथि दमन बढाइरहने हो भने फेरि छिट्टै क्रान्तिको शुरू हुनसक्छ।'

स्मरणीय छ, २०७३ सालको फागुनमा रोल्पाको थवाङमासो पार्टीको आठौं महाधिवेशन सम्पन्न भएको थियो। उक्त महाधिवेशनबाट फौजी कार्यदिशासम्बन्धी छुट्टै दस्तावेज पारित नगरिए पनि सैद्धान्तिकरूपमा भनिएको थियो- 'संसदीय राज्यसत्तालाई फालिसकेपछि जनताको राजनीतिक व्यवस्था नयाँ जनवाद, वैज्ञानिक समाजवाद स्थापना हुनेछ। कम्युनिस्ट पार्टीको नेतृत्व, जनवादी पार्टीहरूको प्रतिस्पर्धा र जनताको प्रत्यक्ष नियन्त्रणमा यो सञ्चालित हुनेछ।'

### ओम...

उहां आफू कुशल र सशक्त अभिनय गर्नुहुन्थ्यो भने प्रतिभा अरूलाई पनि सिकाउनुहुन्थ्यो। जसका कारण रिमालले राष्ट्रिय नाचघरदेखि निजी क्षेत्रबाट समेत दर्जनौं कलाकर्मी जन्माउनुभएको थियो। उहाँ नाटकदेखि फिल्मी अभिनयसम्म उत्तिकै छाउने गर्नुभएको थियो। स्व. रिमाल गायनमा पनि लोकप्रिय हुनुहुन्थ्यो। उहाँले गाएका गीत अझै पनि कालजयी गीतका रूपमा रेडियो र एफएमहरूमा बज्ने गरेका छन्। कलाकर्मीहरूले उहाँको निधनसँगै एउटा मूर्धन्य गायक र कलाकर्मीको युगको अन्त्य भएको बताएका छन्।

रिमाल गायन र अभिनय क्षेत्रमा ६ दशकसम्म पुर्‍याएको योगदानबापत थुप्रै पुरस्कार तथा मानसम्मानबाट पुरस्कृत तथा सम्मानित हुनुभएको थियो।

त्यसै गरी नेपाल समाचारपत्रको सहप्रकाशन कामना सिने मासिकले सीजी इन्टरटेनमेन्टसँगको सहकार्यमा अयोजना गरेको पहिलो सीजी कामना फिल्म अवार्डस् २०७१ मा कीर्तिमय दीर्घ योगदान सम्मान (लाइफ टाइम अचिभमेन्ट अवार्ड) बाट सम्मानित हुनुभएको थियो। (थप गायनदेखि अभिनयसम्म फैलिएका थिए रिमाल, पेज थ्रीमा)

### रेलमार्ग...

भारतीय प्रधानमन्त्री मोदीले धर्मशाला नेपाल र भारतबीचको मीत्रताको स्तम्भ भएको बताउँदै पशुपति क्षेत्रको विकासमा आफ्नो मुलुकको साथ र सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# अर्थ

चालु आर्थिक वर्षको साउन महिनामै मूल्य अभिवृद्धि करको लक्ष्य २१ करोड ५० लाख ५५ हजार रुपियाँ रहेको भए पनि असुली लक्ष्यभन्दा कम १७ करोड ४ लाख ५० हजार रुपियाँ भएको छ।



# सवा ६८ करोड राजस्व संकलन

**नेपाल समाचारपत्र**

काठमाडौं

आन्तरिक राजस्व कार्यालय विराटनगरले चालू आर्थिक वर्षको पहिलो महिनामा ६८ करोड बढी राजस्व संकलन गरेको छ। कार्यालयले साउन महिनामा ६८ करोड २३ लाख २५ हजार रुपियाँ राजस्व संकलन गरेको हो।

गत आर्थिक वर्षको सोही अवधिमा कार्यालयले ४३ करोड १२ लाख २९ हजार रुपियाँ मात्र राजस्व संकलन गरेको थियो। आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख दिलीप गौतमका अनुसार चालू आर्थिक वर्षको साउन महिनाको लक्ष्य ५० करोड ७८ लाख रुपियाँ लक्ष्य रहेकोमा लक्ष्यभन्दा १८ करोड बढी राजस्व असुली गरेको हो। कार्यालयले आयकरतर्फ १४ करोड ६ लाख ७५ हजार रुपियाँ लक्ष्य रहेकोमा २२ करोड ६६ लाख ६२ हजार रुपियाँ राजस्व असुली भएको आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख गौतमले जानकारी दिनुभयो।

गत आर्थिक वर्षको सोही अवधिमा आयकर लक्ष्य ९ करोड ६ लाख ७ हजार रुपियाँ रहेको भए पनि लक्ष्यभन्दा बढी अर्थात् १० करोड ३१ लख ९५ हजार रुपियाँ राजस्व संकलन गरेको थियो। त्यसैगरी चालू आर्थिक वर्षकै साउन महिनामै कार्यालयले बहाल कर एक करोड १५ लाख ९६ हजार रुपियाँ राजस्व असुली गरेको छ। गत वर्षको सोही अवधिमा एक करोड ८ लाख रुपियाँ राजस्व संकलन गरेको कार्यालयले जनाएको छ। यस्तै चालु आर्थिक वर्षकै सो महिनाको ब्याजकर लक्ष्य एक करोड १३ लाख रुपियाँ रहेकोमा असुली एक करोड ५५ लाख ५ हजार रुपियाँ भएको छ।

गत आर्थिक वर्षमा सोही शीर्षकको लक्ष्य एक करोड ५० लाख रहेकोमा असुली लक्ष्यभन्दा कम अर्थात एक करोड १६ लाख ९५ हजार रुपियाँ मात्र भएको छ। चालू आर्थिक वर्षको साउन महिनामै मूल्य अभिवृद्धि करको लक्ष्य २१ करोड ५० लाख ५५ हजार रुपियाँ रहेको भए पनि असुली लक्ष्यभन्दा कम १७ करोड ४ लाख ५० हजार रुपियाँ भएको छ।

गत आर्थिक वर्षको सोही महिनामा पनि मूल्य अभिवृद्धि करको लक्ष्य एक करोड ८४ लाख १६ हजार भएको र असुली लक्ष्य भन्दा झण्डै एक करोड २७ लाख कम अर्थात १७ करोड ५६ लाख ४५ हजार रुपियाँ मात्र राजस्व संकलन भएको कार्यालयले जनाएको छ। यस्तै चालू आर्थिक वर्षकै अन्त:शुल्क करको लक्ष्य १३ करोड ३ लाख १० हजार रुपैयाँ रहेकोमा लक्ष्यभन्दा बढी २० करोड ९० लाख २२ हजार रुपियाँ राजस्व संकलन भएको छ। गत आर्थिक वर्षको सोही महिनाको लक्ष्य ११ करोड ३ लाख ९० हजार रुपियाँ भए पनि असुली लक्ष्यभन्दा कम १० करोड २९ लाख ३ हजार रुपियाँ मात्र संकलन भएको कार्यालयको तथ्यांकमा उल्लेख छ। चालू आर्थिक वर्षकै साउन महिनामा स्वास्थ्य सेवा करवापत ३ करोड ४९ लाख ७५ हजार रुपियाँ संकलन भएको छ। गत आर्थिक वर्षको सोही महिनामा स्वास्थ्य सेवाकरको लक्ष्य २ करोड ४३ लाख ६१ हजार रुपियँ रहेकोमा असुली २ करोड ७ लाख ४५ हजार रुपियाँ संकलन भएको थियो।

सोही आर्थिक वर्षको साउन महिनामै शिक्षा सेवा शुल्कको लक्ष्य ४४ लाख ८४ हजार रुपियाँ रहेकोमा असुली ६२ लाख ५२ हजार रुपियाँ भएको कार्यालय प्रमुख गौतमले जानकारी दिनुभयो।

# अब विमानस्थल दुई घण्टा मात्रै बन्द रहने

**नेपाल समाचारपत्र**

काठमाडौं

त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनल शनिबारदेखि विहान ५ बजेबाट सञ्चालनमा आउने भएको छ। विमानस्थलको हवाई चापलाई कम गर्नको लागि विमानस्थलको आन्तरिक टर्मिनलमा विहान १ घण्टा अगाडिबाटै सञ्चालनमा ल्याउन लागिएको विमानस्थलका प्रमुख राजकुमार क्षेत्रीले जानकारी दिनुभयो।

विगतमा विमानस्थल ६ बजेबाट राती ३ बजेसम्म सञ्चालन हुँदै आएको थियो। यो सँगै विमानस्थल २ घण्टा (३ बजेदेखि ५ बजेसम्म) बन्द हुने छ।

विगतमा विहान ६ बजेबाट विमानस्थल सञ्चालनमा ल्याउँदा उडान भने ६ बजेर ४० मिनेटमा मात्र उडान शुरू हुँदै आएको थियो। 'यात्रुको सुरक्षा जाँच, टिकेटिङ तथा लगेज व्यवस्थापन, विमानको चेकजाँच, चालकदलका सदस्य तयार हुँदा करिब ४० मिनेट लाग्ने गरेको थियो। अब भने ५ बजे नै आन्तरिक टर्मिनल खुल्ला हुँदा विमान ६ बजेदेखि नै उडान गरिसक्ने क्षेत्रीले बताउनुभयो।

उहाँका अनुसार सो समयमा माउन्टेन फ्लाईका करिब १५ देखि २० उडान भइसक्ने छन्। विमानस्थल २२ घण्टा खुल्ला रहे पनि उडान अवतरण भने २१ घण्टानै हुनेछ। विगतमा १८ घण्टा (विहान ६ बजेदेखि राती १२ बजेसम्म) विमानस्थल सञ्चालन हुँदै आएको भए पनि गत जेठ ७ गतेबाट विमानस्थल २१ घण्टा सञ्चालन हुँदै आएको छ।

विमानस्थलको हवाई चापलाई कम गर्नको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २१ घण्टा सञ्चालनमा ल्याएको थियो। २२ घण्टा विमानस्थल सञ्चालनमा ल्याएर हाल भएको हवाई चाप कम हुने र आकासमै होल्ड हुने समस्या कम हुने विश्वास विमानस्थल प्रमुख क्षेत्रीको छ।

# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौं १६, सेप्टेम्बर १, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११३।२९ | ११३।८९ |
| युरो १ को रू. | १३१।९७ | १३२।६७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४७।१९ | १४७।९७ |
| स्विस फ्रन्क १ को रू. | ११७।०६ | ११७।६८ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।८८ | ८२।३१ |
| क्यानाडियन डलर १ को रू. | ८७।१२ | ८७।५८ |
| सिङ्गापुर डलर १ को रू. | ८२।६४ | ८३।०८ |
| जापानी यन १० को रू. | १०।२२ | १०।२८ |
| चिनियाँ युआन १ को रू. | १६।५७ | १६।६६ |
| साउदी अरब रियाल १ को रू. | ३०।२१ | ३०।३७ |
| कतारी रियाल १ को रू. | ३१।१२ | ३१।२८ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।४६ | ३।४८ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।८४ | ३१।०१ |
| मलसियन रिङ्गिट १ को रू. | २७।५७ | २७।७१ |
| दक्षिण कारियन वन १०० को रू. | १०।१३ | १०।१८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।४१ |
| डेनिस क्रानर १ का रू. | १७।७० |
| हङकङ डलर १ का रू. | १४।४३ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# बुटवल-भैरहवा, तुल्सीपुर-घोराही र कोहलपुर-नेपालगन्जलाई मुख्य आर्थिक केन्द्रका रूपमा विकास गरिने

**नेपाल समाचारपत्र**

बुटवल

प्रदेश नम्बर ५ सरकारले आवधिक योजना तर्जुमाको तयारी थालेको छ। प्रदेशको योजनाबद्ध दिगो विकास र समृद्धिका लागि संघीय सरकारले जस्तै प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको पाँच वर्षे योजना बनाउन लागेको हो।

'समृद्ध प्रदेश : खुशी जनता' योजनाको दीर्घकालीन सोच र समाजवाद उन्मुख सामाजिक न्यायमा आधारित सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धि दरलाई उच्च पार्दै प्रदेशका जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउनु योजनाको लक्ष्य रहेको छ। योजना तर्जुमाका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सरोकारवाला पक्षबाट राय सुझाव लिन पूर्व तयारी गोष्ठी गरेको छ। गोष्ठीमा प्रदेश योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले आवधिक योजनाको अवधारणापत्र प्रस्तुत गर्नुभयो।

संघीय सरकारको १५औं योजनासँग तालमेल मिल्ने गरी प्रदेश योजनाको अवधि निर्धारण गरी २०७५ चैतसम्म योजनाको पूर्ण दस्तावेज तयार गरिने उपाध्यक्ष श्रेष्ठले जानकारी गराउनुभयो। योजनाको आधारपत्र असोजसम्म तयार गर्ने, १२ वटै जिल्लामा योजना तयारका लागि अन्तर्क्रिया गर्ने, योजना तर्जुमाका लागि प्रदेशका आर्थिक, सामाजिक, पूर्वाधारलगायत परिसूचक समाविष्ट प्रदेश प्रोफाइलका लागि तथ्यांक संकलन, प्रदेशस्तीय दिगो विकासका लक्ष्यको सूचकको आधार तथ्यांक प्राप्त गर्ने, परिमार्जित आधारपत्र राष्ट्रिय योजना आयोगमा पठाई सुझाव र प्रतिक्रिया लिने, मंसिरमा प्रदेश विकास परिषद् गठन गरी परिषद्बाट निर्देशन लिने र पुसबाट योजना बनाउन शुरू गर्ने योजना तर्जुमाको विधि तय गरिएको छ। प्रदेश मन्त्रिपरिषद्बाट आधारपत्रको स्वीकृति लिई विज्ञहरूमार्फत योजना आयोग र मन्त्रालयको सहकार्यमा क्षेत्रगत विषयका योजना बनाइने, क्षेत्रगत योजनाका मस्यौदालाई सरकारी कार्यालय, जनप्रतिनिध, निजी क्षेत्र, नागरिक समाज आदि सरोकारवालासँग अन्तर्क्रिया गरी परिमार्जन गर्ने र माघभित्र योजनाको पहिलो मस्यौदा तयार गर्ने प्रदेश सरकारको लक्ष्य छ।

आवधिक योजनाको एकीकृत मस्यौदालाई वेबसाइटमा राखेर सार्वजनिक गर्ने, प्रदेशका १०९ वटै स्थानीय तहमा सुझावको लागि पठाउने, प्राप्त सुझावलाई समावेश गरी दोस्रो मस्यौदा तयार गर्ने र चैतभित्र अन्तिम मस्यौदा बनाई मन्त्रिपरिषद्बाट योजनाको स्वीकृति गर्ने तयारी छ। आगामी नीति तथा कार्यक्रम र बजेट तर्जुमा यही आवधिक योजनामा आधारित रहेर बनाइने छ। आवधिक योजना कार्यान्वयनमा आएपछि खाद्यान्न, माछा मासु, दूध, फलफूल र तरकारी उत्पादनमा प्रदेश आत्मनिर्भर भई निर्यात गर्नसक्ने बन्ने, प्रादेशिक गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान एक चौथाई पुऱ्याउने, पर्यटनमा मुख्य हबको रुपमा विकास भएको हुने र जिल्लागत विकासको असन्तुलनमा कमी आउने लक्ष्य रहेको छ।

योजनाका लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न भौतिक पूर्वाधार विकास, विद्युतीय बस सञ्चालन, रेल्वे निर्माण, बुटवल-भैरहवा, तुल्सीपुर-घोराही र कोहलपुर-नेपालगन्जलाई मुख्य आर्थिक केन्द्रका रुपमा विकास, पाँच वटा प्रादेशिक गौरवका आयोजना छनोट गरी कार्यान्वयनलगायतका रणनीति अवलम्बन गरिने अवधारणापत्रमा उल्लेख छ। योजना तर्जुमा पूर्व तयारी गोष्ठीमा बोल्दै प्रदेश नम्बर ५ का मुख्यमन्त्री शंकर पोखरेलले कृषिलाई प्रदेशको समृद्धिको प्रारम्भ, त्यसपछि औद्योगिकरण र पर्यटनलाई समृद्धिको क्लाइमेक्स आधार बनाएर योजना बनाइने र यसमा सरोकारवाला सबैको स्पष्ट पार्नु भयो। प्रदेशको समृद्धिबाट राष्ट्रको समृद्धि हुने लक्ष्यका साथ राष्ट्रिय नीतिमा असर नपर्ने गरी योजना बनाउने उहाँले बताउनुभयो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा पुष्प कँडेलले राष्ट्रिय योजना आयोग पनि १५औं योजनाको तयारी र १४औं योजनाको समीक्षाका क्रममा रहेको उल्लेख गर्दै संविधानले निर्दिष्ट गरेको समाजवादको लक्ष्य र वर्तमान सरकारको 'समृद्ध नेपाल : सुखी नेपाली' नारालाई सहयोग पुग्ने गरी प्रदेशले योजना बनाउनुपर्ने सुझाव दिनुभयो। उहाँले योजना बनाउँदा पर्याप्त अध्ययन अनुसन्धान र यथार्थ तथ्यांकका आधारमा कार्यान्वयन गर्न सकिने यकिनका साथ योजना बनाउन सुझाउनुभयो। प्रदेशहरूमा योजना आयोगको नामाकरण र ऐनमा एकरुपमा नदेखिएकाले एकरुपता ल्याउनुपर्ने, जनशक्ति योजना पनि बनाउनुपर्ने, उच्च शिक्षा, बजारको माग र सरकारको नीतिमा तालमेल मिलाउनुपर्ने सुझाव समेत दिनुभयो। बढ्दो व्यापार घाटा नियन्त्रण र वैदेशिक लगानी आकर्षित गर्नेगरी योजना बनाउनुपर्ने पनि उनको सुझाव छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव डा. तीर्थराज ढकालले कार्यान्वयन गर्न सकिने र अन्य प्रदेशका लागि रोलमोडेल हुने गरी प्रदेश ५ ले योजना बनाउने बताउनुभयो।

गोष्ठीमा विभिन्न क्षेत्रका करिब दुई दर्जन विज्ञहरूले सुझाव दिँदै कृषिमा युवा पुस्तालाई आकर्षित गर्न र रोजगारीका लागि विदेश पलायन हुने प्रवृत्तिलाई रोक्ने गरी योजना बनाउनुपर्नेमा जोड दिएका छन्।

# वित्तीय विवरण प्रकाशित गर्नुपूर्व राष्ट्र बैंकबाट स्वीकृत लिनुपर्ने




काठमाडौं, (नेस)

अब कुनै कम्पनीले आफ्नो वार्षिक वित्तीय विवरण प्रकाशित गर्नुपूर्व नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्ने भएको छ। केन्द्रीय बैंकको भुक्तानी विभागले परिपत्र जारी गर्दै भुक्तानीसम्बन्धी काम गर्ने संस्थाले विवरण स्वीकृत गराउनुपर्ने व्यवस्था गरेको हो।

चालू आर्थिक वर्षदेखि नै लागू गरी नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०३ ले दिएको अधिकार प्रयोग गरी निर्देशन जारी गरिएको बैंकले जनाएको छ।

राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी प्रणाली सञ्चालक, भुक्तानी सेवा प्रदायक (बैंक तथा वित्तिय संस्था बाहेक) संस्था/संयन्त्रले वित्तीय विवरण प्रकाशन गर्नुपूर्व सञ्चालक समितिबाट वार्षिक कारोबारको लेखा परीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी सोको जानकारी राष्ट्र बैंकलाई दिनुपर्ने, साउन १ गतेदेखि असार मसान्तसम्मको अवधिलाई एक आर्थिक वर्ष मानिए पनि यदि कुनै संस्था भर्खरै स्थापना भएको छ भने त्यस्तो संस्थाले स्थापना भएको मितिदेखि असार मसान्तसम्मलाई एक आर्थिक वर्ष मानेर विवरण प्रकाशित गर्नुपर्ने राष्ट्र बैंकले भनेको छ।

त्यस्तै आर्थिक वर्ष सकिएको चार महिनाभित्र लेखा परीक्षण सक्नुपर्नेछ भने र सो प्रतिवेदन सम्बन्धित संस्थाको सञ्चालक समितिबाट पारित गरी एक महिनाभित्र राष्ट्र बैंकलाई पेश गर्नुपर्नेछ। वित्तीय विवरण प्रकाशन गर्नुपूर्व संस्थाको नाफा / नोक्सान, लेखा परीक्षण प्रतिवेदन, वार्षिक आर्थिक कारोबारलगायतका विवरण राष्ट्र बैंकलाई पेश गर्नुपर्ने समेत निर्देशन दिइएको छ।

राष्ट्र बैंकमा पेश गर्नुपर्ने विवरणमा संस्थाको नाफा नोक्सान तथा वासलत अनुसूचीसहित, लेखापरीक्षण प्रतिवेदन र सञ्चालक समितिको प्रतिक्रिया, संस्थाको वार्षिक आर्थिक कारोबार, नगद प्रवाहको विवरण, असार मसान्तको दिन संस्थामा देखिएको मौज्दात र सेटलमेन्ट बैंकको सेटलमेन्ट खातामा रहेको मौज्दातको विवरण राष्ट्र बैंकमा पेश गर्नुपर्ने छ।

## PRESS RELEASE

# सामसुङ नोट-९को प्रि-बुकिङ सकारात्मक

काठमाडौं, (नेस)

सामसुङ नोट-९ को प्रि-बुकिङमा ग्राहकबाट राम्रो प्रतिक्रिया प्राप्त भएको कम्पनीले जनाएको छ। प्रि-बुकिङ अगष्ट १७ देखि ३० तारिखसम्म चलेको थियो। नेपाली मोबाइल बजारमा प्रि-बुकिङमा देखिने औसत दरभन्दा नोट-९ को प्रि-बुकिङ झण्डै तीन गुणाले बढेको सामसुङले जनाएको छ।



मोबाइलको शुरूवात गत अगष्ट २२ मा भारतको नयाँदिल्लीमा आयोजित कार्यक्रमका बीच दक्षिण एसियाली मुलुकलाई लक्षित गरेर गरिएको थियो। सो कार्यक्रममा सहभागी हुनका लागि नेपाल, श्रीलंका, बंगलादेश, भारतलगायतका मुलुकबाट सहभागी भएका थिए। नेपालमा सामसुङले टुटफुटको बीमा र एनसेलको एकवर्षे १८ हजार एमबी डाटासहितको प्रि-बुकिङ खुला गरेको थियो।

त्यसैगरी एउटा छालाको वालेट, एडीएमआई एडप्टर अथवा थप १० हजार, एउटा एचडीएमआई एडप्टर र सामसुङ कर्भ मोनिटरको कभर समेत सार्वजनिक गरेको थियो। यस बाहेक, सामसुङको प्रि-बुकिङमा सहभागी हुनेहरू सामसुङको लक्की ड्रमा समेत सहभागी हुन पाउने व्यवस्था गरिएको थियो। 'हामी सामसुङमा रहेकाहरूले प्रि- बुकिङमा प्राप्त गरेको प्रतिक्रियाले एकदमै खुशी छौं। हामीले अपेक्षा गरेको भन्दा अध्याधिक धेरै प्रतिक्रिया र अद्वितीय रेस्पोन्सप्रति हामी प्रि-बुकिङ गर्नु हुने सबैलाई धन्यवाद दिन चाहान्छौं,' आईएमएस बिजका प्रमुख रत्न स्थापितले भन्नुभयो।

# जनता बैंक र एनबीआईबीच सम्झौता




काठमाडौं, (नेस)

नेसनल बैंकिङ इन्ष्टिच्युट र जनता बैंक नेपालबीच तालिम कार्यक्रम सञ्चालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। उक्त सम्झौताअनुसार एनबीआईले जनता बैंकका कर्मचारीहरूको कार्यदक्षता विकासका लागि विभिन्न तालिम उपलब्ध गराउने छ। सम्झौताअनुसार जनता बैंकले आफ्नो कर्मचारीका लागि नेसनल बैंकिङ इन्ष्टिच्युटबाट न्यूनतम ५० लाख रुपियाँबराबर रकमको वार्षिक तालिम सञ्चालन गराउने छ। उक्त सम्झौतापत्रमा जनता बैंक नेपालका तर्फबाट प्रमुख कार्यकारी अधिकृत परशुराम कुवँर क्षेत्री र नेसनल बैंकिङ इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत सञ्जिव सुब्बाले हस्ताक्षर गर्नुभएको थियो।

# एनआईसी एसिया क्यापिटलले लाभांश दिने

NIC ASIA
CAPITAL

काठमाडौं, (नेस)

एनआईसी एसिया क्यापिटलको दोस्रो वार्षिक साधारणसभा सम्पन्न भएको छ। सभाले साधारण प्रस्तावअन्तर्गत गत आर्थिक वर्षको सञ्चालक समितिको प्रतिवेदन पास गर्नुका साथै असार मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायतका वार्षिक वित्तीय विवरण स्वीकृत गरेको छ।

सभाले सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ७ दशमलव ३६८४२ प्रतिशतका दरले हुन आउने करसहित १ करोड ४७ लाख ३६ हजार ८४२ रुपियाँ नगद लाभांश वितरण गर्ने प्रस्तावसमेत पारित गरेको छ। एनआईसी एसिया क्यापिटलले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकसँगै लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट), म्युचुअल फन्ड, १ लाख ३० हजारभन्दा अधिक डिम्याट (डीपी) सेवाग्राही तथा ५ वटा कम्पनीको शेयर रजिष्ट्रार सेवा प्रदान गर्दै आइरहेको छ। कम्पनीले हालै लगानी परामर्श सेवा समेत ल्याएको छ।

२०७५, भदौ
शनिबार
१६

अर्थ

जे जति विषय अहिले उठाइएका छन् त्यसलाई कार्यान्वयन गर्नका लागि सचिवालय बलियो बनाउने र उपलब्धिलाई बहुपक्षीय हितमा काम गर्ने गरी अगाडि बढाइनुपर्छ। सार्क र बिमस्टेककै पुराना तिता अनुभवबाट सिकेर अघि बढ्न सक्यो भने उपलब्धि हासिल हुन्छ।

# आर्थिक साझेदारीमा केन्द्रित बिमस्टेक

हेमन्त जोशी, काठमाडौं

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो सम्मेलन शुक्रबार १८ बुँदे घोषणापत्र जारी गर्दै सकिएको छ।

विकासशील मुलुकका रुपमा रहेका यस क्षेत्रका देशहरूको विशेष आवश्यकता र परिस्थितिलाई महत्त्व दिँदै सम्मेलनले क्षेत्रीयस्तरमा आर्थिक तथा सामाजिक विकासका लागि व्यापार र लगानीको विषय तथा आर्थिक र प्राविधिक रुपमा सहकार्यबाट क्षेत्रीय विकासका लागि जोड दिएको छ।

विद्युत् सञ्जाल र यातायात सञ्जालको विस्तार, बिमस्टेक कोषको अवधारणा, स्वतन्त्र व्यापार सम्झौता, लगानी र व्यापारलगायत विषयवस्तु बहुराष्ट्रिय हितमा रहेको भन्दै ती विषयमा एक भएर काम गर्ने सम्मेलनमा सहभागी सात मुलुकका कार्यकारी प्रमुखले धारणा राखेका छन्।

सम्मेलनले सामुद्रिक मुलुक र भूपरिवेष्ठित मुलुकको विकासका लागि फरक-फरक खालका आर्थिक विकासका अवधारणासमेत ल्याएको छ। सामुद्रिक मुलुकका लागि 'कस्टल इकोनोमी', ब्लु इकोनोमी तथा भुपरिवेष्ठित मुलुकका लागि 'माउन्टेन इकोनोमी' को अवधारणा अघि सारिएको छ। तर, सम्मेलनमा 'माउन्टेन इकोनोमी' भन्दा 'ब्लु इकोनोमी' को चर्चा धेरै भएको छ। ब्लु इकोनोमीको अवधारणा समुद्री मार्गमार्फत दिगो विकासलाई महत्त्व दिनु हो। जसबाट आर्थिक विकास, जीवनशैलीको विकास र समुद्री इकोसिस्टम हेल्थको विषयलाई प्राथमिकतामा राखेको छ। नवीकरणीय ऊर्जा, जलवायु परिवर्तन, माछा व्यवसाय, समुद्री यातायात, पर्यटन, फोहरमैला व्यवस्थापनलगायतका विषय ब्लु इकोनोमीको अवधारणामा अटाउँटन्।

नेपाल र भुटानजस्ता भुपरिवेष्ठित मुलुकका लागि 'माउन्टेन इकोनोमीको अवधारणा ल्याइए पनि त्यसको भने सम्मेलनमा खासै चर्चा भएन। गत वर्ष नेपालमा सम्पन्न बिमस्टेकको १५औं मन्त्रीस्तरीय बैठकले यो अवधारणा अघि सारेको थियो।




## यातायात र सञ्चार (कनेक्टिभिटी)

बिमस्टेक सदस्य मुलुकमा बहुदेशीय राजमार्ग, रेलवे, जलविद्युत्, समद्री मार्गहरू, वायुसेवाको विकास, विस्तार र आधुनिकीकरणको माध्यमबाट निर्वाध रुपमा यातायात सेवा सचारु गर्ने कुरा घोषणापत्रमा उल्लेख छ। सदस्य देशहरूबीच एकीकृत र सरलीकृत ट्रान्जिट सुविधा स्थापना गर्ने तथा विगतमा भएका सन्धि संकल्पलाई पुनरावेदन गर्न जोड दिइएको छ। बहुपक्षीय कनेक्टिभिटीका लागि गरिएका प्रयासलाई गति दिन 'बिमस्टेक समुन्द्री ढुवानी सम्झौता' र 'बिमस्टेक मोटर वाहन सम्झौता'को बाटो पनि चौथो सम्मेलनले खोलेको छ।

एसियन डेभलपमेन्ट बैंकको सहयोगमा अध्ययन गरिएको 'बिमस्टेक ट्रांसपोर्ट कनेक्टिभिटी मास्टर प्लान' ड्राफ्टको तयारीमा रहेको छ। त्यसलाई मूर्त रुप दिन 'बिमस्टेक ट्रान्सपोर्ट कनेक्टिभिटी वर्किङ ग्रुप' (बीटीसीडब्ल्यूजी) को गठनका लागि पनि सबै सदस्य राष्ट्र सहमत भएका छन्।

उक्त गुरुयोजनालाई रणनीतिक दस्तावेजको रूपमा कायम गरी विभिन्न कनेक्टिभिटी ढाँचाहरू निर्माण गरिनेछ। अर्को रणनीतिक महत्वको गुरुयोजना 'आसियन मास्टर प्लान अन कनेक्टिभिटी २०२५' (एमपीएसी २०२५) लाई पनि बिमस्टेक कनेक्टिभिटीको परिपूरकका रुपमा लिइएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्ताव गरेको क्षेत्रीय जनगणना र दक्षिण पूर्वी एसियाली क्षेत्रका जनतालाई सूचना प्रविधिमा अधिक पहुँच, किफायती र उच्च गतिको इन्टरनेट तथा मोबाइल सञ्जालसँग सम्बन्धित सम्झौता गर्नको लागि पनि छुट्टै कार्यसमूह स्थापना गर्ने निर्णय भएको छ।

## व्यापार र लगानी

'बिमस्टेक नि:शुल्क व्यापार क्षेत्र' (एफटीए) जतिसक्दो चाँडो अन्तिम निश्कर्षमा पुन्याउन बिमस्टेक व्यापार र आर्थिक मन्त्रीस्तरीय बैठक (टीईएमएम) र व्यापार वार्ता समिति (टीएनसी) सहितका सहायक निकायहरू परिचालन गरिने घोषणापत्रमा उल्लेख छ। व्यापार र लगानीको विकासको लागि सरकारी-निजी क्षेत्रको सहकार्यलाई अझ बलियो बनाउनका लागि बिमस्टेक बिजनेस फोरम र बिमस्टेक आर्थिक फोरमको गतिविधि पुर्नसंशोधन गर्न र बिमस्टेक भिसा सुविधाको लागि पनि संयुक्त विज्ञ समूह गठन गरिनेछ।

जलवायु परिवर्तन र विपद् व्यवस्थापन

जलवायु र विपद् व्यवस्थापनका विषयमा द्विपक्षीय तथा बहुपक्षीय रुपमा जानकारीको आदान-प्रदान, प्रारम्भिक चेतावनी प्रणाली, रोकथामका उपायहरू, पुनर्निर्माण र क्षमता अभिवृद्धि तथा त्यस क्षेत्रमा अनुसन्धानमुलक कार्य गर्नका लागि एक अन्तर-सरकारी विशेषज्ञ समूह स्थापना गर्ने निर्णय यस सम्मेलनले गरेको छ। जलवायु परिवर्तनको प्रतिकूल प्रभाव र पारिस्थितिक प्रणालीमा हिमाल र समुद्रको अन्तरक्रियात्मक सम्बन्धसँगै तिनको संरक्षणका लागि बिमस्टेकमार्फत् पहल गरिएको छ।

तीव्र पर्यावरणीय परिवर्तनको मुद्दालाई सम्बोधन गर्न, मानिसलगायत अन्य जीवजन्तुको जीवनशैलीमा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरणका लागि सामूहिक प्रयासको रुपमा अन्तर-सरकारी विशेषज्ञ समूहको स्थापनाको सम्भावना खोजिने बताइएको छ।

## ऊर्जा

यस क्षेत्रमा ऊर्जा स्रोतहरू विशेष गरी नवीकरणीय र स्वच्छ ऊर्जाका स्रोतहरू पहिचान गर्ने विषयलाई उच्च प्राथमिकतामा राखिएको छ। बिमस्टेकभित्र एकैसाथ ऊर्जा सहकार्यको लागि एक व्यापक योजना विकास गर्ने साझा प्रयासलाई गतिशील बनाउन अन्तर्राष्ट्रियस्तरको संस्थाको गठनका लागि पनि पहल गरिने जनाइएको छ।

जलविद्युत् र नवीकरणीय ऊर्जाको अन्य स्रोतको उपयोगबाट ऊर्जा सहयोगसँगै सदस्य मुलुकको आर्थिक विकासको लागि निरन्तर र किफायती बिजुली आपूर्ति प्रदान गर्ने प्रतिबद्धता जनाइएको छ। ऊर्जा व्यापारको उद्देश्यसहित उच्च प्राथमिकतामा परेको 'बिमस्टेक ग्रिड कनेक्टिभिटी'को काममा आईपर्ने बाधाहरू हटाउनको लागि प्राविधिक, योजनागत र मानव संशाधन परिचालन गर्न एकीकृत गुरुयोजना निर्माण गरिने घोषणापत्रमा जनाइएको छ।

त्यसैगरी यस क्षेत्रमा ऊर्जा सहयोगलाई बलियो बनाउन बिमस्टेक ऊर्जा केन्द्रको प्रारम्भिक परिचालनलाई पनि तीव्र रुपमा अघि बढाउने विषयमा सदस्य राष्ट्रहरूको एक मत देखिएका छन्।

## प्रविधि

दिगो विकासको लक्ष्य प्राप्तिका लागि सस्तो र सहज रुपमा प्रविधिमा पहुँच विस्तार गर्न अन्तरदेशीय साझेदारीको लागि पहल गरिने घोषणापत्रमा उल्लेख छ। माइक्रो र मध्यम खालका उद्यमलाईसमेत ध्यानमा राखी 'बिमस्टेक टेक्नोलोजी'को अवधारणा अगाडि सारिएको छ। क्षेत्रीय प्रविधि विकासको लागि मानव संशाधन विकास र शिक्षामा सहयोगलाई ध्यान केन्द्रित गर्न पनि सबै मुलुक सहमत भएका छन्।

## कृषि

कृषि तथा सम्बद्ध क्षेत्रहरूमा सहयोगहरू बढाउन बालीनाली र पशुपालनका क्षेत्रमा आवश्यक प्रविधि तथा उत्पादित वस्तुको क्षेत्रीय बजारीकरण व्यवस्थापनमा समेत सहयोगका लागि पहल गरिने बताइएको छ।

कृषि उत्पादनको उत्पादकत्व तथा लाभप्रदता बढाई खाद्य सम्प्रभुता र पोषण सुरक्षा प्राप्त गर्न क्षेत्रीय सहयोगलाई तीव्र बनाउनका लागि पहल गरिनेछ। परम्परागत खेती प्रणालीको बारेमा ज्ञानको संरक्षण तथा आधुनिक खेती प्रणालीमार्फत् न्यून लागतमा अधिकतम उत्पादकत्व, आय आर्जनमा वृद्धि, कृषि समुदायको लागि जोखिम व्यवस्थापन, सदस्य राष्ट्रबीच कृषि व्यापारको सुविधा र गरिबी न्युनीकरणका उपाय अबलम्बन गरिनेछ। कृषि क्षेत्रको विकासका लागि म्यानमारले बढी जोड दिएको थियो।

चौथो सम्मेलनबाट म्यानमारले प्रस्ताव गरेको कृषिसम्बन्धी बिमस्टेक मुलुकबीच अन्तर्राष्ट्रिय सम्मेलन गर्ने विषय र भारतले प्रस्ताव गरेको 'जलवायु परिवर्तन र स्मार्ट खेती' प्रणालीमा बिमस्टेकस्तरीय गोष्ठीको आयोजना गर्ने विषयलाई अनुमोदन गरिएको छ।

## माछापालन

सामुन्द्रिक स्रोतको संरक्षण, व्यवस्थापन र क्षेत्रीयस्तरमा त्यसको स्थायी प्रयोगमा बिमस्टेकले जोड दिएको छ। 'ब्लु इकोनोमी' को अवधारणामार्फत समुन्द्रसँग जोडिएका मुलुकले मात्र नभई भुपरिवेष्ट्रित मुलुकले समेत उपलब्ध साधन स्रोतमा आफ्नो अधिकारका लागि पहल गर्न सकिने बाटो बिमस्टेकले देखाएको छ। माछा व्यवसायमा सामुद्रिक मुलुकले मात्र बढी फाइदा लिने भए पनि त्यसको अप्रत्यक्ष फाइदाका लागि भने सामूहिक पहलको आवश्यकता औंल्याइएको छ।

## पर्यटन

बिमस्टेकमा आबद्ध मुलुकमा आन्तरिक, क्षेत्रीय र बाहय पर्यटनको बढावा दिनका लागि ठोस कदम उठाउने उद्देश्यले सन् १९९७ मा भारतको कोलकत्तामा भएको 'बिमस्टेक क्षेत्रका लागि पर्यटन विकासका कार्ययोजना र त्यसको प्रवर्द्धन' विषयक घोषणापत्रको प्रभावकारी कार्यान्वयनमा चौथौ सम्मेलनले पनि जोड दिएको छ। पछिल्ला बिमस्टेक सम्मेलनमा भएका पर्यटनसँग सम्बन्धित कार्ययोजना, त्यसका उपलब्धि र तय गरिएका रणनीतिक योजनाको प्रभावकारिता समीक्षा गर्न अन्तर्देशीय कार्यदल बनाइनेछ। पर्यटकहरूको सुरक्षा सुनिश्चिचता गरेर त्यस व्यवसायलाई सहज बनाउन र 'ट्राफिक कनेक्टिभिटी'को लागि ठोस उपलब्धि हासिल गर्ने उद्देश्यले भएको प्रयासलाई बौद्ध पर्यटक सर्किट, मन्दिर पर्यटक सर्किट, प्राचीन शहरहरू र चिकित्सा पर्यटनको अवधारणा विकास र प्रचारका लागि जोड दिइएको छ।

## "माउन्टेन इकोनोमी"

भौगोलिक हिसाबले हिमाली तथा पहाडी मुलुकको पारिस्थितिक प्रणालीको संरक्षण सुनिश्चित गर्नको लागि ठोस प्रयासको आवश्यकतालाई निरन्तरता दिँदै त्यस्ता मुलुकमा रहेको जैविक विविधताको सम्वर्द्धनसहितको विकास अवधारणा अर्थात् 'माउन्टेन इकोनोमी' लाई कार्यान्वयन गर्न पनि सदस्य राष्ट्र सहमत भएका छन्। सबै देशबीच विकासमा एकरुपता ल्याउन मुख्यतया बिमस्टेकका दुईमुलुकहरू नेपाल र भुटानमा 'माउन्टेन इकोनोमीको अवधारणा कार्यान्वयनमा आउनेछ। यस क्षेत्रमा सहयोगलाई बढावा दिन नेपालद्वारा अन्य विकसित देशहरूसँगको सहकार्यमा एक अन्तरसरकारी विशेषज्ञ समूह स्थापित गर्ने निर्णय समेत भएको छ।

# विगतको तीतो अनुभवबाट सिक्नुपर्छ



डा. भेषबहादुर थापा
पूर्वपरराष्ट्रमन्त्री

नेपालकै अध्यक्षँतामा भएको सम्मेलनमा क्षेत्रीय सहकार्यको महत्व र आपसी सहयोगका लागि तयार पारिएका कार्ययोजना कार्यान्वयनको पक्षँमा प्राथमिकता झल्किएको छ। नेपालले गरेको तयारी, आथित्यता, बहुपक्षीय सहमतिका विषय हेर्दा यसलाई सफल नै मान्नुपर्छ। अहिलेसम्म भएको गतिविधिले एउटा सही बाटो देखाएको छ, यो राम्रो लक्षण हो। तर, सार्क र बिमस्टेककै विगतलाई हेर्ने हो भने कार्यान्वयनमा हामी अग्रसर हुन सकेका छैनौं।

अहिले मुख्यतया कनेक्टिभिटी र क्लाइमेट कोअपरेसनलगायत विषयलाई उच्च प्राथमिकतामा राखिएको छ। विगतका एजेन्डासँगै नयाँ एजेन्डा पनि आएका छन्। कार्यान्वयनका लागि सचिवालयलाई बलियो र परिणाममुखी बनाउने विषयलाई पनि उच्च महत्व दिइएको छ। सम्मेलन सम्पन्न हुँदाखेरी योभन्दा टाढा पुग्ने ठाउँ थिएन। सदस्य राष्ट्रहरू बीचमै केही मनमुटाव भए पनि त्यसलाई थाँती राखेर क्षैत्रीय हित र सहकार्यका विषयमा उपलब्धि हासिल भएको छ। कार्यान्वयनको विषयमा शुरूमै प्रश्न गरेर त भएन। जे जति विषय अहिले उठाइएका छन् त्यसलाई कार्यान्वयन गर्नका लागि सचिवालय बलियो बनाउने र उपलब्धिलाई बहुपक्षीय हितमा काम गर्ने गरी अगाडि बढाइनुपर्छ। सार्क र बिमस्टेककै पुराना तिता अनुभवबाट सिकेर अघि बढ्न सक्यो भने उपलब्धि हासिल हुन्छ।

# ग्रिड कनेक्टिभिटी सबैभन्दा ठूलो सफलता



हिरण्यलाल श्रेष्ठ
पूर्वराजदुत

हतार-हतार तयारी गरिए पनि बिमस्टेक सफल भएको छ। अतिथिलाई पनि राम्रो सत्कार दिइएको छ। विषयगत रुपमा पनि नेपालले राम्रो तयारी गरेको देखियो। यसले नेपालको छवि बढाएको मात्र नभई सार्कलाई समेत सफल बनाउनका लागि पनि आत्मविश्वास दिलाएको मैले बुझेको छु।

नेपालको हितको कुरा गर्ने हो भने ग्रिड कनेक्टिभिटी बिमस्टेकको सबैभन्दा ठूलो सफलता हो। अबको तीन वर्षभित्रमा हामी विद्युत्मा अँत्मनिर्भर भएर निर्यात गर्नुपर्ने अवस्थामा पुग्छौं। ग्रिड कनेक्टिभिटी सम्झौताबाट नेपालको विद्युत् बजार सुरक्षित भएको छ। बिमस्टेकका सदस्य राष्ट्रमा मात्र होइन आसियन मुलुकमा पनि विद्युत् बजारका लागि ढोका खुलेको छ। 'क्यास्टल इकोनोमी (तटीय अर्थतन्त्र), ब्लु इकोनोमी, माउन्टेन इकोनोमीलगायतका विकास अवधारणा अघि सारिएका छन्। यसबाट सामुद्रिक स्रोतमा भुपरिवेष्ठित मुलुक नेपाल र भुटानले पनि आफ्नो अधिकार प्राप्त गर्न सक्छन्। सदस्य राष्ट्रहरूबीच प्राकृतिक सम्बन्ध छ।

# पर्यटक खोज, उद्धारसम्बन्धी कार्यविधि लागू

नेपाल समाचारपत्र

काठमाडौं

'पर्यटक खोज, उद्धार, उपचार तथा अनुगमन सम्बन्धी कार्यविधि २०७५' शुक्रबारबाट लागू भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीले उक्त कार्यविधिलाई स्वीकृत गर्नु भएसँगै लागू भएको हो।

मन्त्रालयले पर्यटक उद्धारमा भएको चरम लापरबाही र फेक रेक्स्यूलाई नियन्त्रण गर्नको लागि कार्यविधि बनाएको थियो। नेपालको पदयात्रा, जलयात्रा, पर्वतारोहण तथा सहासिक पर्यटनलाई व्यवस्थित गर्न मन्त्रालयले तयार पारेका कार्यविधि मन्त्री अधिकारीले शुक्रबारबाट लागू हुने गरी जारी गर्नु भएको हो।

पर्यटकलाई पर्न सक्ने प्राकृतिक वा अन्य विपत्तिबाट हुने प्रभावलाई न्यूनीकरण गरी खोज, उद्धार तथा उपचार कार्यलाई छिटोछरितो, सरल, सहज, व्यवस्थित, विश्वसनीय तथा सुरक्षित साथै यस्ता क्रियाकलापमा पर्यटकलाई पठाउने एजेन्सीलाई जिम्मेबार बनाउनको लागि यो कार्यविधि जारी गरिएको हो। अब पर्यटक तथा सहयोगी विपद्मा परेमा, हराएमा खोज्ने पहिलो दायित्व ट्राभल र ट्रेकिङ एजेन्सीको हुने भएको छ।

एजेन्सीले खोजी र उद्धार गर्न नसकेमा प्रहरीलाई अनिवार्य जानकारी गराउनुपर्ने कार्यविधिमा उल्लेख छ। यसका लागि पर्यटक प्रहरीमा टोल फ्रि नम्बर स्थापना गरी यसरी सो नम्बरमा आएको सूचनाको आधारमा उद्धार गर्ने छ। एजेन्सीको हकमा पर्यटक विभागबाट उद्धारको लागि अनुमति लिएका एजेन्सीले मात्र उद्धार गर्न पाउने छन्। एजेन्सीले पर्यटक उद्धार गरेको साधन, उद्धार लागत, उपचारार्थ लगिएको स्वास्थ संस्था एवम् पर्यटकको जानकारी पर्यटक प्रहरीमार्फत् पर्यटन विभागलाई जानकारी गराउनु कार्यविधिले व्यवस्था गरेको छ।

विदेशी कम्पनीको नेपाली एजेन्टले खोज, उद्धार तथा उपचारसम्बन्धी कममा संलग्न हुन भने अब पाउने छैनन्। विगतमा विदेशी बीमा कम्पनीका नेपाली एजेन्सी हावी हुँदा फेक रेक्स्यु लागि बढवा दिँदै आएका थिए, अब भने उनीहरूको संलग्नता कतै नहुने गरी कार्यविधिमा उल्लेख भएको शर्माको भनाइ छ।

उद्धारमा लागेको वायुसेवा कम्पनी वा हेलिकप्टरले प्रत्येक पर्यटकीय सिजन समाप्त भएको १५ दिनभित्र उद्धार उडानको विवरण दिनुपर्ने छ। स्वास्थ संस्थाले उपचार गरेको पर्यटक डिस्चार्ज भएको १५ दिनभित्र उपचार लागत विवरण दिनुपर्नेछ। साथै नेपाल नागरिक उड्डयन प्राधिकरण, वायुसेवा सञ्चालक संघ, बीमा कम्पनी तथा संघसंस्थासँग समन्वय गरी उडान समय, दूरी, उचाईका आधारमा भाडाको अधिकतम सीमा निर्धारण गरिने पनि कार्यविधिले तय गरेको छ।

कार्यविधिले उद्धारमा प्रयोग भएको हेलिकप्टर कम्पनीले तोकेको सेवा शुल्क लिन पाउने छन् साथै हस्पिटलबाट जारी भएको सच्चा बिल बिजकका आधारमा मात्र बीमा दाबी गर्न पाउने छन्। साथै सो बिल विजग विभाग तथा मन्त्रालयलमा उद्धार कम्पनीले बुझाउनुपर्ने शर्माले बताउनुभयो।



नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# च्याम्पियन्स लिगको ड्र सार्वजनिक




लन्डन, (एजेन्सी)

जारी सिजन २०१८/१९ का लागि यूरोपियन च्याम्पियन्स लिग ड्र सार्वजनिक भएको छ। बिहीबार राति सार्वजनिक गरिएको ड्र मा दुई समूहलाई ग्रुप अफ डेथका रूपमा हेरिएको छ। बार्सिलोना, टोटेनह्याम र इन्टर मिलान सम्मिलित समूह बी तथा पेरिस सेन्ट जर्मेन (पीएसजी), लिभरपुल र नेपोली सम्मिलित समूहलाई डेथ ग्रुप मानिएको छ।

| ड्र यस प्रकारको छः |
| --- |
| **समूह ए**: एट्लेटिको मेड्रिड, बोरूसिया डर्टमुन्ड, एएस मोनाको, क्लब ब्रुज। |
| **समूह बी**: बार्सिलोना, टोटेनह्याम हट्सपर, पीएसभी, इन्टर मिलान |
| **समूह सी**: पेरिस सेन्ट जर्मेन, नेपोली, लिभरपुल, रेड स्टार बेलग्रेड |
| **समूह डी**: लोकोमोटिभ मस्को, एफसी पोर्टो, एफसी साल्के, गालाटासारे |
| **समूह ई**: बायर्न म्युनिख, बेन्फिका, एएफसी आयाक्स, एथेन्स एफसी |
| **समूह एफ**: म्यानचेस्टर सिटी, शाख्तर डोनेस्क, लियोन, होफेनहाइम |
| **समूह जी**: रियल मेड्रिड, एएस रोमा, सीएसकेए मस्को, भिक्टोरिया प्लेजेन |
| **समूह एच**: युभेन्ट्स, म्यानचेस्टर युनाइटेड, भ्यालेन्सिया, योङ बोइज |

# मार्सल आर्टस्‌मा शून्य उपलब्धि

नेपाल समाचारपत्र

काठमाडौं

वैदेशिक प्रशिक्षणले खेलाडीको मनोबल उच्च राख्ने र नयाँ नयाँ प्रविधि सिक्न पाउने अवसर प्रदान गर्छ। नेपाली खेलाडीका लागि वैदेशिक प्रशिक्षण धेरै नै हुने पनि गर्छ। १८औं एसियाली खेलकुदका लागि नेपालले २९ खेलमा सहभागी जनाएको मध्ये १९ खेलका लागि वैदेशिक प्रशिक्षण दिइएको थियो। वैदेशिक प्रशिक्षणले गर्दा यसपटक पदकको ताँती नै लाग्नुपर्ने थियो। तर यसो भएन।

इन्डोनेसियामा जारी एसियाली खेलकुदमा नेपाललाई सबैभन्दा ठूलो झट्का मार्सल आर्टस्‌ले दियो। कराँते, तेक्वान्दो, उसु र जुडोजस्ता खेलमा नेपाली खेलाडीको प्रदर्शनमाथि उठ्न सकेन। कराँते र तेक्वान्दोले त विगतमा एसियाली खेलकुदमा पदक दिलाएकै हो। यसपटक इन्डोनेसियामा यी दुबै खेलबाट पदक आएन। कराँतेका दुई खेलाडी चञ्चला दनुवार र अनु अधिकारी कांस्य निकट पुगेका थिए। तर उनीहरूले सो अवसरलाई सदुपयोग गर्न सकेनन्।


फाइल फोटो।

१९८६ देखि अहिलेसम्मको तुलना गर्ने हो भने नेपाली खेलकुदका लागि यो एसियाली खेलकुदलाई सबैभन्दा असफलको रूपमा हेर्न करै लाग्छ। राखेप सदस्यसचिव केशबकुमार विष्टले रहर गरी अत्यधिक संख्या खेलमा सहभागिता जनाउन स्वीकृत दिनुभयो। उहाँले आफ्नो काललाई स्वर्णिम काल भनिरहँदा नेपाली खेलाडीहरूले इन्डोनेसियामा सबैभन्दा निराशजनक प्रदर्शन गरे। धन्य एडभेन्चर खेल पाराग्लाइडिङबाट एउटा रजत पदक चाहिँ हात पारियो। यसको बाबजुद यो एसियाली खेलकुद नेपाली खेलकुदका लागि उपलब्धिविहीन सावित भएको छ।

नेपाल जुडो संघले एसियाली खेलकुदमा सहभागी हुने आफ्ना ८ खेलाडीलाई वैदेशिक प्रशिक्षण दिनेमा धेरै ध्यान दिइएको थियो। सो खेलकुद आयोजना हुनुअगाडि थाइल्यान्डको बैंककमा सम्पन्न जुडो च्याम्पियनसिपमा फुपु ल्हामु खत्रीबाहेक अन्य ७ खेलाडीलाई सहभागिता गराएको थियो। उनीहरूले राम्रै प्रदर्शन गरेका थिए। यहाँपछि हंगेरीको राजधानी बुडापेस्टमा भएको जुडो च्याम्पियनसिपमा समेत उनीहरूलाई प्रशिक्षणकै लागि पठाइयो।

तर बैंकक, बुडापेस्ट हुँदै जकार्ता पुगेका ७ खेलाडी तथा जापानबाट सीधै जकार्ता पुगेका फुपुले नेपाललाई पदक दिलाउन असफल भए। सन् १९८६ सोल एसियाली खेलकुददेखि नेपालले जुडोमा सहभागिता जनाएको थियो। ३२ वर्षको लामो सहभागितामा जुडोले अहिलेसम्म प्रगति गर्न सकेको छैन। तेक्वान्दो, उसु र कराँतेमा पदक जित्न नसकेपछि जुडोबाट पदक आउने नेपालले आस गरेको थियो।

फुपुलाई जापानमा विशेष प्रशिक्षण दिइएको थियो। जापानमा बसेर प्रशिक्षण लिएकी फुपु यसअघि ललितपुरमै भएको दक्षिण एसियाली जुडो च्याम्पियनसिपमा समेत स्वर्ण जित्नबाट वञ्चित भएकी थिइन्। उनले २०१४ ब्राजिल ओलम्पिकमा पनि भाग लिएकी थिइन्। उनले जुडो खेलेको करिब एक दशक भइसकेको छ। भारतमा सम्पन्न १२औं दक्षिण एसियाली खेलकुदमा स्वर्ण जित्नु नै उनको अहिलेसम्मको ठूलो पदक हो।

## धरहरा

# छि ! काठमाडौं



धेरै काम गर्ने भनेर गुड्डी हाक्दै गएको निर्वाचनमा बहुमत प्राप्त गरेको सरकारको पारा हेर्दा यो मुलुक उभो होइन उँधोतिर जाला भन्ने चिन्ता धरहरालाई लाग्न थालेको छ। कुनि के मुलक बनाउने ध्वाँस दिने प्रधानमन्त्रीको पारा देखेर धरहरा पनि तीन छक पर्न थाल्या छ भन्या। स्वर्गकी परीजस्ती काठमाडौंलाई पुतना बनाउने खेलमा सरकार लागेको देखेर पनि अचम्ममा पर्नुपर्ने अवस्था सिर्जना भएको छ। खैरेहरूले ब्युटिफुल काठमाडौं भन्ने बिगतको भनाइ अब एकादेशको कथामा परिणत हुन थाल्या छ। बिहारीले समेत काठमाडौंलाई छि काठमाडौं भन्दा पनि सरकार कानमा तेल हालेर बसेको छ। दुई महिनादेखि काठमाडौंका सडक गल्लीका फोहर उठ्न सकेको छैन। ओखरपौवा भरियो, बाटो बिग्रियो भनेर काठमाडौं महानगरपालिकाले भन्न थालेको पनि महिनौ बितिसक्यो सरकार अर्को विकल्प पनि दिन नसक्ने अनि बाटोघाटो बनाउन सहयोग पनि नगर्ने राणनीतिमा तल्लीन छ। यो पाराले मुलुकमा समृद्धि आउला त प्रधानमन्त्रीज्यू ? जोकरले जस्तो भाषण दिने तर सिन्को नभाच्ने तपाईंको शैली देखेर धरहरा पनि तपाईंकै शैली अपनाउने कोशिसमा छ। आगे प्रधानमन्त्रीज्यूको मर्जी।

# मोड्रिच यूईएफा वर्ष खेलाडी

लन्डन, (एजेन्सी)

युभेन्टसका क्रिस्टियानो रोनाल्डो र लिभरपुलका मोहमद सलाहलाई पछि पार्दै लुका मोड्रिच यूरोपका सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्।

बिहीबार मोनाकोमा च्याम्पियन्स लिगको ड्र सार्वजनिक गरिएको कार्यक्रममा मोड्रिचलाई यूईएफा वर्षको सर्वोत्कृष्ट खेलाडी घोषित गरिएको हो। क्रोएसियाको कप्तान एवं रियल मेड्रिडका मिडफिल्डर मोड्रिचले पूर्व सहकर्मी रोनाल्डो र सलाहलाई पछाडी पारेका हुन्।

रियललाई लगातार तेस्रो च्याम्पियन्स लिग उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका उनले क्रोएसियालाई फिफा विश्वकपको फाइनलमा पुऱ्याएका थिए। उनले विश्वकपमा व्यक्तिगत रूपमा पनि उत्कृष्ट प्रदर्शन गर्दै गोल्डेन बल हात पारेका थिए।

खेलाडी छनोट क्रममा मतदान हुँदा मोड्रिचले ३ सय १३ मत पाएका थिए। उनले रोनाल्डोभन्दा ९० मत बढी पाए। रोनाल्डोले रियलका लागि गत सिजनमा ४४ खेल खेलेर ४४ नै गोल गरेका थिए। लिभरपुलमा गत सिजन उत्कृष्ट प्रदर्शन गर्दै प्रिमियर लिगको गोल्डेन बुट जितेका सलाहले १ सय ३४ अंक हासिल गरेका थिए।

**रोनाल्डो उत्कृष्ट फरवार्ड**

क्रिस्टियानो रोनाल्डो युईएफा उत्कृष्ट खेलाडी हुन नसके पनि यूरोपका उत्कृष्ट फरवार्ड घोषित भएका छन्। रोनाल्डोले बार्सिलोनाका लियोनल मेसी र मोहमद सलाहलाई उछिन्दै युरोपको उत्कृष्ट फरवार्डको उपाधि जितेका हुन्। उनले उत्कृष्ट फरवार्डका लागि भएको मतदानमा २ सय ८७ अंक हासिल गरे। दोस्रो स्थानका सलाहले २ सय १८ अंक जोडेका थिए। तेस्रो स्थानका मेसीले भने ४३ अंक मात्रै पाएका थिए।



गत सिजन स्पेनिस ला लिगा क्लब रियल मेड्रिडलाई लगातार तेस्रो पटक च्याम्पियन्स लिग उपाधि दिलाउँदा रोनाल्डोको भूमिका महत्त्वपूर्ण बनेको थियो। उनले रियलसँग रहेर च्याम्पियन्स लिगसँगै यूईएफए सुपर कप, स्पेनिस सुपर कप र क्लब विश्वकप पनि जितेका थिए।

**नाभास उत्कृष्ट गोलरक्षक**

कोस्टारिकाका तथा रियल मेड्रिडका गोलरक्षक केयलोर नाभास उत्कृष्ट गोलरक्षक चुनिए। उनले ब्राजिलका गोलरक्षक एलिसन बेकर र इटालियन गोलरक्षक गियानलुइगी बुफोनलाई पछाडी पारे। मेड्रिडलाई लगातार तेस्रो पटक च्याम्पियन्स लिग उपाधि दिलाउन नाभासले महत्त्वपूर्ण भूमिका खेलेका थिए। नाभासले रक्षात्मक रूपमा बलियो प्रस्तुति दिएपछि विपक्षी आक्रमण विफल पार्न रियललाई सहज भएको थियो। च्याम्पियन्स लिगका ११ खेल खेल्ने क्रममा उनले १३ गोल मात्र बेहोरेका थिए। त्यसक्रममा २ क्लिनसिट पनि उनको नाममा रहयो। उनले रियलसँग रहेर च्याम्पियन्स लिगसँगै यूईएफए सुपर कप, स्पेनिस सुपर कप र फिफा क्लब विश्वकप पनि जितेका थिए।

नाभासले मतदानमा २ सय २२ अंक हासिल गर्दा दोस्रो स्थानमा रहेका बेकरले १ सय ९७ अंक जोडेका थिए। उनले गत सिजन एएस रोमाबाट खेलेका थिए। तेस्रो स्थानका बुफोनको ९२ तथा चौथो स्थानका मार्क आन्देर टेर स्टेगनले ४७ अंक मात्र रहेको थियो।

**रामोस उत्कृष्ट डिफेन्डर**

स्पेन तथा रियलका कप्तान सर्जियो रामोस उत्कृष्ट डिफेन्डर घोषित भए। रामोसले आफ्नै क्लबबाट खेल्दै आएका राफेल भराने र मार्सेलोको चुनौती पन्छाउँदै उपाधि जितेका हुन्। रामोसले मतदानका क्रममा १ सय ८४ अंक जोडेका थिए। दोस्रो स्थान हासिल गरेका भरानेले १ सय ६७ अंक जोडे भने तेस्रो स्थानका मार्सेलोले १ सय ४५ अंक प्राप्त गरे।

मतदानका लागि युरोपभरिका ८० क्लबका प्रशिक्षक, यूरोपेली फुटबल महासंघका सदस्य र सदस्य राष्ट्का पत्रकार सबैले उत्कृष्ट तीन खेलाडी चुन्ने प्रावधान रहेको छ।

# सेन्चुरी बैंकलाई लगातार दोस्रो उपाधि

नेपाल समाचारपत्र

काठमाडौं




पाँचौं अल्टिमेट इन्डोर कर्पोरेट क्रिकेटको उपाधि सेन्चुरी बैंकले जितेको छ। कोटेश्वरस्थित अल्टिमेट इन्डोर क्रिकेटमा सम्पन्न फाइनल खेलमा श्री एअरलायन्सलाई १ सय ९ रनले पराजित गर्दै सेन्चुरीले लगातार दोस्रोपटक उपाधि हात पारेको हो।

फाइनल खेलमा टस जितेर ब्याटिङ गर्ने निर्णय गरेको श्रीले निर्धारित १८ ओभरमा ८० रन बनाएको थियो। श्रीका लागि सचिन श्रेष्ठले सर्वाधिक १९ रन बनाए भने बलिङतर्फ सेन्चुरीका सुरज तिमिल्सिना र रञ्जन खड्गीले समान ३/३ विकेट लिए।

८१ रनको लक्ष्य पछ्याउने क्रममा सेन्चुरीले १ सय ८९ रन बनाउँदै खेल सहजै जित्यो। सेन्चुरीका लागि राजन खड्गीले सर्वाधिक ४४ रन तथा सुरज तिमल्सिनाले ४० रन बनाए।

# मन्त्रीद्वारा खेलकुद पूर्वाधार निरीक्षण

काठमाडौं, (नेस)

युवा तथा खेलकुद मन्त्री जगत्बहादुर सुनार (विक)ले शुक्रबार खेलकुद पूर्वाधारको निरीक्षण गरेका छन्।

यसै वर्ष फागुनमा आयोजना हुने १३औं दक्षिण एसियाली खेलकुद समयमै सफलतापूर्वक सम्पन्न गर्नका लागि खेलकुद पूर्वाधारका बारेमा जानकारी लिन पूर्वाधार निर्माण भइरहेको त्रिपुरेश्वर, सातदोबाटो र च्यासलको निरीक्षण गरेका थिए। निरीक्षणका क्रममा युवा तथा खेलकुद सचिव र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशवकुमार विष्टको समेत उपस्थिति रहेको थियो।

पूर्वाधारको निरीक्षण गर्दै युवा तथा खेलकुद मन्त्री विकले समयमै पूर्वाधार सम्पन्न गर्न निर्देशन दिए।

# पिस प्वाइन्टकप आइतबारदेखि

काठमाडौं, (नेस)

पिस प्वाइन्ट स्कुलको आयोजनमा तेस्रो पिस प्वाइन्ट कप फुटबल प्रतियोगिता २०७५ आइतबारदेखि आयोजना हुने भएको छ।

विभिन्न स्कुलका र विद्यार्थीहरूका बीच मित्रताको भावना विकास गर्दै खेलाडीहरूमा रहेको अन्तरनिहीत प्रतिभा प्रष्फुटन गर्ने र भ्रातृत्वको भावना मजबुत गर्ने प्रतियोगिताको मुख्य उद्देश्य रहेको पिस प्वाइन्ट स्कुलका प्रिन्सिपल ईसु गुरुङद्वारा जारी विज्ञप्तीमा जनाइएको छ।

नक्सालस्थित सानो गौचरणमा २३ गतेसम्म नकआउटका आधारमा हुने प्रतियोगितामा छात्रतर्फ २८ र छात्रातर्फ ६ स्कुलले प्रतिस्पर्धा जनाउनेछन्। छात्रतर्फ विजयी टिमले नगद १५ हजार पुरस्कारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। दोस्रोले ७ र तेस्रोले ५ हजार तथा छात्रातर्फ प्रथम, द्वितीय र तृतीयले क्रमशः १० हजार, ७ हजार र ५ हजार प्राप्त गर्नेछन्।

# जेभियर ए र बी अन्तिम चारमा

काठमाडौं, (नेस)

आयोजकको जेभियर इन्टरनेसनल ए र बी टिम छैटौं जेभियर इन्टरनेसनल यु-१९ तथा दोस्रो जेभियर ए लेभल थ्री अन थ्री बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ अन्तिम चारमा प्रवेश गरेको छ।

आयोजक जेभियर इन्टरनेसनल ए ले शुक्रबार सम्पन्न क्वार्टरफाइनल खेलमा न्यू समिटमाथि ६४–४३ अंकको विजय पायो। ए को जितमा निकेश मगरले १८ अंक जोडे। आयोजक जेभियर बीले गोल्डेन गेटलाई ४९–४१ अंकले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको हो। जेभियरको जितमा रिकेश प्रधानले १५ अंकको योगदान रह्यो। यस्तै सेमिफाइनलमा प्रवेश गर्ने क्रममा समृद्धि गोरिल्लाजले प्रज्वल महर्जनको १४ अंकको मद्दतले एलए माथि ६०–३१ ले पराजित गऱ्यो। अब हुने सेमिफाइनलमा जेभियर ए ले समृद्धि गोरिल्लाजको सामना गर्नेछ। यस्तै अर्को सेमिफाइनलमा जेभियर बि ले शनिबार हुने सीसीआरसी र टाइम्सबीचको विजेतासंग प्रतिस्पर्धा गर्नेछ।

गर्ल्सतर्फ जेभियर इन्टरनेसनल र साइपालबीच उपाधिका लागि भिडन्त हुनेछ। जेभियर इन्टरनेसनलको आयोजनामा भएको प्रतियोगिताको ए लेभल थ्री वाई थ्री प्रतियोगितामा मल्पी इन्स्टिच्युटको ए र बी दुवै टिम सेमिफाइनलमा स्थान बनाउन सफल भए। मल्पी इन्स्टिच्युट ए ले आयोजक जेभियर ए लाई १५।९ ले तथा एस एकेडेमीलाई १३।११ले पराजित गर्दै सेमिमा स्थान बनाएको हो।

# डिबाला रियल मेड्रिडमा

लन्डन, (एजेन्सी)



ला लिगा क्लब रियल मेड्रिडले युभेन्ट्सका स्ट्राइकर पाउलो डिबालालाई अनुबन्ध गर्न १ सय ८० मिलियन युरो तिर्न सहमत भएको छ।

फ्लोरेन्टिनो पेरेज ट्रान्सफर विन्डोज सकिने लाग्दा मोटो रकममा खेलाडी अनुबन्ध गर्दै बाजी मारेका छन्। क्लबले जनाएअनुसार डिबालाको युभेन्ट्स प्रबन्धक मासिमिलिनो एलेग्रिसँग सम्बन्ध नराम्रो रहेको छ। फरवार्ड डिबालालाई रियलमा क्रिस्टियानो रोनाल्डोले लगाउने ७ नम्बर अंकित जर्सी लगाउने पनि बताइएको छ। मिडियाले जनाए अनुसार उनीहरूले रोनाल्डोको रिक्त स्थानमा डिबालालाई ल्याएको छ।

डिबाला एक आधुनिक खेलाडीमध्येका एक हुन्। उनमा युरोपका कुनै पनि टिमका लागि शीर्ष स्ट्राइकर हुन सक्ने क्षमता छ। यतिखेर २४ वर्षीय डिबाला म्यानचेस्टर युनाइटेड र रियलको नजरमा परेका छन्। उनी पालेर्मोबाट २०१५ मा युभेन्ट्स पुगेका थिए। डिबाला विश्वको शीर्ष खेलाडीमध्येका एक हुन्। उनले पछिल्लो वर्ष युभेन्ट्सका लागि असाधारण फुटबल खेलेर आफूलाई साबित गरिसकेका छन्। गत सिजनको सिरी-ए मा उनले ३३ खेल खेल्दै २२ गोल र ५ असिस्ट गरेका थिए।

# बजनीयाकी पराजित

न्युयोर्क, (एजेन्सी)



अस्ट्रेलियन ओपन विजेता कारोलीन बजनीयाकी युएस ओपनअन्तर्गत दोस्रो चरणबाट बाहिरिएकी छन्।

युक्रेनकी लेसिया टिसुरेन्कोले डेनिस खेलाडीलाई ६-४, ६-२ ले हराएकी हुन्। यो सँगै वर्षको अन्तिम ग्रान्डस्लामबाट दुई शीर्ष खेलाडी पराजित भएका छन्। यसअघि विश्व नम्बर एक महिला खेलाडी सिमोना हालेप पहिलो चरणबाट बाहिरिएकी थिइन्।

विम्बल्डन विजेता एन्जेलिक केर्बर भने सम्भावित हारलाई टार्दै तेस्रो चरणमा पुगिन्। उनले स्विडेनकी योहाना लार्सनलाई ६-२, ५-७, ६-४ ले पन्छाएकी थिइन्। उनको सामना स्लोभाकियाकी डोमिनिका सिबुल्कोभासँग हुनेछ। सिबुल्कोभाले कोर्टमा ढिलो फर्केर दुई अंक गुमाउन पुगे पनि ताइवानकी हसिह सु बेईलाई ७-६, ४-६, ६-४ ले पराजित गर्न सफल भइन्। न्युयोर्कमा चर्को तापमानका कारण खेलाडीलाई १० मिनेटको हिट ब्रेक दिइएको छ।

पुरुष सिंगल्सतर्फ रोजर फेडेररले दोस्रो चरण सहजै पार गरेका थिए। कीर्तिमानी छैटो युएस ओपन जित्नेतिर अग्रसर रहेका फेडेररले फ्रान्सका बेनोइट पाइरेलाई ७-५, ६-४, ६-४ ले हराएका थिए। पाइरेसँग यो स्विस खेलाडीको छैटौं भेट थियो र अहिलेसम्म उनीसँग हारेका छैनन्। फेडेररले तेस्रो चरणमा अस्ट्रेलियाका निक किर्गियोससँग खेल्नेछन्।

पुरुष सिंगल्सतर्फ वर्चश्व बनाएका फेडेररले युएस ओपनमा २००४ र २००८ बीच लगातार पाँचपटक उपाधि जितेका थिए। २००९ मा उनी अर्जेन्टिनाका हुआन मार्टिन डेल पोट्रोसँग हारेका थिए। यसपछि नोभाक जोकोभिचसँग सन् २०१५ मा उनी पराजित भए। अहिले उनी युएस ओपनमा पुन धाक जमाउने लक्ष्यमा रहेको बताउँछन्।

कामना न्युज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ